जो चाहिन्छ, त्यसले गर्दा ठूलोखाले व्यापारीलाई अहिले खुदो छ भन्ने भनाइ पनि बेपत्यारको छैन । आर्थिक नीति नियममा व्यापारीको हात राजनीतिको भन्दा लामो बनिरहेको व्यवहारमा देखिएकै छ । फेरि सरकार स्वयंको मातहतका सेवा र वस्तुहरूको मूल्य पनि सरकारले अनपेक्षित ढङ्गले बढाउँदै लगेको छ । त्यसैले हर वस्तुको हर सेवाको जो धनी हो उसले मौका हेरेर जति सके भाउ बढाउने एक प्रकारले होडै चलेको छ र उपभोक्ता पिसिएका पिसिएकै छन् । राजनीतिक दलहरूले अक्कासिँदो महँगी नियन्त्रण गर भनी नारा त दिन्छन् तर आफू सत्तामा जानासाथ महँगीको नारा बिर्सन्छन् ।

यस्तै छ– बजार भाउ अकासिँदै छ, जनताको गुनासो गुनासोमै सीमित छ । बजारको नियन्त्रण गर्ने गराउनेतर्फ कसैको पनि सोच विचार छैन ।

# माओवादीको जनयुद्ध

१८ फागुन २०५२

पूर्वमा सिन्धुपाल्चोक, बीचमा गोर्खा र पश्चिममा रुकुम, रोल्पा, आदि जिल्लाहरूमा नेपाल कम्युनिष्ट पार्टी माओवादीले 'जनयुद्ध' आरम्भ गरको कुरा छापाहरूमा प्रकाशित छन् । प्रहरीसँगको भीडन्तमा ६ जना माओवादी मारिएको समाचार सुनियो । माओवादीहरूले आफ्नो घोषित 'जनयुद्ध' गुरिल्ला शैलीमा चलाउन कार्यकर्ता तयार गरेको, उनीहरूलाई तालिम र अस्त्रशस्त्रले सज्जित गरेको पनि प्रचारमा आएको छ । रुकुमको सदरमुकाम मुसीकोटदेखि ७ घण्टाको बाटोमा पर्ने पीपलकोट गाविस अध्यक्षका भाइ शिक्षक नरजीत बस्नेतको हात, खुट्टा माओवादीले काटिदिएका छन्, गोर्खामा साना किसान विकास आयोजना र कृषि विकास बैंकको कार्यालयमा आगो लगाए । त्यस्तै कास्कीको हंसपुरको बेसीमा नवीनबाबु पौडेलको टौवा जलाइदिएर खेतमा पसाउँदै गरेको गहुँवाली उखेलिदिएको समाचार आएको छ । उनीहरू यस्तै काम एक्लै दुक्लै हाकाहाकी होइन जत्था जत्थामा रातको बेला पारेर बाटो दफनेर गरिरहेका कुरा समाचार पढ्दा थाहा हुन्छ । यिनै कामहरूलाई माओवादीहरूले 'जनयुद्ध' भनेका र यो दीर्घकालीन भएको जानकारी दिएका छन् भनी छापाहरूले दिएका छन् ।

भनिन्छ नेकपा माओवादीहरूले यी कामहरू वर्ग सङ्घर्ष चर्काउन गरेका हुन् । वर्ग सङ्घर्ष चर्किएपछि शासन सत्ता कमजोर हुन्छ र त्यसलाई कब्जा गरेर जनवाद स्थापित गर्न सकिन्छ र जनवादबाट मात्र समाजमा आमूल परिवर्तन आउँछ भन्ने उनीहरूको विश्वास छ ।

जनवाद, वर्ग सङ्घर्ष र आमूल परिवर्तन भन्ने कुरा सबैजसो कम्युनिष्ट साहित्यमा पाइने शब्दावली हुन् । यी कुरा जनताले कति बुझ्दछन् र बुझेका छन् भन्न सकिँदैन । दुनियाँमा कम्युनिष्ट शासन सर्वप्रथम लागू भएको देश रुस हो । रुसलाई गुरु मानेर पूर्वी यूरोपका कैयौं देशहरू कम्युनिज्मको प्रवाहमा बगेका थिए । त्यहीँबाट एशियामा पनि कम्युनिज्म आएको हो । तर अब यूरोपमा कम्युनिष्ट सत्ता धरासायी भइसकेको छ र कमरेड माओको देश चीनमा पनि माओवादको सट्टा खुला अर्थतन्त्रले आफ्नो जग मजबूत बनाइसकेको छ ।



नेपाली जनता शान्तिप्रिय छन् । हिंसा, हत्याको आतङ्कले जनतालाई तर्साएर कब्जामा लिने कुरा दुःस्वप्न जस्तै लाग्दछ । आज प्रजातन्त्रले मानिसलाई खुला वातावरण दिएको छ र स्वतन्त्रता दिएको छ । खुला स्वतन्त्रताको वातावरणमा आतङ्कको कुनै स्थान छैन । यो आतङ्कले तत्काल शान्ति सुरक्षाको स्थितिमा प्रतिकूल प्रभाव पारे पनि त्यसैले सरकारलाई दमनका निमित्त बल पुर्‍याउँछ । जनताको ज्युधनको सुरक्षाको जिम्मेदारी राज्यको हो र त्यो जिम्मेदारी निर्वाह गर्दा कथित 'जनयुद्ध'का गुरिल्लाहरूले जनताको सहानुभूति पाउने छैनन् । विना जनताको समर्थन र सहानुभूतिको 'जनयुद्ध' देशको बरबादी हो । जनताको अमनचैनलाई दखल दिने देशको बरबादी गर्ने यस प्रकारका हरकतको जनताले निन्दा गर्नेछन् । आतङ्कको भूमिमा जनवाद कसरी अङ्कुरित होला खै ?

# आवश्यकता छ उत्तरदायी प्रवृत्तिको

२१ फागुन २०५२

दैनन्दिन उपभोगका वस्तुहरू र सेवाहरू तथा भैपरि आउने व्यवहारका काम कुराहरू कतिपय मोफसलका सरकारी कार्यालय र सार्वजनिक प्रतिष्ठानका जिल्ला स्थित कार्यालयसँग सम्बन्धित हुन्छन् । त्यस्ता कार्यालयहरूसँग सम्बन्धित वस्तु, सेवा र कामका कुराहरूमा जनसाधारणले त्वरित सम्पूर्ति वा सेवाको अपेक्षा राखेको हुन्छ । जनताको खाँचोका सेवा र वस्तुहरू सुपथ र सुलभ होऊन् भन्ने सामाजिक सार्वजनिक अपेक्षाको पनि विषय हो । किन्तु अपेक्षित ढङ्गले ती आपूर्ति एवं सेवा सञ्चालित भइनरहेको अनुभव समाजमा नित्य सुन्नु पर्ने गुनासाहरूले दिने गर्दछन् ।

यस्ता गुनासाहरू किन हुन्छन् ? यो एउटा सोचनीय प्रश्न हो । यसको पछाडि जो कारण हुन सक्तछ त्यसमा गुनासो गर्नेहरू पनि निर्दोष हुन्छन् भन्न सकिँदैन । आफूले भने जस्तो नभए दोष दिने प्रवृत्ति सामान्यतः बहुसङ्ख्यक मानिसहरूमा नपाइने होइन । तर गुनासोको जो व्यापकता छ त्यसले जिम्मेदारीमा बस्नेहरू पनि सदोष देखिन्छन् । यस्तो दोषी देखिनुमा पनि २-३ प्रमुख कारण पाउन सकिन्छ । पहिलो कुरा त सेवा या वस्तु प्राप्त गर्न चाहने जनताले आफ्नो मागलाई रीतपूर्वक पेश नगरेको हुन सक्छ वा आवश्यक मागको अङ्ग नपुगेको हुन सक्छ । दोस्रो हो सेवा या वस्तु आपूर्तिको जिम्मेदारी लिएर बस्ने हाकिम कारिन्दाको जिम्मेदारी या जनताप्रतिको लापर्वाही र तेस्रो हो अनुचित लाभको अपेक्षा गर्नु । यी जुनसुकै कारण भए पनि त्यसलाई उत्तरदायी प्रवृत्ति भन्न सकिँदैन । खानेपानी, टेलिफोन, बिजुली जस्ता अत्यावश्यक सेवामा सानो-तिनो शिकायत सुधार–जो सम्बन्धित कार्यालयले नै गरिदिनु पर्दछ–को सम्बन्धमा सम्बन्धित ठाउँमा जाहेरी गर्‍यो पर्‍यो, हाकिमलाई भन्यो सुधार हुन साता दश दिन प्रतीक्षा गर्नुपर्ने हुन्छ, जबकि शिकायत आउनासाथ सुधार हुनु पर्दथ्यो । जनतालाई समयमा नभइदिँदा कष्ट हुन्छ भने सरकारलाई नोक्सान हुन्छ । जनतालाई कष्ट पुर्‍याउनु सरकारलाई नोक्सान पुर्‍याउँनु दुवै अनुत्तरदायी प्रवृत्तिको परिचायक हुन् ।

'राजाको काम कहिले जाला घाम' भन्ने वा काँक्रालाई थाँक्रो दियो भने थाँक्रै धनी भने जस्तो अनुत्तरदायी प्रवृत्ति आज आम सार्वजनिक क्षेत्रमा विद्यमान छ । हरेक काममा हरेक मानिस आफूलाई फायदा खोज्दछ, सुविधा खोज्दछ, सजिलो खोज्दछ ।

सुविधा छैन, असजिलो छ, निजी फायदा हुँदैन भने त्यसबाट देश र समाजलाई जतिसुकै हित हुने होस्, लाभ हुने होस् कुनै पर्वाह गरिँदैन । योभन्दा दुःखद दुर्भाग्यको स्थिति के हुन्छ ? कर्मचारी मात्र होइन, जनसेवाको ढ्वाङ फुक्ने कथित जनप्रतिनिधिहरूमा समेत यो प्रवृत्ति रहेको पाइन्छ । यो प्रवृत्तिको सबै क्षेत्रबाट निन्दा हुनु पर्दछ । आजका आवश्यकता हो उत्तरदायी प्रवृत्तिको । उत्तरदायी प्रवृत्तिलाई हरतरहले प्रोत्साहित गर्नुपर्ने आज खाँचो छ ।

# पोखरा पर्यटन विकास - १

२३ फागुन २०५२

नेपालकै आर्थिक विकासमा पर्यटनको महत्वपूर्ण भूमिका हुने कुरा निर्विवाद रूपमा स्वीकार गरिएको छ । पर्यटन विकासका दृष्टिले अरू पनि महत्वपूर्ण ठाउँहरू हुन सक्तछन् । तर अहिलेसम्म साँस्कृतिक सम्पदाको दृष्टिले राजधानी काठमाण्डू, प्राकृतिक सुरम्यताको दृष्टिले पोखरा र धार्मिक तीर्थको रूपमा लुम्बिनी पर्यटकीय महत्वका ठाउँहरूको रूपमा प्रसिद्धि पाएका छन् । पर्यटकीय महत्वका दृष्टिले यिनको विकास, संरक्षण, संवर्द्धनमा हुनुपर्ने र भएका प्रयासहरूले पर्यटनको क्षेत्रमा संलग्न मानिसहरू सन्तुष्ट देखिँदैनन् ।

गएको सन् १९९५ मा ६३ हजार ७८२ पर्यटकहरू पोखरा आए । यो सङ्ख्या गत वर्षकोभन्दा ७.१८ प्रतिशतले बढी हो भनी बताइएको छ । यो सङ्ख्यामा भारतीय पर्यटकहरूको सङ्ख्या सम्मिलित छैन । सङ्ख्या वृद्धिमान देखिए तापनि प्रचारमा यसले जो महत्व दिइरहेको छ, तदनुरूप प्रगति सन्तोषजनक देखिँदैन ।

पर्यटनको विकास भन्नु यहाँ आउने पर्यटकहरूको सङ्ख्यामा वृद्धि हुनु हो । पर्यटक तान्ने पोखराको खूबी भनेको हिमालयको दृश्य नै मुख्य हो । यसको प्राकृतिक सुषमा र ताल तलाउलाई पनि हामी सहायक तत्वको रूपमा लिन सक्तछौं । वातावरणीय स्वच्छता, औद्योगिक कोलाहल र कृत्रिमताको अभाव पनि प्रकृति प्रेमीहरूका लागि आकर्षणको विषय बन्न सक्तछन् ।

यी सबैअतिरिक्त शान्ति सुरक्षाको राम्रो स्थिति, पर्यटकलाई चाहिने सुख-सुविधाको उपलब्धता र उनीहरूप्रति पर्यटन क्षेत्रसँग सम्बद्ध मानिसहरूको व्यवहारको शिष्टता र भद्रताले अत्यन्त महत्व राख्दछन् । यो हिसाबले हेर्दा पर्यटनको विकास निम्ति यहाँ धेरै कुरा गर्नुपर्ने देखिन्छ । राजनीतिक नेताहरू, पर्यटन व्यवसायीहरू र सरकार सबै पर्यटन विकासको महत्व बखानेर थाकेका देखिँदैनन् । तर सरकारको तर्फबाट अख्तियार गरिनु पर्ने नीति, कार्यक्रम र आवश्यक बजेटको व्यवस्था पर्याप्त हुन नसकेको गुनासो पर्यटन व्यवसायीहरू गर्दछन् । बाहिर देख्दा पनि पर्यटनको विकास समयको चुनौतीअनुरूप द्रुत गतिमा गएको पाइन्न । एशियाली विकास बैंकको सहयोगमा पर्यटन पूर्वाधारको विकास योजना भनेर केही काम शुरु भएको बताइन्छ । साथै पर्यटन प्रशिक्षण प्रतिष्ठानको निर्माण पनि हुँदैछ । गैरसरकारी संस्था र निजी व्यवसायीहरू पनि पर्यटनको विकास निम्ति चिन्तित र क्रियाशील भेटिन्छन् । तर योजनाबद्ध ढङ्गले पर्यटनको द्रुत विकास निम्ति ठोस प्रयासहरू भएको कमै पाइन्छ । त्यसैले स्थानीय निकायका प्रमुखहरू,



सांसदहरू, सङ्घ-संस्थाहरूको समवेत स्वरमा पर्यटन विकासनिम्ति आवाज उठ्दै रहनुपर्ने आजको खाँचो हो ।

# पोखरा पर्यटन विकास - २

२४ फागुन २०५२

नेपालका पर्यटकीय स्थलमा राजधानी काठमाण्डू पहिलो छ भने दोस्रोमा पोखरा नै छ । एउटा सिङ्गै देशको राजधानी भएको कारण देश विदेशका मानिसका लागि त्यो त्यसै पनि आकर्षणको केन्द्र हुन्थ्यो भने विश्वका ज्योतिर्मठमा गनिने पशुपतिनाथको मन्दिर भएको र नेपाली कला र संस्कृतिको केन्द्र भएकोले काठमाण्डू पहिलो नै भयो । त्यसपछि अन्नपूर्णा, धौलागिरी र माछापुच्छ्रे हिमालय-शिखर-शृङ्खलाका नयनाभिराम दृश्यावली र हरियालीयुक्त पहाडी प्रकृत सुषमाले आभूषित, प्राकृतिक सरोवरहरूले सुशोभित हुनुले पोखरा पनि प्रकृतिको वैभवबाट आनन्द लिन खोज्नेहरूका लागि अद्वितीय नै छ भन्नु पर्दछ । पोखरा निवासीले प्रकृतिको वरदान बनेको पोखराको रूप-गुणबाट फायदा लिने हो भने यसको पर्यटकीय महत्तालाई बुझेर तदनुकूल यसको विकासका लागि प्रयत्नशील हुनु जरुरी छ ।

पोखरामा पोखरा हेर्न र अन्नपूर्णा, धवलागिरी क्षेत्रको पदयात्रा गर्न पर्यटकहरू आउँछन् । उनीहरूको यहाँको बसाइ लामो होस्, आनन्दपूर्ण होस्, आरामदायी होस् भन्ने हिसाबले पर्यटनको विकास चाहँदा सोच्नु पर्ने हुन्छ । उनीहरूको रुचि र खाँचो पूरा गर्नेभन्दा स्थानीय बासिन्दाले आफ्नो सामाजिक, आर्थिक, धार्मिक चलन व्यवहारलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । पैसाका निम्ति सामाजिक मूल्य र मर्यादामा आघात पुग्ने कुरा गरिनु हुँदैन । नेपालीहरूमा एक प्रकारको लघुताबोध छ– यूरोपेली अमेरिकेलीलाई आफूभन्दा बढी सभ्य सुसंस्कृत ठाने । उनीहरूको सिको गर्न आइतबार पर्खनु पर्दैन, मन लाग्यो कि गरिदियो । सिको गर्दा नराम्रा कुराको सिको चाँडो हुन्छ । यहाँ लागू पदार्थको दुर्व्यसन थिएन, हिप्पीहरूको सिको गरेर यहाँ त्यसको दुर्व्यसन बढेको भनिन्छ । अब हिप्पीहरू देखिँदैनन् । तर यहाँ हिप्पी संस्कारले समाजलाई दुःख दिइरहेको छ । त्यसैले पर्यटनको विकासभन्दा धेरै कुराको ख्याल राख्नु पर्ने हुन्छ ।

तालको किनार हिजोआज पर्यटककै कारण गुल्जार भएको छ । पोखरामा त्यहाँको जमिन सबैभन्दा बढी महँगो भएको छ । होटल, रेष्टुराँ, लज र त्यस्तै पर्यटकले खोज्ने चीजबीजका पसलहरू खुलेका छन् । विदेशी पर्यटकहरू सङ्ख्यामा कहिले ज्यादा कहिले कम भए पनि देखिन्छन् । वैदामको छेउले काँचुली फेरेको छ । त्यहाँ के छ, के हुँदैछ र के कस्तो हुनु पर्दछ भन्ने कुरा राम्ररी अध्ययन गरिनु पर्ने, सोचविचार गरिनु पर्ने आवश्यकता एकातिर छ भने त्योबाहेक अरू पनि पर्यटकीय दृष्टिले महत्वपूर्ण ठाउँ हुन सक्तछन्, तिनको खोजपडताल हुनुपर्ने, तिनको प्रचार प्रसार हुनुपर्ने र त्यहाँ आवश्यक पूर्वाधारहरू विकसित गर्नुपर्ने अर्कोतिर छ । सराङ्कोट, पचभैया आनन्द लिने ठाउँ हुन सक्छन् भने यस्ता ठाउँहरू अरू पनि खोजे पाउन सकिन्छ । त्यसैले पर्यटन विकास निम्ति सरकारको नेहोरा गर्नुभन्दा स्थानीय जिम्मेदारीमा भएका मानिसहरूले सोच्नु पर्ने अवस्था छ । प्रजातन्त्र भएको छ र विकेन्द्रीकरणको र निजीकरणको जमानामा पनि

सरकारकै मुख ताकेर विकासको आशा गर्ने हो भने 'आकाशको फल आँखा तरी मर' भन्ने स्थिति आउन सक्छ । त्यसैले स्थानीय मानिसनै जागरूक हुनु जरुरी छ ।

# मन, मुटु र मस्तिष्क

२५ फागुन २०५२

महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरीबको प्रशंसा गर्दै लेखेका छन्–

'विमान खासा मनको लिईकन,
म चन्द्रतारा पृथ्वि घुमीकन
विहारको मोज लुटिलुटीकन,
फर्कन्छु फेरि उही रम्य आँगन ।'

शरीरमा ५ ज्ञानेन्द्रिय ५ कर्मेन्द्रिय गरी दश इन्द्रियबाहेक सबै इन्द्रियलाई क्रियाशील बनाउने अर्को मूली इन्द्रिय छ मन । सुखका लागि मानिसलाई रनवन घुमाउने, छिनमा यता, छिनमा उता र छिनमा तल र माथि गराउने सब मनकै करामत हो । शरीरका सारा इन्द्रियहरू मनका गुलाम छन्, ती मनले जता डोऱ्यायो त्यतै नत्थिएर डोरिन्छन् । त्यसैले चौटा खाने रहर गर्दा झोलमा डुबे जस्तै सुख खोज्न भौंतारिँदा भौंतारिँदा दुःख मात्रै फेला परेको अनुभूति मानिसलाई हुन्छ । त्यो सबै मनले गर्दा हुने भएकोले ऋषि-महर्षिहरूले सुख चाहनेले मनलाई नियन्त्रण गर्नुपर्छ भन्ने निचोड निकालेका छन् ।

मुटु शरीरको मुख्य पूर्जा हो जसले शरीरका सारा अवयवलाई क्रियाशील राख्दछ । यो भौतिक चीज हो तापनि मानवीय संवेदनाका कोमल पक्षहरूलाई योसँग सम्बन्धित भएको मानिन्छ । जस्तैः दया, माया, करुणा, सौन्दर्य-चेत, सौजन्य आदि सद्‌गुणहरू हृदय अर्थात् मुटुसँग जोडिएका छन् । यद्यपि हरेक प्राणीमा विद्यमान छ मुटु; मुटु विनाको जीव नै हुँदैन । साँच्चै भनौं भने मुटु नै जीवन हो । दया, माया, स्नेह, धैर्य जस्ता कोमल संवेदनाको स्थान बनेको मुटु यद्यपि भौतिक पुर्जा हो तापनि मानिसका व्यवहारमा यी गुणहरूको महत्वपूर्ण स्थान भएको र मान्छेको उन्नति र प्रगति पनि ठूलो परिमाणमा यी नै गुणहरूमा निर्भर हुने हुनाले मुटु भावनाको प्रतीकको रूपमा यहाँ विवेच्य भएको छ ।

मस्तिष्कलाई बोलीचालीको भाषामा गिदी भनिन्छ । देख्दा यो पनि ठोस भौतिक पदार्थ नै हो । तर यो चेतना अर्थात् थाहा पाउने ज्ञान गर्ने शरीरको मुख्य अङ्ग हो । मानिसले संस्कृति, सभ्यता, उन्नति, प्रगति आज जे जति हासिल गरेको छ त्यो सबै त्यही मस्तिष्ककै कारण भएको भन्ने मानिसको सोचाइ रहेको छ । शरीरका सबै ज्ञानेन्द्रिय, कर्मेन्द्रियलाई क्रियाशील राख्ने काम मन र मस्तिष्कले नै गरेका हुन्छन् । मन-मस्तिष्क जन्मसँगै मानिससँग हुन्छन् । समाजको संसर्ग र संस्कार प्रक्रियाले मन-मस्तिष्क समुन्नत र सुसंस्कृत हुन्छन् । इतिहासको आरम्भदेखि नै मन-मस्तिष्कको परिष्कार निम्ति मानिसले प्रयास गर्दै आए तापनि अझै यो कति सुसंस्कृत बन्नसक्यो भन्न सकिँदैन । अझै पनि मानिसले मानवीय संवेग र अन्य कमजोरीलाई जित्न सकेको छैन ।

मन, मुटु र मस्तिष्कले नै मानिस उत्तम, मध्यम र अधमको कोटीमा गनिन्छ । मानिस मात्रको प्रयत्न उत्तम मानिस हुनलाई हुनु पर्दछ । अधमको श्रेणीमा रहने मनसाय यद्यपि कसैको हुँदैन तापनि वातावरण र परिस्थितिले गर्दा मानिसमाथि उसका कमजोरीले विजय पाउँदछन् र आज पनि अधमकोटीका मानिस समाजमा देखिन्छन् । तर मानिसको प्रयत्न वातावरण र परिस्थितिलाई आफ्नो अनुकूल बनाउने हुनु पर्दछ । वातावरण र परिस्थितिको प्रवाहमा बग्नु पुरुषार्थ हुँदैन । पुरुषार्थका लागि प्रयत्न गर्नु धर्म हो । मुटु र मस्तिष्कको संस्कारबाट मन पनि नियन्त्रित हुने हुन्छ । मुटु र मस्तिष्कको परिस्कार शिक्षा प्रतिष्ठानबाट हुने हो । तर हिजोआजका शैक्षिक प्रतिष्ठानहरू मौलिकताभन्दा नक्कलको पछाडि लागेकोले आजको संस्कार प्रक्रिया आडम्बरमुखी बनेको छ । मन, मुटु र मस्तिष्कको वाञ्छित परिष्कार आडम्बरले गर्दैन । यो आजको सोचनीय पक्ष हो ।



# स्वास्थ्य सेवाको विश्वसनीयता

२९ फागुन २०५२

स्वास्थ्य मानिसको अत्यन्त संवेदनशील विषय हो । मानिसका शत्रुहरूमा रोग नै सबभन्दा ठूलो डरलाग्दो शत्रु हो । यो लागेपछि जतिसुकै सबल मानिस निरीह हुन्छ । कुवेर समानको वैभवशाली पनि रोगले धडेपछि अकिञ्चन बन्दछ । यस्तो निरीह अकिञ्चन स्थितिमा आश्रय र आशाको किरण भनेको स्वास्थ्य सेवा नै हो । मानिसलाई सास रहेसम्म जीवनको आश हुन्छ । त्यसैले स्वास्थ्य सेवा सुलभ र विश्वसनीय हुनु ज्यादै जरुरी छ ।

नेपालमा वर्तमानमा जे जति चिकित्सक र स्वास्थ्यका अन्य सुविधाहरू उपलब्ध छन्, आवश्यकताको दाँजोमा पर्याप्त नभए पनि व्यवस्थापन राम्रो भइदिए, तिनको व्यवस्था सन्तोषजनक भन्नु पर्दछ । प्रजातन्त्रको प्रादुर्भाव हुँदा पोखरामा सरकारको सानो मिलिसिया पल्टनको स्वास्थ्य हेर्ने एउटा कम्पाउण्डर थियो । त्योसँग सामान्य उपचारका साधारण ओखती हुन्थे । त्यसबाहेक कविराज भएको आयुर्वेदी औषधालय थियो । २-३ घर व्यावसायिक आयुर्वेदी वंश परम्पराबाट आएका वैद्यहरू थिए । बाटोघाटो र आवागमनको सुविधा केही थिएन । यो ४०-४५ वर्षको अन्तरालमा स्वास्थ्यको क्षेत्रमा पोखराले क्षेत्रीय स्तरको अस्पतालको साथै निजी क्षेत्रको मेडिकल कलेज पनि पाइसकेको छ । पोखराले यति धेरै प्रगति गरेको देखिएको छ भने अन्यत्र पनि यस्तो विकास नभएको छैन । तर यिनले जो सेवा प्रदान गरिरहेका छन् त्यसको गुणस्तर र विश्वसनीयता आज विचारणीय बनेको छ ।

अस्पताल छन्, डाक्टरहरू छन्, रोग जाँच्ने यन्त्र उपकरण पनि उपलब्ध छन् । तर केही ख्याति आर्जिसकेका चिकित्सकबाहेक बहुसङ्ख्यक चिकित्सकहरूको निदान र उपचार पद्धति परीक्षण र सुधार पद्धति (ट्रायल एण्ड एरर मेथड) मा आधारित भएकोले रोगीहरू कतिपय चिकित्सक र अस्पताल या क्लिनिक बदल्ने अवस्थामा पुगेका भेटिन्छन् । एउटा रोगीलाई एउटा विशेषज्ञ चिकित्सकले एकथरी ओखती एउटा परिमाणको मात्रा तोक्दछ, रोगीको रोगमा सुधार हुँदैन । त्यस्तै अर्को विशेषज्ञ कहाँ रोगी पुग्दछ, उसले अर्कोथरी ओखती र त्यसको मात्रा तोक्दछ । फेरि चिकित्सकहरू रोगीका कुरा सुन्दा पनि सुन्दैनन्, तैं जान्ने रहिछस्, म कहाँ किन आइस् भनेर ओठे जवाफ लगाउने चिकित्सकहरू पनि यहाँ मनग्य नै देखिन्छन् । पोखरामा हालै एउटा बालरोग विशेषज्ञले एउटी बालिकालाई

उसको उमेर ख्याल नगरी ३ थरी ओखती र त्यसको मात्रा पनि ज्यादा दिएछन् । बच्चीका आमाबाबुले छोरी निकी होली भन्ने आश गर्दागर्दै निस्लोट परी, आत्तिएर डाक्टर कहाँ गए, डाक्टरले केही बताउन सकेनन् राजधानी लैजाने अनुमति दिए । काठमाण्डूमा डाक्टरले धेरै थरी ओखती र तिनको मात्रा ज्यादा भएर यस्तो भएको हो, आराम दिनुहोस्, औषधीको प्रभाव कम भएपछि सुधार हुन्छ भनिदिएछन् र त्यसै गर्दा बच्ची निकी भई । यसरी रोगको निदान नहुनु, औषधी नमिल्नु, मात्रा कमबेसी हुनु, चिकित्सकको लापर्वाही आदिले मानिसको जीवनमा खेलबाड भएका प्रशस्त उदाहरण छन् । त्यसैले हुने-खानेहरू, सत्तामा हुनेहरू नाकबाट पातलो पानी बगे पनि स्वास्थ्य परीक्षणको लागि विदेशतिर जाने गरेको पाइन्छ । ५-१० रुपियाँको ओखती किन्न नसकेर बेथा पालेर बस्नुपर्ने खालका विपन्न वर्गका मानिसहहरूलाई आजको चिकित्सा विज्ञानको उन्नति व्यर्थ भएको स्थिति एकातिर मर्मस्पर्शी रूपमा विद्यमान छ भने अर्कोतिर उपलब्ध चिकित्सा सेवाको विश्वसनीयताको यस्तो दुर्दशा यहाँ रहिरहेको छ ।

चिकित्सा सेवाको व्यापारीकरण हुनु, निदान पद्धति भरपर्दो नहुनु र उपचार भूल-सुधार सिद्धान्तले निर्देशित हुनु, प्रमाणपत्रले विभूषित भएका चिकित्सकहरू अध्ययनशील नहुनु, अध्ययन सामग्रीको अनुपलब्धता आदि कारणले यहाँको स्वास्थ्य संवेदनशील एवं सेवा विश्वसनीय नभएको गुनासो जताततै सुनिन्छ । यसलाई विश्वसनीय बनाउनेतर्फ सम्बन्धित क्षेत्रले पर्याप्त ध्यान दिनु पर्ने देखिएको छ ।

# न्यायको प्रतिष्ठाः आजको खाँचो

४ चैत २०५२

आज समाज जगदेखि धुरीसम्म विकृति र विसङ्गतिको सङ्क्रामकताले आक्रान्त छ । एक्काइसौं शताब्दीको प्रवेशनिम्ति मुलुकले गर्नुपर्ने तयारीमा खर्चिनु पर्ने अत्यन्त मूल्यवान सामाजिक उर्जा व्यक्तिविशेष र दलविशेषको स्वार्थनिम्ति स्खलित भइरहेछ । यही स्खलनबाट विकृति र विसङ्गतिहरू उत्तरोत्तर उम्रने र आकाशवेलीले झाँगिएर रूखलाई नासी आफू पनि नासिने प्रवृत्ति घनीभूत रूपमा प्रकट भएको छ ।

आज शासनको जुन व्यवस्था संस्थापित छ त्यसलाई स्थापित गर्न जनताले आधा शताब्दी जस्तो समय सङ्घर्ष गर्नुपरेको थियो । सङ्घर्षमा कतिको त जीवन नै स्वाहा भयो भने कतिले अत्यन्त दानवी यातना भोग्नु परेको रोमाञ्चक स्मृति ताजै छ । यो कुनै आभिजात्य हुकुमशाही होइन, न त यो कुनै भुइँफुट्टा सैनिक तानाशाही वा न त कथित सर्वहाराको अधिनायकवाद । जनताको आन्दोलनले निर्दलीय सर्वसत्तावाद समाप्त गरी जनताका प्रतिनिधिले बनाएका संविधानले बहुदलीय संसदीय पद्धति स्थापित भएको छ । जनता राज्यको सार्वभौम शक्तिको स्रोत बनेका छन् । निर्वाचनद्वारा जनताले आफ्नो सार्वभौम अधिकारको प्रयोग वा उपभोग गर्दछन् । यो वर्तमानमा शासनको सर्वोत्कृष्ट पद्धति हो । यस्तो सर्वाधिक गुणी व्यवस्था स्थापित हुँदा पनि जनताले आफ्नो सम्प्रभुताको अनुभूति गर्न नसक्नु आजको अत्यन्त दुःखदायी यथार्थ हो । सधैं शोषित, प्रताडित र पीडित हुनुपर्ने के नेपालको नियति नै हो त भन्ने अहम् प्रश्नले चेतनशील हरेक मानिसको मर्मलाई आज उद्वेलित गरिरहेको छ ।



निश्चय पनि आज जो यथार्थ भोगिँदैछ त्यो नेपालीको नियति होइन । यहाँ न्यायको प्रतिष्ठा हुन सकेको छैन । व्यवहारमा विधिको शासनको जरोले धरतीको माटोलाई समात्न सकिरहेको छैन । यो व्यवस्थालाई जनतामा भिजाउने जिम्मेदारी राजनीतिक दलहरूको हो । राजनीतिक दलका नेताहरूको सोच समझ र दृष्टि नितान्त निजात्मक हुनु, वस्तुनिष्ठ हुन नसक्नुको कारण आज विधिको प्रयोग र व्याख्या स्वार्थप्रेरित ढङ्गले भइरहेको छ । पदासीनहरू आफूलाई सर्वज्ञ ठानिरहेका छन् । आफ्ना निहित स्वार्थका लागि दलको दुरुपयोग र दलको स्वार्थका लागि स्वतन्त्र विवेकको बलि चढाउने प्रवृत्ति समाजका प्रतिष्ठित अगुवाहरूको भएकोले यहाँ दण्ड विधानको स्वचालित ढङ्गले स्वस्थ रूपमा प्रतिष्ठापन हुन सकेको छैन । यसले गर्दा भ्रष्टाचार, व्यभिचार र अनियमितता जस्ता दुराचारले सम्पूर्ण सामाजिक पर्यावरण नै प्रदूषित भइदिन्छ । समाजका अगुवाहरूले जब कानूनलाई हातमा लिएर हुनेलाई नहुने र नहुनेलाई हुने बनाउने दुस्साहस गर्दछन् त्यो बेला समाजमा शान्ति र स्थायित्वको कल्पना पनि गर्न सकिँदैन ।

मुलुकलाई यो दुर्दशामा पुऱ्याइ प्रजातन्त्रप्रति जनतामा वितृष्णा उमार्ने तथा विश्वासको सङ्कट पैदा गर्ने काम जनताले पत्याइएका भनिएका राजनीतिक दलहरूले गरिरहेछन् । ती दलका नेताहरूलाई सत्ता लिप्साको उन्मादले तिनको बुद्धि र विवेकको बट्टामा बिर्को लगाइदिएको छ । तिनका काम र कुरामा मात्र होइन तिनले बोलेको अगिल्लो र पछिल्लो वाक्यमा समेत विरोधाभास हुन्छ । जिम्मेदारहरूको यस्तो प्रवृत्तिले न्यायको प्रतिष्ठा हुन नसकेको हो । न्यायको प्रतिष्ठा नै आजको खाँचो हो ।

# मदिरा महिमा

८ चैत २०५२

मदिरा सेवनको आरम्भ मानिसले जहिलेदेखि गरेको भए पनि यो हिजोआजको नयाँ सभ्यता पक्कै होइन । जसले शारीरिक श्रम गर्दथे तिनले थकाई मेट्न मदिरा सेवन गर्दथे । त्यसैले समाजमा मदिरा सेवन गर्नेको सामाजिक प्रतिष्ठा त्यति सारो हुँदैनथ्यो । शारीरिक श्रम गर्नेहरूभन्दा बौद्धिक कसरत गर्नेहरू उच्च श्रेणीमा गनिन्थे । उच्च श्रेणीकाहरूले निम्न श्रेणीका मद्यसेवीहरूलाई नीचो दृष्टिले हेर्दथे ।

आज परिस्थितिले पल्टा खाएको छ । मद्य सेवन आयातित सभ्यताको रूपमा उच्च श्रेणीले ग्रहण गरेको छ । जमाना अन्तरराष्ट्रिय बन्यो । पश्चिमी मुलुकको भाषा-भेष, रहन-सहन, खान-पान अनुकरणीय बन्यो । उनीहरू आर्थिक दृष्टिले विकसित छन् र सम्पन्न छन् । त्यसैले उनीहरू पूर्वीयका निम्ति अनुकरणीय आदर्श बने । त्यसैले यहाँका सफेदपोश, सम्पन्न र हुने-खानेहरू आफूलाई सभ्य, सामाजिक, शिष्ट र सुसंस्कृत देखाउन र मनाउन रक्सी सेवन गर्ने गर्दछन् । ठूलाबडाहरूको यस प्रकारको मदिरा मोहले शहर बजारमात्र होइन दूरदराजका न्यून आय भएका जनसाधारण पनि प्रभावित छन् ।

सामान्यतः रक्सी सेवनलाई कसैले पनि राम्रो मान्दैन । रक्सी, मासुलाई सगुन मान्ने संस्कृति भएकाहरू पनि रक्सी सेवनको आदतलाई ठीक ठान्दैनन् । रक्सीका आदतीहरूलाई अगाडि क्यै भन्न नसके पनि पछाडि उसको आलोचना नगरेको हुँदैन । ठूला-बडाले अँगालेको र आयातित सभ्यता भए पनि मदिरा सेवनलाई निन्दनीय नै मानिएको पाइन्छ ।

तर समाजमा प्रतिष्ठित भद्र भलादमीहरू, जस्तो– मन्त्रीहरू; सांसदहरू; सचिवहरू; निर्देशकहरू; महाविद्यालय, विश्वविद्यालय, विद्यालयका गुरुहरू; स्थानीय निर्वाचित जन-प्रतिनिधिहरू र अरू ठूलाबडामा गनिएकाहरू खानपानको रश्म-रिवाजका अनुगामी छन् । यस्तो खानपान, भोज भतेरमा आमन्त्रित व्यक्तित्वको स्तरअनुसार सके विदेशी नभए स्वदेशी रेड लेवल, ब्ल्याक लेवल वा ह्वाइट हर्स, रम, जिन आदि त्यो पनि नभए लोकल ठर्राको उपयोगसमेत चल्दछ । यस्ता खानपानको आयोजना विभिन्न प्रयोजनले गरिन्छन् र अभीष्ट सिद्ध नहुने भए हजारौं खर्चेर यस्ता आयोजना हुँदैनथे । त्यो अभीष्ट नियमित 'अनियमित' जे पनि हुन सक्छ ।

यस्तो खानपानले सद्भाव र मित्रता मात्र हुँदैन अभीष्टमा व्याघात भएमा मारपिट हुन्छन्, कसैको टाउको फुट्छ, ज्यानै पनि जान्छ । यो मदिराको र आयातित सभ्यताको परिणाम हो । खानपान आयोजनाकै परिणाम कास्कीका दुई प्रमुखहरूबीच दुर्घटना भएको छ । त्यहाँ आयातित सभ्यताको अन्धानुसरणबाट यस्ता अनपेक्षित दुर्घटनाहरू भई नै रहनेछन् । त्यसैले जिम्मेदार तहबाट भ्रष्टाचार एवं अनियमितताको र अनपेक्षित दुर्घटनाहरू नियन्त्रणनिम्ति सोचिनु पर्दछ ।

# प्रतिनिधि सभाको विशेष अधिवेशन

९ चैत २०५२

प्रतिनिधि सभाको विशेष अधिवेशन ७ चैतमा आरम्भ भयो । प्रतिनिधि सभाको यो तेस्रो विशेष अधिवेशन हो । जनआन्दोलनपछि पहिलो निर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाविरुद्ध अविश्वास प्रस्ताव ल्याउन नेकपा (एमाले)ले नै समावेदन गरेर बोलाइएको थियो । त्योबेला गिरिजाप्रसाद कोइरालाले अविश्वास प्रस्तावको सामना गर्नुभएको थियो र एमालेको अविश्वास प्रस्ताव विफल भएको थियो । दोस्रो पटक नेकपा (एमाले)को अल्पमत सरकारका प्रधानमन्त्री मनमोहन अधिकारीविरुद्ध नेपाली काङ्ग्रेसले अविश्वास गरेर विशेष अधिवेशन बोलाइयो । त्यो अविश्वासको सामना नगरेर प्रतिनिधि सभालाई विघटन गराइयो । तर सर्वोच्च अदालतले विघटित प्रतिनिधिसभालाई बिउँताएकोले अविश्वासबाट नेकपा (एमाले)को अल्पमत सरकार विघटित भएको थियो । त्यसको ६ महिना बित्दा नबित्दा पुनः संयुक्त सरकारविरुद्ध नेकपा एमालेले अविश्वास प्रस्ताव ल्याएको छ र उसको अविश्वास प्रस्तावले संयुक्त सरकार विघटन गराउन सक्ला नसक्ला; संयुक्त सरकारको एउटा घटक राष्ट्रिय प्रजातन्त्र पार्टीलाई फुटाउन सफल भएको छ । ७ चैतका दिन सो दलको केन्द्रीय समितिको आपात बैठकमा समितिका ४१ मध्ये अध्यक्ष सूर्यबहादुर थापा पक्षमा २४ र त्यसका नेता लोकेन्द्रबहादुर चन्दको पक्षमा १७ जना विभाजित भएका छन् ।

अविश्वासको प्रस्ताव एउटा उपाय हो जसले सरकारलाई निरङ्कुश हुनबाट जोगाउँछ । संविधानमा प्रतिपक्षका लागि व्यवस्था गरिएको यो प्रावधानको उपयोग विपक्षले गर्दा अनुचित उचितको प्रश्न उठाउनु अयुक्तिसङ्गत हुन जाला । तर मुलुकको वास्तविकता र जनादेशको मर्मलाई बिन्याएर हेर्ने हो तथा प्रजातन्त्रका मौलिक आदर्शलाई ध्यान दिने हो भने अहिले जो अभ्यास भैरहेको छ त्यो अभ्यास देश र जनताको हितमा नभएर



पार्टीका मुट्ठीभर नेताको सत्ता स्वार्थका लागि भएको देखिएको छ । एमाले आफू सदनमा सबैभन्दा ठूलो दल भएर पनि राप्रपाको नेतृत्वमा सरकार बनाउन तयार भएको छ र राप्रपा मात्रैको सरकार बने पनि समर्थन दिन लालायित भएको छ । यस्तो लालचलाई सर्वथा प्रजातान्त्रिक भन्न सकिँदैन, किनकि यसले प्रजातन्त्रको मूल मर्म बहुमतको अवज्ञा बदलाको भावनाबाट भएको स्पष्ट हुन्छ । राप्रपाको बहुमत एमालेको प्रस्तावलाई स्वीकार गर्दैन । तर राप्रपाका नेता लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्री पदको निम्ति ऱ्याल चुहाएर सारा नैतिकता, मूल्य र मर्यादालाई तिलाञ्जली दिएर पार्टी फुटाउन पनि उद्यत देखिनु भएको छ । दलहरूलाई तोड्ने फोड्ने खेलले प्रजातन्त्रलाई मजबुत तुल्याउँदैन । आज राप्रपामा देखिएको यो रोग भोलि एमाले, काङ्ग्रेस र अन्य दलमा पनि सल्कन्छ ।

यही चैत ९, १० र ११ गते अविश्वास प्रस्तावमा छलफल प्रतिनिधि सभामा हुनेछ । राप्रपाको केन्द्रीय समितिले राप्रपाका सबै सांसदले अविश्वास प्रस्तावको विपक्षमा मत दिन निर्देशन जारी गरिसकेको छ । नेपाल मजदूर किसान पार्टी तटस्थ रहने छ । एमालेका ८८, मसाल समर्थक सांसद २ र राप्रपाको लोकेन्द्र समर्थक अहिलेसम्मको स्थितिमा ८ जनाले प्रस्तावको समर्थनमा मत दिने हुँदा अविश्वास प्रस्ताव पारित हुने अवस्था छैन । त्यसैले यो विशेष अधिवेशन प्रस्तावकहरूका लागि प्रत्युत्पादक त हुँदै हो राजनीतिक स्थिरता र प्रजातन्त्रका लागि पनि यस्तो प्रवृत्ति स्वस्थ र सहयोगी पक्कै हुन सक्तैन ।

# तिर्खाएको शहर

१० चैत २०५२

हिजो ९ चैतका दिनलाई खानेपानी दिवसको रूपमा मनाइयो । विश्वमा नै खानेपानी एउटा जटिल समस्याको रूपमा उपस्थित हुँदैछ । विशेषतः जल सम्पदामा धनी मानिने नेपालका के शहर, के गाउँ जहाँतहीं खानेपानी समस्याकै रूपमा विद्यमान छ । खानेपानीको समस्यालाई हामीले जुन रूपमा हेरेका छौं, त्यही रूपमा अरूले हेर्नु जरुरी छैन र हेरेका पनि छैनन् । अहिलेसम्म हामी साधन भयो भने पानीको स्रोत पाउन सकिन्छ, भन्ने विश्वास गर्दछौं । अहिलेसम्मको स्थितिमा हाम्रो विश्वास आफ्नो ठाउँमा बेठीक पनि नहोला तर परिस्थिति सब ठाउँमा एकनास हुँदैन । राजधानी काठमाण्डूको खानेपानीको समस्या पोखराको जस्तो पक्कै छैन । पानीको प्राप्ति, पानीको स्वस्थता र शुद्धता, मुहानदेखि आवश्यक ठाउँसम्म पुऱ्याउने साधन, अनि वितरण र व्यवस्थापन सबै क्षेत्रमा हामीकहाँ प्रशस्त कमी कमजोरीहरू छन् । ती कमजोरीका कारण जनताले चाहिँदो मात्रामा पानी पाउन नसकेको गुनासो धेरै पहिलेदेखि सुनिँदै आएको छ । पानीका निम्ति आवाज उठेका छन् र सरकारले आश्वासन पनि दिँदै आएको छ । तर पानीको समस्या समस्या नै रहिरहेको छ र अब विश्वस्तरमा नै खानेपानीको समस्या विकराल हुँदै जाने बताइँदैछ । त्यसैले चेतना जगाउन अहिलेदेखि २२ मार्चलाई खानेपानी दिवसको रूपमा मनाउन आरम्भ गरिएको छ ।

शहरमा जनसङ्ख्या वृद्धि जन्मबाट भन्दा अरू कारणले ज्यादा हुने हुनाले पानीको खाँचो पनि त्यही अनुपातमा वृद्धि हुनु स्वाभाविक हो । त्यसलाई दृष्टिगत गरी आपूर्तिमा सतर्कता अपनाई तदनुकूल व्यवस्था र व्यवस्थापनलाई सक्षम बनाउनु अधिकारीहरूको

दायित्व हो । साथै पानीको उपयोगमा खासगरी शहरमा नागरिक चेतनाको निम्ति नागरिक शिक्षा पनि जरुरी हुन्छ । तर यहाँका अधिकारीहरू आफ्ना कर्तव्यप्रति चाहिँदो मात्रामा न सचेत देखिन्छन्, न त इमानदार नै । त्यसैले नभएर मात्र अभाव होइन, भएर पनि अभाव र हाहाकार छ ।

पानीको समस्या शहरमा त छँदैछ, गाउँमा झन् चर्को छ । एक गाग्री पानी ल्याउन एक बिहान खर्चनु पर्ने स्थिति कम कष्टकर होइन । पानी जस्तो जीवनको लागि नभै नहुने चीजको यो कठिनाइ दुनियाँले भोगिरहेका छन् भने गाउँघरमा सम्पन्न पानी योजनाले अधिकांश पहाडी गाउँहरूमा धारा ठडयाएको छ । पानी पुऱ्याउन सकेको कमैमा छ । गाउँमा धाराका टुटीहरू गायब छन् र बीच बीचमा पाइपहरू टुट्ने, फुट्ने, काटिने आदि विभिन्न समस्याहरू विद्यमान देखिन्छन् । शहरमा हेर्न अड्डा छ, भन्न पाइन्छ, तर गाउँ-घरमा त्यो स्थिति पनि छैन । स्थानीय उपभोक्ताहरूले आफ्नो बन्दोबस्त संरक्षण सुधार आदि कार्य गर्ने गराउने गर्नु पर्दथ्यो । तर त्यो पनि प्रभावी देखिँदैन ।

पोखरा उप-महानगर घोषित भइसकेको छ । त्यसैले यसलाई हुर्कौलो शहर भन्नु पर्दछ । खानेपानीको समस्या यहाँ राजधानीको जस्तो छैन । अहिले यसको मुहान राम्रो बनाउने हो भने पानी प्रशस्त हुन्थ्यो । त्यो हुन सकेको छैन एकातिर भने अर्कोतिर व्यवस्थापन, सुधार सम्भार पनि व्यवस्थित ढङ्गले भइरहेको छैन । ठाउँ-ठाउँबाट पानी चुहेर खेर गइरहेको छ । साथै खानेपानीको कुरा गर्दा त्यसको स्वस्थता पनि विचारणीय कुरा हो । तर पानी शुद्ध पार्ने व्यवस्था छैन । पानीको सम्बन्धमा खानेपानी समिति र उप-महानगरपालिकाले यसतर्फ पर्याप्त ध्यान दिनु जरुरी छ ।

# नेताहरूले मनन गर्नुपर्ने कुरा

१२ चैत २०५२

शास्त्रकारहरूले 'यद्यत् आचरति श्रेष्ठ' भने । बडामहाराज पृथ्वीनारायण शाहले अर्को शब्दमा 'बूढा मरे भाषा सरे' भने । समाजमा श्रेष्ठले जे जस्तो आचरण गर्दछन् अरूले त्यसको अनुकरण-अनुसरण गर्दछन् । त्यसैले समाजका बडा बूढाहरू जो जिम्मेदारीका पदहरूमा बहाल हुन्छन् तिनको बोली-वचन, चाल-चलन, बानी-बेहोर आदर्श, अनुकरणीय, शुद्ध र पवित्र हुनुपर्ने कुरामा दुई मत हुँदैन होला । उनीहरूको दिनदिनैको कामले जन-जीवनलाई प्रभावित गर्छ नै, साथै उनीहरूको वैयक्तिक आचरणले उनीहरूले गरिने काम मात्र प्रभावित हुँदैन, उनका सहयोगीसँगै वरपरका किशोर-किशोरी, युवक-युवतीका नजर पनि उनीहरूमाथि हुने हुनाले केही न केही असर नगरी छोड्दैन ।

समयले पहिलेका सामाजिक विकृति रूढिबूढीहरूमा पर्याप्त सुधार नभएको होइन । तर जति सुधार भएका छन् त्योभन्दा बढी विकार र विकृतिहरू पनि उब्जेर फस्टाइरहेका छन् । छुवाछूत, भातभान्सो र भेदभावहरू जो हिजो थिए ती आज शिथिल मात्र भएका छैनन्, कतिपय त विलुप्त नै भइसके । शिक्षा र आम सञ्चारको विकासले यो सुधार भएको हो । तर मादक पदार्थको दुर्व्यसन, भेष-भूषाको फेसन र संस्कार संस्कृतिको तिरष्कार प्रवृत्तिको विकास भइरहेको छ । पद, पावर र पैसाको निम्ति मान्छेले मूल्य र मर्यादालाई तिलाञ्जली दिइरहेका छन् । यसले आचार भ्रष्ट पारेको छ, नैतिकताको



ह्रास भएको छ र विश्वासको सङ्कट पैदा भएको छ । यसले समाजमा सौमनस्यता, सौहार्दता जस्ता श्रेयष्कर मानवीय गुणहरू लोप हुँदै गइरहेका छन् ।

अहिले राजनीतिक र आर्थिक सङ्क्रमणको स्थिति छ । यो अवस्थामा नेताहरूले समाजलाई सही बाटो देखाउने मात्र होइन डोऱ्याउनै पर्ने थियो । तर त्यो हुन सकेको पाइँदैन । गाउँ गाउँमा समाजको आधा हिस्सा महिलावर्ग मदिरा निषेधको आन्दोलन चलाइरहेछन् । त्यहाँ नेताहरू जाँड-भाँडलाई अङ्गालिरहेका छन् । नीति निर्माण गर्ने, निर्मित नीति कार्यक्रम क्रियान्वित र न्याय-निसाफ गर्ने ठाउँमा आसीन हुन पुगेका सफेदपोश भाग्यमानीहरू आफ्नो हैसियत, मर्यादा, दायित्व आदि सम्पूर्ण कुराहरूलाई चटक्कै भुलेर खानपान र खेलबाडको रङ्गरसमा चुर्लुम्म डुबेका छन् । जो मदले मात्तिन्छ त्यसले आफ्नै नाकको डाँडी पनि देख्न सक्तैन । मानिस आदतको दास हुन्छ । मदको आदत लागेपछि मानिस जतिसुकै कर्तव्यनिष्ट हुन्छु भने पनि सक्तैन । पञ्चायती नेताहरूको चरित्रलाई नै परिवर्तनपछिका निर्वाचित जनप्रतिनिधिहरू र निर्वाचित हुन चाहनेहरूको जमातले आदर्श मानेको छ । यो अत्यन्त दुःखद स्थिति हो । पञ्चायत व्यक्तिवादी व्यवस्था भएकोले यसो भएको हो, दलीय व्यवस्थामा दलले यस्ता खराबी-हरूलाई नियन्त्रण गर्दछ भनेको त दलका नेताहरूले सङ्गठनको माध्यम नै मदिरालाई बनाए जस्तो भान भइरहेछ । मन्त्रीदेखि सन्त्रीसम्मका मानिस मदका व्यसनी भएपछि बिहान बेलुका चूल्हो तताउन नपुग्ने आय भएको नेपालीले भ्रष्टाचार, अनियमितता नगरे के गर्छन् त, रङ्गरस त जो गर्नैपऱ्यो । यसरी समाजमा समाजका अगुवाहरूले वितण्डा र विकृतिको विकास गरिरहेका छन् । यसले प्रजातन्त्रलाई नै कमजोर बनाएको छ ।

# क्षयरोगको भयावहता

१३ चैत २०५२

क्षयरोग एड्स, क्यान्सर जस्तो भयङ्कर रोग नभए पनि उपचार नभएमा घातक हुने रोग हो । यो रोग हिजोआज निस्केको रोग पनि होइन । यो धेरै पुरानो रोग हो । यो रोग लागेपछि मानिस खिइँदै जाने हुँदा क्षय भनिएको होला । पुरानो वैद्य शास्त्रमा यसका धेरै नाम पाइन्छ । यसलाई यक्ष्मा, राजरोग आदि भनिन्छ । पश्चिमी उपचार पद्धतिमा यसलाई टी.बी. भनिन्छ । हिजोआज जनसाधारणले क्षयरोग भन्नुभन्दा टी.बी. नै बढी भन्दछन् र बुझ्दछन् ।

टी.बी. रोगको किटाणुको नाम हो । यो पत्तो लागेको ११४ वर्ष भइसकेको छ । टी.बी.लाई प्रायः मानिसहरू असाध्य रोग भन्दथे । यो लागेको मानिस बाँच्न कठिन सम्झिइन्थ्यो । किटाणु पत्ता लागेपछि त्यसलाई निर्मूल गर्ने औषधी र औषधी गर्ने विधि पनि खोजियो । अब टी.बी. असाध्य रोग होइन भन्ने कुरा स्पष्ट भइसकेको छ । टी.बी. खुट्टिनु पऱ्यो र औषधी मिल्नु पऱ्यो । १ वर्षसम्म लगातार औषधी सेवन गरेपछि यो रोग निर्मूल हुन्छ भन्ने सिद्ध भइसकेको छ ।

क्षयरोग विश्वभरि नै फैलिएको रोग हो । नेपालमा पनि धेरै मानिस यसले पीडित थिए र छन् । क्षयरोगीहरूको उपचार र क्षयरोगबारे नागरिक चेतना जगाउने काम ३-४ दशकदेखि सरकारी र गैरसरकारी स्तरबाट भइरहेको छ । पहिले, अशिक्षा व्यापक

भएको हुँदा र सञ्चार व्यवस्था पनि विकसित नहुँदा स्वास्थ्यसम्बन्धी चेतना जनतामा जगाउन गाह्रो थियो । शिक्षा सञ्चारमा धेरै सुधार भएको हुँदा पहिले जस्तो कठिनाइ अब छैन तापनि मानिस आदतको दास भएको र उसको हेलचक्र्याइँको स्वभावले गर्दा स्वास्थ्यसम्बन्धी प्रयत्नहरू जति प्रभावी हुनु पर्ने हो भइरहेका छैनन् । स्वास्थ्य चेतना जगाउन व्यापक अभियानकै दरकार आज पनि उत्तिकै देखिएको छ ।

हिजो विश्वले क्षयरोग दिवस मनायो । क्षयरोग निवारणका व्यापक प्रयत्नका बाबजुद पनि नेपालमा क्षयरोगको भयावहता निकै देखिएको छ । स्वास्थ्य मन्त्री अर्जुन नरसिंह के.सी.ले क्षयरोग दिवसमा दिनु भएको सन्देश वक्तव्यमा प्रतिवर्ष नेपालमा ८० हजारभन्दा बढी मानिस यस रोगबाट मर्ने गरेको तथ्याङ्क दिनुभएको छ । साथै प्रत्येक ३ व्यक्तिमा एक जना क्षय सङ्क्रमित भएको बताइएको छ । यो आँकडाले आजसम्मको क्षयरोग निवारण गर्ने प्रयत्नहरू प्रभावकारी हुन नसकेको कुरा स्पष्ट हुन्छ । यसलाई सन् २००० सम्ममा नियन्त्रणमा लिइने कुरा यी आँकडाले विश्वस्त देखिएन । किनकि यसअघि पनि क्षयरोग निवारणका लागि प्रयत्नहरू अभियानकै रूपमा नभएका होइनन् । तर पनि क्षयरोग पीडितहरूको सङ्ख्या घटेको देखिएन । त्यसैले जनतामा स्वास्थ्यसम्बन्धी चेतना जगाउने काम व्यापक रूपमा हुनुपर्ने र विशेषत: क्षयरोगबारे जनतालाई सचेत गराउन रोग र उपचारसम्बन्धी साहित्यको सिर्जना र व्यापक प्रचार प्रसारका साथै परीक्षण र उपचार व्यवस्था पनि सुलभ, सहज र सुपथ हुनुपर्‍यो । नत्र यो भयावहता भनौं चुनौतीको सामना कमजोर हुनेछ ।

# राम नवमी

१५ चैत २०५२

चैत्र शुक्ल नवमीलाई राम नवमी भनिन्छ । रामको जन्म भएको दिन भएकोले राम नवमी भनिएको हो । राम आदि महाकाव्य रामायणका नायक हुन् । आदिकवि वाल्मीकिले रचेको यो महाकाव्य रामायण हिन्दू सनातन धर्म मान्नेहरूको पवित्र ग्रन्थ मानिन्छ । रामायण पवित्र र पूजनीय हुनुको रहस्य हो यसमा रामको जीवनी हुनु । राम अयोध्याका राजा दशरथका छोरा थिए । राजाको छोरो भएर गुणगान गरिएको होइन र राजाको छोराको गुणगान भनेर रामायण पूजनीय भएको पनि होइन । चराचर जगन्नियन्ता परमेश्वरले पृथ्वीको भार हर्न युग-युगमा अवतार लिन्छन् । त्रेतायुगमा परमेश्वरले रामको रूपमा अवतार लिए । रामायण रामको रूपमा परमेश्वरको लीला वर्णन गरिएको अद्वितीय ग्रन्थ हो यसको पाठ र श्रवणबाट मानिसलाई ज्ञान हुन्छ र ज्ञानले भुक्तिमुक्ति दिन्छभन्ने धार्मिक विश्वास हिन्दू समाजमा रहिआएको छ । राम नवमी उपास्य पर्वको रूपमा मानिनुको रहस्य पनि यही हो ।

राम ईश्वरको अवतार हो, होइन यसबारे विवाद गर्न हामी चाहन्नौं । राम चरित्र नायक हुन् । उनले एउटा युग-चरित्रको प्रतिनिधित्व गर्दछन् । राममा कवि वाल्मीकिले एउटा आदर्श चरित्रको कल्पना गरेका छन् । राम, सीता, लक्ष्मण, भरत, शत्रुघ्नसँगै रामको वंश नै आदर्शमय छ भने त्यो आदर्शको विरोधी चरित्रको वर्णन पनि रामायणमा



गरिएको छ । राम र रावण दुई विपरीत विचारको प्रतिनिधित्व गर्दछन् । रामको चरित्र असल र रावणको चरित्र खराब भनेर कविले देखाएका छन् ।

राम पितृभक्त छन्, आज्ञापालक छन्, त्यागशील छन्, प्रजालाई खुसी राख्न सदा तत्पर रहने राजा हुन् । उनी लोकोपवाददेखि डराउँछन् । उनी धर्म परायण, कर्तव्यनिष्ठ, न्यायप्रिय, अद्भूत युद्धकौशल भएका हुन् । युवराज हुने बेलामा उनलाई १४ वर्षको वनवास मिल्यो । सौतेनी आमाका कारण उनलाई वनवास मिलेको हो । उनले बाबुको वचन छोराले पूरा गर्नुपर्छ भनेर नाइनास्ति क्यै नगरी वनबास भोगे । वनमा राक्षसहरूले उनलाई दु:ख दिए । ती दु:ख दिनेहरूले उनलाई मात्र दु:ख दिएका थिएनन्, तिनले वनवासी ऋषिमुनिलाई समेत सताइरहेका थिए । वनबासमा साथै आएकी सीतालाई लङ्काको राजा दशमुख रावण आएर उडाएर लग्यो । उसले आफ्नो भाइ कुवेरलाई समेत सताउन छोडेको थिएन । कुवेरको पुष्पक विमान समेत खोसेर लङ्कामा लगेको थियो । यस्ता अरूलाई पीडा दिएर आफू रमाउने राक्षसी प्रवृत्ति त्यो बेला पनि विद्यमान थियो । सात्विक प्रवृत्ति र तामस प्रवृत्तिको जहिले पनि समाजमा द्वन्द्व चलिरहन्छ । तामस प्रवृत्तिले क्षणिक दु:ख दिए पनि समाजमा सात्विक प्रवृत्तिको विजय हुन्छ । मानिसले सात्विकता लिनु पर्दछ, तामस प्रवृत्ति छोड्नु पर्दछ भन्ने शिक्षा रामायणले दिन्छ ।

आज पनि यी सात्विक, राजस, तामस प्रवृत्तिहरू समाजमा विद्यमान छन् । यिनीहरूकै अन्तर्द्वन्द्वले समाज आक्रान्त छ । हामी रामायण त पढ्छौं, रामको पूजा पनि गर्दछौं । तर रावणको अनुकरण गर्न रुचाउँछौं । त्यसैले आज प्रत्येक व्यक्ति चरित्रगत अन्तर्विरोधले ग्रसित छ । आफू आफैंमा विश्वस्त छैन, आफू आफैंसँग भयभीत छ । यो स्थितिमा रामको चरित्रलाई अपनाउने र राम राज्यलाई लक्ष्य बनाउने प्रेरणा लिन सके राम नवमीको सान्दर्भिकता हुने थियो ।

# काली गण्डकी 'ए'

१६ चैत २०५२

१४४ मेगावाट विद्युत उत्पादन क्षमता भएको काली गण्डकी 'ए' अब कार्यान्वयनको चरणमा पुगेको कुरा जानकारीमा आएको छ । २१ अरब ६६ करोड लागत लाग्ने अनुमान गरिएको यो योजना निर्माणका लागि आउँदो साता अन्तर्राष्ट्रिय बोलपत्र माग गरिने भएको बताइएको छ । यस योजनामा लगानी एशियाली विकास बैंक र जापानले गर्ने भएका छन् ।

घरेलु उपयोग र औद्योगिक विकासका निम्ति आवश्यक उर्जाको निम्ति विद्युतको माग दिन प्रतिदिन बढ्दो छ । उपलब्ध विद्युत शक्तिको परिमाण अपर्याप्त भइरहेको बेला विद्युतको हरेक अतिरिक्त मागको आपूर्तिका निम्ति नयाँ आयोजना ल्याउनु पर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर भएको जल सम्पदाको उपयोग गरेर मुलुकलाई समृद्धिको दिशातर्फ अभिमुख गराउनु पर्ने अहम् चुनौती अर्कोतिर छ । यो स्थितिमा आउन लागेको देशको सबैभन्दा ठूलो विद्युत आयोजना अरुण-३ नेकपा एमालेको शासन कालमा रद्द भएपछि एक प्रकारको अन्योल, अनिश्चितता र सङ्कटपूर्ण स्थिति पैदा भएको थियो । नेकपा एमालेलाई विस्थापित गरी बनेको वर्तमान संयुक्त सरकारले

समयको तकाजा र मुलुकको आवश्यकता राम्ररी बुझेर तात्कालिक माग पूरा गर्ने जो प्रयत्न गरेको छ र नयाँ साना, मझौला र ठूला आयोजना क्रमशः विकास गर्दै जाने जो लक्ष्य लिएको छ, त्यसको सफल परिणतिको रूपमा जनताले वर्षौंदेखि भोग्दै आएको लोड सेडिङको अन्त्य हुनु र मोदी खोला आयोजना र काली गण्डकी 'ए' आयोजना शुरु गर्ने तत्परतालाई राम्रो शुरुआत भन्नु पर्दछ । यस्ता आयोजनाहरू अरू पनि आऊन् र तिनले राष्ट्रिय हितलाई पर्याप्त परिपूर्ति गरून् आजको खाँचो यही हो ।

जल सम्पदाको उपयोगको लागि आवश्यक लगानी जुटाउनु आजको अहम् समस्या हो । निजी क्षेत्र र बाहिरको लगानीलाई समेत उपयोग गर्ने नीति अख्तियार गर्नु विकासका निम्ति समीचीन नै हुन्छ । प्रतिपल खेर गइरहेको सम्पदालाई जसरी पनि उपयोगमा ल्याउने युक्ति निकाल्नु बुद्धिमानहरूको काम हो । विकासको चाहना गर्दा केही न केही कतै न कतै केही क्षति हुन सक्छ । तर तुलनात्मक लाभको दृष्टिले त्यस्तो क्षति सहनु पर्ने पनि हुन्छ । यो हिसाबले विकासलाई अघि बढाउने प्रयत्न सबै पक्षबाट हुनु जरुरी छ । राजनीति विकास साधक हुनु पर्दछ, बाधक हुनु हुँदैन । यस सन्दर्भमा कालीगण्डकी 'ए' विद्युत परियोजनाको क्रियान्वयन देशवासीका लागि सुखद समाचार हो ।

# प्रजातन्त्रको स्थायित्व र विकास

१९ चैत २०५२

प्रजातन्त्र, संसद, दलीय पद्धतिको जनक बेलायतलाई भनिन्छ । बेलायती प्रजातन्त्रको इतिहास ७ सय वर्षभन्दा बढीको छ । त्यहाँ संसदीय प्रजातन्त्रको लामो अभ्यासपछि मात्रै दलीय पद्धति आएको हो । त्यसैले बेलायतमा प्रजातन्त्रले दल जन्माएको हो । तर नेपालमा प्रजातन्त्र ल्याउने काम राजनीतिक दलले गऱ्यो ।

हुन त प्रजातन्त्र जनताको व्यवस्था हो । प्रजातन्त्रलाई संरक्षण र संवर्धन गर्ने काम पनि जनताकै हो । प्रजातन्त्रको अभ्यासको माध्यम संविधानतः जनताले पार्टीको माध्यमबाट गर्नुपर्ने व्यवस्था गरिएकोले जनताको प्रजातन्त्रको सुरक्षा र संवर्धनको जिम्मेदारी दल-हरूलाई प्राप्त भएको छ । आफूलाई प्राप्त यो जिम्मेदारीलाई नेपालका राजनीतिक दलहरूले कति निर्वाह गर्न सकेका छन् वा छैनन् आज मूल चिन्ता र चासोको विषय भएको छ ।

युगान्तकारी परिवर्तनपछि भएका निर्वाचनमा उभ्रेका राजनीतिक दलहरूमा नेपाली काङ्ग्रेस, नेकपा एमाले र राप्रपा प्रमुख हुन् । पहिलो निर्वाचनमा पूर्ण बहुमत हासिल गरेर सत्तारूढ बनेको नेपाली काङ्ग्रेस आफ्नो बहुमत छँदाछँदै मध्यावधिमा गएर दोस्रो स्थानमा झऱ्यो । बहुमतमा कुनै दल पुगेनन् । प्रतिनिधि सभा त्रिशङ्कु बन्यो । जनादेशको अनुरूप मिलीजुली सरकार बन्नु पर्दथ्यो । नेकपा एमालेले जिद्दी गरेर अल्पमतको एकमना सरकार बनायो । उसको सर्वसत्तावादी कार्यशैलीले ९ महिनामा नै सत्ताबाट हट्नु पऱ्यो । त्यसपछि बनेको नेपाली काङ्ग्रेस, राप्रपा र सद्भावनाको संयुक्त सरकारलाई ७ महिनामा गिराउन नेकपा एमालेले लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाउने प्रलोभन दिएर प्रयत्न गऱ्यो । तर सफल भएन । उसको यो प्रयत्नले राप्रपामा जो दरार पैदा भएको छ त्यसले सरकारको स्थायित्वको सन्देहलाई घनीभूत पारिरहेछ । त्यस्तै नेपाली



काङ्ग्रेसभित्र झनै सत्ता लिप्साको द्वन्द्व छ । यसरी यो ६ वर्षको अन्तरालमा राजनीतिक दलका कार्यकर्ताहरूमा दलीयताको संस्कारभन्दा व्यक्तिवादी संस्कार प्रबल देखियो । फलतः दलीय व्यवस्थामाथि नै मानिसहरूमा वितृष्णा पैदा हुनु अस्वाभाविक होइन । तर पनि प्रजातन्त्रको विकल्प खोज्ने कुरा जनतालाई शोभनीय र सह्य कुरा हुँदैन । त्यसर्थ जनताले राजनीतिक दलहरूलाई सही बाटोमा ल्याउन उसका क्रियाकलापहरूको व्यापक र निर्भय किसिमले टीका-टिप्पणी गर्ने बानी बसाल्नु पऱ्यो । राजनीतिक दलहरूका कार्यकर्ताहरूलाई निर्भयतासाथ उसका गल्ती औँल्याइदिनु पऱ्यो र राजनीतिक दलका कार्यकर्ताहरूले आफ्ना पदासीनहरूको कार्यशैली र क्रियाकलापलाई आ-आफ्ना मञ्चबाट आलोचना गरेर सही बाटोमा हिँडाउने प्रयत्न हुनुपऱ्यो । पार्टीको नाममा कुनै प्रकार घात गर्ने काम हुन नपाओस् यसको निम्ति जनता र कार्यकर्ता निर्भीक भएर अगाडि आउनु जरुरी छ । प्रजातन्त्रको संस्कार विकसित गराउन जनता नै सचेत हुन जरुरी भइसकेको छ ।

# संस्कृत, संस्कृति र शिक्षा

२० चैत २०५२

महेन्द्र संस्कृत विश्वविद्यालयले पोखराको विन्दुवासिनी विद्यापीठलाई आङ्गिक विद्यापीठको स्वीकृति प्रदान गरेछ । त्रिभुवन विश्वविद्यालयको मातहत आधुनिक पद्धतिको शिक्षा दिने धेरै क्याम्पस–केही आङ्गिक र केही निजी–यहाँ छन् । संस्कृततर्फ विद्यापीठ भनियो, आधुनिकतिर क्याम्पस भनियो । मान्यताको दृष्टिले पीठ र क्याम्पस समान हुन् तापनि क्याम्पसतिर पढ्नेहरूको घुइँचो छ, तर विद्यापीठमा विद्यार्थीको न्यूनता छ । यो किन भन्दा संस्कृत शिक्षाभन्दा मानिसहरू संस्कृत भाषाको शिक्षा सम्झन्छन् र संस्कृत शिक्षा लिनु भनेको पण्डित, पुरोहित र पूजारी बन्नु हो; पण्डित, पुरोहित, पूजारी बनेर आजको मानिसको आवश्यकता पूरा हुँदैन, मानिसका समस्या सुल्झन्नन् भन्ने मानिसहरूको विश्वास बनेको छ । व्यवस्था त्यस्तै भएको छ, तदनुसार विश्वास पनि बनेको छ । वस्तुतः यो जो भ्रामक स्थिति छ, गलत कुरो भइरहेको छ । संस्कृत शिक्षा र अङ्ग्रेजी शिक्षा भनेर शिक्षाको मर्म र महत्वलाई हामीले नबुझेको जस्तो देखिएको छ ।

संस्कृत भाषा हो, अङ्ग्रेजी पनि भाषा हो । भाषाको आधारमा शिक्षालाई विभाजित गरेर एउटालाई आकर्षक र अर्कोलाई अनाकर्षक पारेर भेद गर्नु/देखाउनु वस्तुतः राम्रो कुरा हुँदै होइन । नेपाललाई चाहिएको नेपाली शिक्षा व्यवस्था हो । शिक्षा भन्दा जीवनो-पयोगी ज्ञान, गणित, समाज शास्त्र, व्यापार, विज्ञान, प्रविधि, धर्म दर्शनको ज्ञान नै शिक्षा हो । संस्कृत, अङ्ग्रेजी आदि भाषा हुन् र भाषा र ज्ञान सञ्चारको माध्यम मात्र हो । त्यसैले ज्ञान सञ्चारको माध्यमलाई नै ज्ञानको रूपमा व्यवहार गर्नु उपयुक्त देखिँदैन ।

संस्कृत, संस्कृतिको मूल हो, संस्कृतिको रक्षा गर्न संस्कृतको पठन-पाठन हुनुपर्छ भनेर संस्कृतको आवश्यकता बोध गराउने प्रयत्न भएका छन् । नेपाल बहुजातीय, बहुभाषिक देश भएकोले हरेक जात जातिका आ-आफ्ना भाषा, भेष र संस्कृति पनि छन् । व्यापक परिवेश भएको सबैलाई समेट्ने नेपाली संस्कृति अझै विकसित हुन बाँकी छ । नेपाली राष्ट्रियताले नेपाली संस्कृतिको रूप र स्थान लिन सकेको देखिँदैन ।

त्यसमाथि जातीय-मोह जगाएर नेपाली नेपालीबीच भेदभाव द्वेष र घृणा सिर्जने प्रयासहरू भइरहेका छन् । त्यसैले संस्कृतिसँग गाँसिदिँदैमा संस्कृतको उत्थान हुनेवाला छैन । संस्कृतलाई माउ भाषाका हिसाबमा ज्ञान विज्ञान प्रविधिको शिक्षाको निमित्त अध्ययन अध्यापन गरिनु, तदनुसार पाठ्यक्रम-पाठ्यपुस्तकहरूको विकास गरिनु वाञ्छनीय छ भने भाषा र दर्शन विषयको उच्च अध्ययनको विषय पनि संस्कृतलाई बनाउन सकिन्छ । तर हाम्रो कर्मकाण्ड लोप हुन लाग्यो भनेर सस्कृत पढ्ने पढाउने कुराले पढ्ने पढाउनेलाई आकर्षण गरेको देखिँदैन ।

त्यसैले संस्कृत, संस्कृति र शिक्षाको विषयमा आफ्नो धरातलमा उभिएर आफ्नो समय र परिवेशलाई नयाँ सोच, नयाँ विचार गरिनु आवश्यक छ । अहिले नेपाली विचार गुलामी विचारले ग्रसित छ। स्वतन्त्र र वस्तुनिष्ठ चिन्तनको खाँचो देखिएको छ।

# महिला हक-हितका कुरा

२२ चैत २०५२

नारी र पुरुष मिलेर मानिसको समाज बन्दछ । नारी-नारी अथवा पुरुष-पुरुषको अलग अलग मनुष्य समाजको कल्पना पनि गर्न सकिँदैन । नारी र पुरुष सृष्टि संरचनाको अपरिहार्य तत्व हुन् र एकको अभावमा अर्कोबाट प्रकृत धर्मको निर्वाह हुनै सक्तैन । अतएव मनुष्य समाजमा पुरुषको जे जति महत्व छ त्योभन्दा रत्तिभर कम नारीको छैन । साँचो भन्नुपर्दा जिम्मेदारीको दृष्टिले पुरुषभन्दा नारी नै महान् छन् ।

तर अहिले समाजमा नारी र पुरुषमा भेदभाव छ, त्यो भदेभाव हट्नु पर्दछ भन्ने आवाज गुञ्जिदैछ । स्वतन्त्रताको अधिकार, सम्पत्तिको अधिकार एवं समानताको अधिकारका लागि महिला सङ्गठित भएर आवाज दिँदैछन् । आफ्ना अधिकारकाप्रति सचेत हुनु, जागृत हुनु, प्राप्त गर्नु र उपभोग गर्नु सर्वथा उचित कुरा हो ।

समाजमा नारी र पुरुषमा भेदभाव प्रशस्त नभएका होइनन् । यो भेदभाव केही उनीहरूको शारीरिक प्रकृतिका कारण, केही सुरक्षाका दृष्टिले आफैंले स्वीकार गरिएका कारणले हुने भेदभावहरू छन् भने केही त्यही प्रकृत कमजोरीलाई दृष्टिगत गरी समाज पद्धतिमा चल्दै आएका भेदभावहरू छन् । त्यसमा स्वतन्त्रताको अधिकार, सम्पत्तिको अधिकार र समानताको अधिकारमा दखल दिने र नारीलाई पुरुषको भन्दा निम्न श्रेणीमा देख्ने जो पारम्परिक धारणा छ त्यो हटाउनु जरुरी छ । यिनै धारणका आधारमा बनेका कानून र चलाएका चलनहरू पनि अब समयले अव्यावहारिक र अशोभनीय भएका छन् । समय र शिक्षा एवं सम्पन्नतामा त्यस्ता अशोभनीय चलनहरू हटी पनि सकेका छन् । तर कतिपय कुराहरू अपठित, अर्ध शिक्षित विपन्न स्थितिमा रहेको समाजमा अझै पनि विद्यमान छन् र कतिपय कुराहरू महिला वर्गमा संस्कारकै रूपमा रहेका समयले अनपेक्षित भइसकेका रूढिहरूको परिमार्जन जरुरी छ र त्यो नारी जागरणबाट हुनुपर्दछ ।

हिजोआज छोरीलाई छोरा सरह पैतृक सम्पत्तिबाट अंश पाउनुपर्छ भन्ने माग उठेको छ । जहाँसम्म समानता र न्यायको दृष्टिको कुरा हो त्यो माग नाजायज होइन । तर युग युगदेखि चल्दै आएको चलनलाई एकाएक ऐन बनाएर हटाउन खोज्दा त्यसको परिणाम वाञ्छित नहुन पनि सक्तछ । छोरा छोरीलाई समर्थ बनाउनु बाबु-आमाको



कर्तव्य हो । बाबु-आमाको सम्पत्तिको अंश बाबु-आमा जीवित छँदै कसैले नपाउने र उनीहरूको शेषपछि उनीहरूले इच्छाएअनुसार हुने व्यवस्था कानूनले गर्नुपर्ने माग आज सबैले गर्नुपर्ने हो । पैतृक सम्पत्ति अंशका कारण दाजु-भाइमा झगडा, बाबु छोरामा झगडा, आमा छोरामा झगडा हुने गरेकै हो, यदि महिलाको मागअनुसार छोरीले पनि अंश पाउने व्यवस्था हुने हो भने दिदी-भाइ, दाजु बैनीमा हुने सौहार्दता हराउने छ, अंश मुद्दा बढ्नेछन् । आर्थिक दृष्टिले हाम्रो कृषि प्रधान देशमा कृषि योग्य जमिन खण्डीकरण भई उत्पादकत्वमा ह्रास भइरहेको छ । सोच विचारमा हाम्रो नवीनता हुनुपर्छ । छोरा सरहका अंश पाउने हक पाउँदैमा महिलाको उद्धार हुन्छ भन्ने छैन । पैतृक सम्पत्तिको अंश भागी नहुँदैमा आर्थिक पराधीनता हुन्छ भन्ने कुरा पनि युक्तियुक्त देखिँदैन । नारी र पुरुष अलग अलग होइन एक भएर समाजका विसङ्गति मेटाउन प्रयत्न गर्नु पर्दछ । यतातिर सबैको ध्यान जाओस् ।

# बितेका ६ वर्षलाई फर्केर हेर्दा

२५ चैत २०५२

भोलि चैत २६ गते पुनर्स्थापित बहुदलीय प्रजातन्त्र सातौं वर्षमा प्रवेश गर्दैछ । बहुदलीय प्रजातन्त्रका यी बितेका ६ वर्ष कस्ता रहे त्यसको सिंहावलोकन हुनु अगाडिको पाइला सार्नलाई आवश्यक हुन्छ । हिजोको क्रियाकलापको परिणाम नै आजको स्थिति हो । भोलिलाई आजभन्दा उज्यालो बनाउन चाहनेले अतीतका अनुभवको अवज्ञा गर्न मिल्दैन ।

बहुदलीय प्रजातन्त्रको पुनस्थापना भएको ६ वर्षमा विभिन्न स्थितिका ४ ओटा सरकार देशले पायो । २ पटक आम निर्वाचन सम्पन्न भयो र एउटा स्थानीय निकायहरूको निर्वाचन भयो । पहिलो आम निर्वाचनबाट आएको बहुमतको सरकारले असमयमै प्रतिनिधि सभा विघटन गराएर मध्यावधि गरायो र भएको बहुमत गुमाएर पहिलो स्थानबाट दोस्रो स्थानमा ओर्लियो । मध्यावधि निर्वाचनमा बहुमत कसैको आएन । सदनमा सबैभन्दा बढी सीट भएको पार्टीले अल्पमतको सरकार बनायो । ६ महिनामा अविश्वास प्रस्ताव आउँदा सदनलाई नै विघटन गराई अर्को चुनाव गराउने घोषणा गरायो । त्यो घोषणालाई सर्वोच्च अदालतले असंवैधानिक ठहऱ्यायो र विघटित प्रतिनिधि सभा पुनर्जीवित भयो । अविश्वास प्रस्ताव स्वीकृत भयो र मिलीजुली सरकार बन्यो । मिलीजुली सरकारले पनि ६ महिना पूरा गरेको थियो थिएन पुनः विशेष अधिवेशन बोलाई अविश्वास प्रस्ताव राखियो तर अस्वीकृत भयो । संयुक्त सरकार ढलेन, तर सङ्कट भने टरेको छैन । सरकार बहुमतकै भए पनि त्यो बहुमत कति टिक्ने हो निश्चित कसैलाई छैन ।

६ वर्षका यी संवैधानिक अभ्यासले प्रजातन्त्रलाई सुदृढ बनाएका छैनन्; कमजोर बनाएका छन् । किन यस्तो भयो ? सबैका सामु अहिले यो अहम् प्रश्न खडा छ ।

प्रजातन्त्रको संवैधानिक अभ्यासको माध्यम राजनीतिक दलहरू हुन । राजनीतिक दलहरू नीति र कार्यक्रमको आधारमा सङ्गठित नभएर नेतामुखी भए । नेताहरू सत्तामुखी भए । नेताहरूको उद्देश्य जसरी हुन्छ सत्ता प्राप्त गर्नु, सत्ताको सुख भोग्नु मात्र भयो । उनीहरूले आफ्नो अतीतलाई बिर्से । आफूले चढेको भऱ्याङलाई बेवास्ता गर्दै राज्यको स्रोत-साधनलाई नयाँ भऱ्याङ बनाउने काममा उपयोग गरे । फलतः पार्टीभित्रै विग्रह

जन्मे, घात-प्रतिघात-अन्तर्घात र आत्मघातसम्मको स्थिति सिर्जियो । अन्तरिमकाललाई छोडेर गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी र शेरबहादुर देउवाको नेतृत्वमा बनेको सरकारले देशमा प्रजातन्त्रको संस्कार देखाउन नसकेको तीतो अनुभव जनतालाई छ ।

जनता यो जान्दछन्– प्रजातन्त्र विधिको शासन हो । जनतालाई यो पनि थाहा छ– देश विकास चाहन्छ र प्रजातन्त्रले नै देशको विकास गर्दछ । तर अहिलेसम्म सत्तामा जानेहरूले सत्तामा पुगेर विधिको व्यवस्था गर्न सकेनन् । उनीहरू लालची बने, जसरी हुन्छ 'पहिले आफू बन अनि आफ्नालाई बनाऊ'लाई मूल मन्त्र बनाए । फलतः जनतालाई आफ्ना नाममा सीमित मानिसहरूको मोजमज्जा गर्ने व्यवस्था प्रजातन्त्र रहेछ भन्ने पऱ्यो । भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती, पक्षपात, सर्वत्र व्याप्त भयो । नीति, नियम, नैतिकता कतै देखिएन । सर्वत्र निराशा छायो । राजनीतिक दलका नेताहरूको आचरण, बोली, व्यवहारले कोहीमाथि पनि जनताले भरोसा गर्न नसक्ने भयो । यत्ति असहिष्णु यत्ति गैह्र जिम्मेदार र यत्ति चरित्रहीन सत्ताका निम्ति मानिस बन्दोरहेछ भन्ने कुरा विगत ६ वर्षले देखाएको छ । यो प्रजातन्त्रको दुर्दशा मात्र होइन देशको नै दुर्भाग्यको स्थिति हो ।

प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको ३० वर्षको सङ्घर्ष र जनआन्दोलनले सफलता प्राप्त गरेको दिन चैत २६ को महत्तालाई नै आन्दोलनकारी शक्तिहरूले भुले । सत्ता प्राप्ति नै उनीहरूको मूल लक्ष्य बन्यो; प्रजातन्त्र ल्याउने २६ चैतको आजसम्म कुनै सम्झना देखिएन । मुलुकमा प्रजातन्त्रको संस्कार विकास गर्न जबर्दस्त अर्को क्रान्तिको आवश्यकता छ । त्यो क्रान्तिको आरम्भ यही २६ चैतबाट प्रजातान्त्रिक आन्दोलनका योद्धाहरूले गर्नु जरुरी भइसकेको छ । गणेशमान सिंह अध्यन प्रतिष्ठानले बिर्सिएको २६ चैतलाई सम्झाइदिएको छ । आजीवन प्रजातन्त्रको सङ्घर्षमा समर्पित ०४६ को जन-आन्दोलनका अधिनायक गणेशमान सिंहलाई अभिनन्दन गर्ने कार्यक्रम गरेर २६ चैतलाई सम्झाएकोमा त्यो प्रतिष्ठानलाई साधुवाद दिनुपर्छ । हामी पनि गणेशमान सिंहको अभिनन्दन र चिरायुको कामना गर्दछौं । बहुदलीय प्रजातन्त्र पुनर्स्थापित भएको सातौं वर्षको पूर्व सन्ध्यामा हामी समस्त प्रजातन्त्रप्रेमी दाजु-भाइ दिदी-बहिनीहरूलाई हार्दिक अभिनन्दन गर्दै प्रजातन्त्रको प्रतिष्ठापनको लागि निर्भीकतासाथ सक्रिय हुन साग्रह अनुरोध गर्दछौं ।

# विश्व स्वास्थ्य दिवस

२६ चैत २०५२

हिजो संसारका सबैजसो मुलुकमा औपचारिक रूपमा विभिन्न कार्यक्रमहरूको आयोजना गरी विश्व स्वास्थ्य दिवस मनाइयो । संयुक्त राष्ट्र सङ्घ स्थापना भएपछि संयुक्त राष्ट्र सङ्घले विश्वमा शान्ति स्थापना गर्ने कार्यमा विश्वको स्वास्थ्य स्थिति, शिक्षा, संस्कृति आदिको पनि योगदान हुने हुनाले आफ्ना मातहतमा विश्व स्वास्थ्य सङ्गठन, युनेस्को, युनिसेफ आदि सङ्गठनहरू स्थापना गरेको हो । विश्व स्वास्थ्य सङ्गठन स्थापित भएदेखि विश्व स्वास्थ्य दिवस मनाइने चलन चलेको हो । हरेक वर्ष २५ चैत (७ अप्रिल) को दिनलाई विश्व स्वास्थ्य दिवसको रूपमा मनाइने गरेको छ ।

जतिबेला विश्व स्वास्थ्य सङ्गठन खडा भयो त्यो बेला विश्वमा जनस्वास्थ्यको स्थिति ज्यादै भयावह थियो । खासगरी एशिया अफ्रिकाका विकासोन्मुख मुलुकहरूको स्थिति अरू दयनीय थियो । औलोको ज्वर, हैजा, विफर, टी.बी. जस्ता सङ्क्रामक र घातक रोगहरूले बहुसङ्ख्यक जनता पीडित थिए । स्वास्थ्यसम्बन्धी चेतना र ज्ञानको अभावमा सामान्य पखाला र रुघाखोकीले पनि मानिसहरू असमयमा नै कालको मुखमा जान्थे । गरीबी र अशिक्षाका कारण रोगको निदान, उपचार, रोकथाम आदि हुन नसकेको स्थिति एकातिर थियो भने अर्कोतिर स्वास्थ्य सेवाको सुविधा उपलब्ध नभएर पनि मानिसहरूको ठूलो सङ्ख्या अकालमा कालकवलित हुन्थ्यो । गरीबी र अज्ञान एवं अन्धविश्वासका साथै कुपोषण स्वास्थ्य क्षेत्रमा ठूलो चिन्ताको विषय थियो ।



आज पहिलेको जस्तो स्थिति छैन, स्वास्थ्यका क्षेत्रमा धेरै सुधार भएका छन् । स्वास्थ्यसम्बन्धी सुविधाहरूको विकास भएको छ । नयाँ नयाँ औषधी र उपचार पद्धतिहरू विकसित भइरहेका छन् । मानिसको स्वास्थ्यसम्बन्धी चेतना बढेको छ, बढाउने प्रयत्न जारी छ । पुरानो महामारीको भय र आतङ्क अहिले कम भएको छ । तैपनि विकसित साधन, सुविधा पर्याप्त हुन सकेको छैन एकातिर भने अर्कोतिर उपलब्ध साधन, सुविधा र सेवाहरू हुनेका लागि मात्र भएका छन् । नहुनेहरूका लागि ती स्वास्थ्यसम्बन्धी सेवा सुविधा उनीहरूको पहुँचबाहिर छन् ।

सञ्चार, यातायात र स्वास्थ्य सेवा, साधन, सुविधा, औषधीको खोज अनुसन्धान आदिले आज जनस्वास्थ्यको स्थितिमा पर्याप्त सुधार भएर पनि महिला, केटाकेटी, गरीब, बेरोजगारहरूको स्वास्थ्योपचारको विषयमा सोच्नु पर्ने ध्यान दिनु पर्ने अवस्था एकातिर टड्कारो छ भने नयाँ रोग उत्पत्ति हुने र तिनको सङ्क्रामकताले मानिसलाई पिरल्ने क्रम पनि जारी नै छ । रोग लागेर उपचार गराउने समस्या एकातिर छ भने अर्कोतिर रोगले छुन नपाओस् भनेर स्वास्थ्य चेतना विकसित गर्नुपर्ने दायित्व छ ।

विश्व स्वास्थ्य दिवस यस्तै चेतना जगाउने दिवस हो । स्वास्थ्य मन्त्रीले रेडियोबाट वक्तव्य प्रसारित गरेर मात्र दिवस मनाउने औपचारिकता पूरा भएको मान्न मिल्ला जस्तो लाग्दैन । स्थानीय स्वास्थ्यसम्बन्धी निकाय र स्थानीय निकायहरूले ठाउँ ठाउँमा विविध कार्यक्रमहरू आयोजित गरी स्वास्थ्य चेतना जगाउने काम गर्नु पर्दथ्यो । अगि अगि त केही न केही गरिन्थ्यो । अहिले स्थानीय तहमा त्यस्तो कार्यक्रम केही भए जस्तो लागेन । स्वास्थ्य विभाग र स्थानीय निकाय एवं गैरसरकारी सङ्घ-संस्थाहरूको यो दिवसकाप्रति जो उदासीनता देखियो यसलाई राम्रो मान्न सकिँदैन ।

# नियम-नीति नाघ्ने नेताहरू

२७ चैत २०५२

आज २०५२ सालको चैत २६ रहेछ, भित्ते पात्रोले देखायो । ६ वर्षअघि आजकै दिन नेपाली काङ्ग्रेसको आह्वानमा जनताले गरेको आन्दोलनले ३० वर्षदेखि चलेर आएको निरङ्कुश निर्दलीय पञ्चायतलाई ढालेको थियो । ०१७ सालमा प्रतिबन्धित भएका राज-नीतिक दलहरूमाथिको प्रतिबन्ध हटेको थयो र बहुदलीय प्रजातन्त्र पुनः स्थापना गर्ने लक्ष्य पूरा भएको थियो । यो घटना इतिहासको युगान्तकारी मोड थियो र एउटा ठूलो परिवर्तन थियो । यो आउँदा हरेक जनता पुलकित थियो र हर्षले गद्‌गद् थियो ।

जनताले सोचेका थिए– प्रजातन्त्रमा विधि-विधानको शासन हुन्छ । विधि-विधान जनताका चुनिएका प्रतिनिधिले बनाउँछन् र त्यो विधि-विधानले शासन गरिने हुँदा सुव्यवस्था हुन्छ, सुव्यवस्थाले समृद्धि ल्याउँछ र समृद्धिबाट शान्ति र सुख हुन्छ । तर, खै ? ६ वर्ष बितेर ७ वर्ष लागिसक्यो सुव्यवस्थाको कुरो छोडौं त्यसको मेलोमेसोसम्म पनि देखिएन । जनताले परिवर्तनको छनकसम्म नपाएको गुनासो गर्दैछन् ।

विधि-विधान बमोजिम चल्नु भनेको आफूखुशी चल्नु जस्तो सजिलो पक्कै पनि हुँदैन । त्यसमाथि प्रतिपक्षको तर्जनीलाई पनि ख्याल राख्नु पर्ने हुन्छ । प्रजातन्त्रमा, त्यसैले शासन गर्नु तरवारको धारमा हिँड्नु जस्तै कठिन कुरा हो । प्रजातन्त्रमा सत्ता शोखको कुरा नभएर सेवाको कुरो हो । सेवा धर्म परम गहन हुन्छ भनिन्छ । तर यहाँ उल्टो भइरहेको छ । सत्ता शानको, सुखको चीज हो र त्यहाँ पुगेपछि पछिका लागि पनि सकेजति सोहोर्नु पर्दछ भन्ने धारणा आफ्ना प्रतिनिधिको भएको अनुभव जनताले गरेका छन् । त्यसैले उनीहरू भन्छन्– जो जोगी आएपनि कानै चिरेको, कसलाई विश्वास गर्ने खै ? गाविसको वडा सदस्यदेखि सांसद र मन्त्रीसम्म यसरी शान-शौकततिर दौडिरहेका र सेवा भावबाट विमुख भएको आम जनताले अनुभव गरेका छन् । त्यसैले उनीहरू जनआन्दोलनको सार्थकता कहाँ छ ? बिन्याउँदै छन् ।

०४६ को जनआन्दोलनले ०१७ मा गुमाएको प्रजातन्त्र पुनस्थापित गरेको मात्र होइन, त्योभन्दा बढी अत्यन्त महत्वपूर्ण दुई कुराहरू ल्याएको छ । पहिलो हो जनता राज्य शक्तिको स्रोत हुनु, दोस्रो हो राजसंस्था संवैधानिक हुनु । नेपालको इतिहासमा जनताले उपलब्ध गरेका यी अपूर्व उपलब्धि हुन् । तर मानिसहरू प्रश्न गर्दछन्– खै, यी पाएर के भयो त ? बोल्न पाएर के गर्ने ? लेख्न पाएर के गर्ने ? जब बोलेको सुनिँदैन, लेखेको पढिँदैन भने । यी निराशाका कुरा हुन् । यो निराशा जनतामा किन कसरी पैदा भयो ? २६ चैतले यसको समाधान खोजेको छ ।

यो दलीय व्यवस्था हो । जनताको प्रतिनिधित्व दलहरूले गर्दछन् । बहुमत पाएको दल शासनारूढ हुन्छ, अल्पमत प्रतिपक्षमा बसेर जनताको समस्यालाई र आवश्यकता-लाई आवाज दिन्छ । सत्तारूढ र प्रतिपक्ष कसैले पनि आफ्नो जिम्मेदारी पूरा गर्न बितेका वर्षहरूमा सकेनन् । यिनीहरू सत्ता मोहले मोहित भए । आफ्नो कर्तव्य भुले । यी सबै विकृति र वितण्डाहरू नेताहरूले नियम नीति छोडेर भएको हो । जनता सङ्गठित भएर आवाज दिनुपर्‍यो; यी भड्केका नेताहरूलाई सही गोरेटोमा ल्याउने काम अब जनताले गर्नुपर्दछ । जनता सचेत हुनुपर्‍यो, जाग्नुपर्‍यो । निर्भय भएर भ्रष्टाचार, ढिलासुस्ती, नाता-कृपाको विरोध गर्नुपर्‍यो र नीति नियम र न्यायलाई प्रतिष्ठापित गर्नु पर्‍यो । २६ चैतले यही भन्छ ।

# चुलिएको महङ्गी र जनता

२८ चैत २०५२

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्‍यो । आधारभूत कुरामा धेरै होस् या थोरै होस् मूल्य वृद्धि हुनासाथ मूल्य वृद्धिको नयाँ चक्र शुरु भैहाल्छ । यावत सेवा र वस्तुको मूल्य त्यसैलाई निहुँ बनाएर वृद्धि गरिन्छ । दश प्रतिशत पेट्रोलियमको



मूल्यमा वृद्धि हुदा यो वृद्धिको चक्रले अरू वस्तु र सेवाको मूल्य पच्चीस प्रतिशतले वृद्धि हुनु कुनै आश्चर्यको कुरा हुँदैन । सरकारको अधीनको दूध विकास संस्थानले त तीन महिनाअघि नै मूल्य बढाएको थियो । कृषि विभागले रासायनिक मलको मूल्य पनि बढाएको छ । यसरी अब मूल्य वृद्धिको चक्रले कुनै चीजलाई नछोई छाड्ने छैन ।

मूल्य वृद्धिको कारण रुपैयाँको तुलनामा डलरको भाउ बढ्नु, अन्तर्राष्ट्रिय बजारमा चीजबीजको भाउ बढ्नु, 'सबसिडी' सरकारले दिन नसक्नुलाई दिइन्छ । वस्तुतः आज संसार साँगुरिएको छ र परनिर्भरता बढेको छ । त्यसैले महँगी विश्वव्यापी विषय भन्न सजिलो भएको छ ।

बजारमा वस्तुको मूल्य माग र पूर्तिको सन्तुलनले निर्धारण हुन्छ भन्ने अर्थशास्त्रको सिद्धान्त छ । किन्तु व्यवहारमा यो सिद्धान्तलाई ठूला व्यापारी र उद्योगपतिहरूले निष्फल पारिदिएका छन् । ठूला घरानाका २/४ व्यक्तिका हातमा सम्पूर्ण व्यापार केन्द्रित छ । उनीहरूले व्यापार मात्र होइन सम्पूर्ण अर्थतन्त्रलाई नियन्त्रण गरेको अनुभव मानिसहरूले गरेका छन् । उदार एवं बजारमुखी अर्थतन्त्र सरकारले लागू गरेको हुँदा व्यापारीले साँच्चिकै स्वतन्त्रता उपभोग गरिरहेका छन् । त्यसैले मूल्य वृद्धिले सीमित मानिसहरू मालामाल हुने र बहुसङ्ख्यक मानिसहरूको ढाड भाँचिने भइरहेको छ ।

महँगी नियन्त्रणको दायित्व सरकारको हुनुपर्ने धारणा जनताको छ । तर सरकार बजारलाई स्वतन्त्र छोडने सिद्धान्तको अनुयायी बनेको छ । हो, बजार स्वतन्त्र हुनु पर्दछ । बजारमाथि नियन्त्रण गर्नु अर्थतन्त्रको विकासलाई कुण्ठित पार्नु हुन्छ भन्ने आजभोलिको धारणा बनेको छ । यसो भन्दैमा व्यापारभित्रका कुटिल व्यवहार, शोषण र अनैतिक कार्यहरूलाई पनि छाडा छोड्नु पर्ने छैन । मूल्य नियन्त्रण गरेर उपभोक्तालाई सहुलियत दिनु, राहत दिनु सरकारको काम नै हो । तर बजार जसरी चलेको छ त्यसमा सरकारको कुनै नियन्त्रण नभएको, अथवा स्थानीय अधिकारीहरूबाट भ्रष्टाचार गरी अनियमित व्यापारलाई छाडा छोडिएको अनुभव जनसाधारणलाई हुनु आजको स्थितिमा अस्वाभाविक होइन । यो स्थिति उपभोक्ताको हक हितलाई ख्याल गर्ने हो भने उपभोक्ताकै सङ्गठन हुन आवश्यक भइसकेको छ । राजनीतिक पार्टीका नेताहरू त चौतारामा नारा मात्रै दिन्छन्, पछाडिको ढोकाबाट उनीहरू पनि मालामाल भइरहेका छन् । किनभने उनीहरूलाई चुनाव जो जित्नु छ ।

# बिदा २०५२, बिदा

३० चैत २०५२

विक्रमाब्द २०५२ ले आज हामीसँग सदाका लागि बिदा लिँदैछ । भोलिबाट पात्रो फेरिन्छ । समय गणनाको नयाँ पाइला नयाँ क्रम शुरु हुन्छ । नयाँ वर्ष, नयाँ महिना, नयाँ दिनको हामी खुशीयाली मनाउछौँ, एक वर्ष बुढिएको, पुरानिएको विनाशको मुखतिर नजिकिएकोलाई मसक्कै बिर्सेर । हो प्रतिपल, हर निमेष उन्मेष निरवच्छिन्न हाम्रो आयुसँग सम्बद्ध कालको निरर्थक गणनाक्रम जीवको जीवनीसँगै मात्र सम्बन्धित छ, स्वयं समय किंवा काललाई, कालको अनन्ततालाई यो गणनाको के अर्थ ? अर्थ-अनर्थको मतलव पनि हामीलाई नै हो, समयलाई केही छैन । समय शून्य हो, शून्यमा

शून्य जति थप त्यो शून्य नै हुन्छ । शून्यबाट शून्य जति झिके पनि त्यो शून्य रित्तिदैन । शून्य सत्य हो; शून्य नित्य छ । त्यही शून्यभित्र संसार छ र त्यहीं शून्य संसारको भ्रान्ति छ । त्यही भ्रान्ति हामी जिइरहेका छौं र भ्रान्ति नै जीवन भइरहेछ ।

२०५२ साल बिदा हुँदैछ । आज सुतेर उठ्दा भोलि आज भइसकेको हुनेछ । २०५२ को ठाउँ ०५३ ले लिइसकेको हुनेछ । अनि हामी शुभकामना साट्ने छौं शुभकामना बाँड्ने छौं । एकले अर्कोलाई सुखशान्ति र समृद्धिको हार्दिक कामना शब्दमा आदान-प्रदन गर्ने छौं । हो, शुभकामना शब्दमा मात्र हो, व्यवहारमा शुभकामना हुनै सक्तैन । किनभने मानिस आफूलाई बुद्धिमान सम्झन्छ, ऊ आज मात्र होइन भोलि पनि जिउने चाहना गर्दछ । त्यो चाहनाले उसलाई सङ्ग्रहशील बनाएको छ । त्यो उसको सङ्ग्रहशीलताले उसको विवेकशीलता नष्ट गरिदिन्छ । ऊ बराबरीमा विश्वास गर्दैन । अर्कोभन्दा आफूलाई ठूलो बनाउन, अर्कोमाथि रोवरवाफ बधार्न हर बखत लालायित रहन्छ । त्यसैले ऊ कहिल्यै व्यवहारमा शुभकामना दिन सक्तैन । उसको शुभकामना जहिले पनि शब्दको शुभकामना हो, आडम्बर हो । यही आडम्बरले शून्यमा कोलाहल मच्चाइरहेछ, यो कोलाहल हिजो थियो, आज छ, भोलि पनि रहने छ । किनकि भ्रान्ति जीवन हो र जीवन भ्रान्ति हो । शून्य निरवच्छिन्न छ, शून्यबाट निसृत भ्रान्ति र भ्रान्त जीवको जीवन निरवच्छिन्न समयको निरर्थक गणना गर्दै जिइरहेछ ।

शून्यको यही उहापोहमा व्यतीत समयका अपूर्ण कामनाहरूलाई पूरा गर्ने आशाको तन्तुमा झुण्डिएर हामी आगतको स्वागतार्थ लालायित छौं । अतीतको उपज नै आगत हुने, आगतमा हुने हाम्रा क्रियाकलापहरूले हाम्रो अनागत पनि प्रभावित हुने हुनाले हाम्रो आगतको सदुपयोग र अनागतलाई सुन्दर बनाउने हाम्रो दायित्वलाई हामीले कति बुझ्न सकेका छौं ? यो विचारणीय प्रश्न छ ।

आज बिदा हुन लागेको वर्ष २०५२ ले नेपालको इतिहासमा अपूर्व घटनाहरू घटायो । प्रजातन्त्रको अभ्यासको क्रममा भएका ती घटनाहरू स्वार्थपरक थिए, किन्तु ती सबै विफल रहे, प्रजातन्त्र जोगियो । तर खतरा मुक्त भने छैन । राष्ट्रिय जीवनमा उथलपुथल ल्याउने यस्ता घटनाहरूबाट जनताले पाठ सिक्नु पर्दछ र को ठीक हो र को बेठीक हो भन्ने ज्ञान जनताले गर्नु पर्दछ । ठीकलाई जनताले स्वागत गर्नु पर्दछ र बेठीकलाई दुत्कार्नु पर्दछ । प्रजातन्त्रको विकास, संरक्षण संवर्धनका निम्ति जनतामा यस्तो क्षमता विकसित हुनु जरुरी छ । यो शिक्षा २०५२ ले हामीलाई दिएको छ । समयले सिकाएको पाठ हामीले सिकेनौं भने हामी स्वयं धोका खानेछौं । अस्तु ।

# २०५३ वर्षले सबैको भलो गरोस् ।

२ वैशाख २०५३

३६५ दिन बितेपछि नयाँ वर्ष शुरु हुन्छ । विक्रमको २०५२ वर्ष बिते, आज हामीले २०५३ मा पाइला टेकेका छौं । हामीले चाहेपनि नचाहे पनि एक एक गरेर दिन बित्दै जान्छन् र ३६५ दिनपछि फेरि हामी अर्को नयाँ वर्ष मनाउँछौं । नयाँ वर्ष प्रवेशका अवसरमा हामी हाम्रा हितैषीहरूलाई उनीहरूको सुख, शान्ति र समृद्धिको शुभकामना दिन्छौं र उनीहरूबाट लिन्छौं पनि । यो सामाजिक शिष्टाचारलाई निर्वाह गर्ने हेतुले



*दैनिक जनमत* आज यी पंक्तिहरू पाठक, विज्ञापनदाता एवं अन्य सुहृद् सज्जनका सेवामा शुभेच्छाको रूपमा प्रस्तुत गर्दछ ।

भर्खरै हामीबाट बिदा भएको वर्षले राष्ट्रिय जीवनमा प्रजातन्त्रको अभ्यासको क्रममा अपूर्व अनुभव हामीलाई दिएको छ । यो अनुभवबाट हामीले के कति सिक्यौं वा सिकेनौं त्यो आउँदा दिनका हाम्रा क्रियाकलापले देखाउने नै छ । तैपनि तत्काल केही भन्नुपर्दा हामीले अनुभव गरेको राष्ट्रिय आवश्यकता र त्यो आवश्यकताप्रति अभिव्यक्त हाम्रा रखहरू र हाम्रा क्रियाकलापलाई निष्पक्ष ढङ्गले समीक्षा गर्दा समाजलाई नेतृत्व दिने राजनीतिक दलहरू-सत्तारूढ र प्रतिपक्षका नेताहरूको वचन र कर्ममा सङ्गति भेटिन्न, उनीहरूको दृष्टि निजाग्रहको रङ्गले रङ्गिएको छ । उनीहरूले अङ्गीकार गरेको आदर्श, सिद्धान्त, नीति-निष्ठाप्रति उनीहरूको इमानदारी सन्दिग्धपूर्ण छ भन्ने कुरा भन्नै पर्दछ । यसबाट के स्पष्ट हुन्छ भने हामीले पूर्वका घटनाहरूबाट सिकेका छैनौं, सिक्ने हाम्रो 'मुड' नै छैन, हाम्रा सम्पूर्ण प्रयास आत्म केन्द्रित छन्, देश र जनताको त नामै मात्र हो ।

त्यसैले आजको प्रवृत्तिलाई हेर्दा ०५२ को भन्दा ०५३ को वर्ष केही सुधन्छ कि भन्ने अपेक्षा मात्र गर्न सकिन्छ । हुन सक्छ परिस्थिति अरू खराब बनोस् । यो एउटा सम्भावना हो । हामी यो शुभेच्छा गरौं– अकल्याणकारी कुरा केही नहोस्, बस् यत्तिमात्र हाम्रो अधीन छ । अतएव यो अवसरमा यो वर्ष २०५३ ले सबैको भलो गरोस् यही हाम्रो शुभेच्छा, शुभकामना राख्दै औपचारिकता पूरा गर्दछौं । अस्तु ।

# असन्तोषको निदान र उपचार खोजिनु पर्छ

७ वैशाख २०५३

अहिले चर्चेको शासन व्यवस्था लामो सङ्घर्ष त्याग, तपस्या र बलिदानले ल्याएको हो । यो ल्याउँदा जनताको जीवन, धन सर्वस्व के भएन ? त्यसैले यसकाप्रति जनताको माया-मोह हुनु नितान्त स्वाभाविक कुरा हो ।

प्रजातन्त्र स्थापनाका सङ्घर्षहरूको आह्वान र नेतृत्व दुवै नेपाली काङ्ग्रेसले गऱ्यो । पछिल्लो निर्णायक जनआन्दोलनलाई कार्यगत एकताको आधारमा विभिन्न वाम सङ्गठनहरूले मोर्चा गरेर सघाए । त्यसैले ०४६ को आन्दोलनलाई संयुक्त जनआन्दोलन भनिएको हो । प्रजातन्त्र स्थापना भएपछि जनताले सत्ता नेपाली काङ्ग्रेसलाई दियो र बलियो विपक्षको स्थान नेकपा एमालेलाई दिएको हो । प्रजातन्त्र पुनस्थापना भएपछि ४ पटक सत्ता परिवर्तन भयो र तीनोटा सरकारको नेतृत्व नेपाली काङ्ग्रेसले गऱ्यो र एकपटक नौ महिना नेकपा एमालेले गऱ्यो । यसरी ६ वर्ष बित्यो । जनताले परिवर्तनको अनुभव गर्न सकेन, राहत र विकास देख्न पाएन । त्यसैले आज सर्वत्र असन्तोष व्याप्त भएको छ । यो असन्तोष विरोधीहरूको विरोध र अनर्गल प्रचारका कारण भएको बढेको होइन । यो हो राजनीतिको कुरा तर यसलाई राजनीतिक दृष्टिले हेरेर पन्छाउने कुरा पटक्कै होइन ।

असन्तोषका कारण एउटा होइन अनेक हुन सक्तछन् । नेताहरूले त्यसलाई विभिन्न प्रकारले अर्थ्याउन प्रयत्न गरेको पाइन्छ, तर त्यो अर्थ्याइले असन्तोषको निदान गरेको छैन । असन्तोष सङ्क्रामक रोग हो । यसको निदान विनाको उपचारले कुनै फाइदा गर्दैन, यो एकदमै निश्चित छ ।

बितेको ६ वर्षमा ५ वर्ष ३ महिना नेपाली काङ्ग्रेसले सत्ता सम्हाल्यो । अहिले संयुक्त सरकार भए पनि नेतृत्व नेपाली काङ्ग्रेसले गरिरहेकोले जनस्तरमा भुसको आगोझैँ पुतपुताएको असन्तोषको जिम्मेदारी नेपाली काङ्ग्रेसले लिनु पर्दछ ।

नेपाली काङ्ग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको विचारमा पार्टीको महाधिवेशनले असन्तोषको उपचार हुनसक्छ भन्ने छ । परन्तु महाधिवेशनले मात्रै मानिसको संस्कारमा सुधार ल्याउन सक्तैन । शीर्षस्थ नेतादेखि गाउँ एकाइका कार्यकर्तासम्मको आचार विचार र संस्कार नै प्रजातन्त्रको अनुकूल देखिँदैन र कुनै व्यक्ति पदासिन हुँदैमा ऊ नै संस्था हुँदैन ।

पदासिनहरू जे गर्दछन्, जे बोल्दछन् त्यो पार्टी बोलेको, पार्टीले गरेको मान्ने मनाउने जो संस्कार छ त्यो पुरानो सामन्ती संस्कार हो । हरेक काम नीति, नियम र निर्णय अनुसार हुनु पर्दछ । नेताको स्वविवेकीय अधिकार प्रजातन्त्रमा हुँदैन । त्यसैले पार्टी संस्थागत भएको छैन । दण्ड र न्याय क्रियान्वित भएको छैन । जबसम्म दण्ड र न्याय व्यवहारमा अभ्यास गरिन्न तवसम्म कार्यकर्ता नीतिमुखी नभएर नेतामुखी हुन्छन् । कार्यकर्ता नेतामुखी हुँदासम्म सङ्गठनमा अनुशासन कायम हुँदैन । जहाँ अनुशासन रहन्न त्यहाँ सङ्गठन सुदृढ हुने कुरा हुँदैन । यो शाश्वत सत्य हो । त्यसले निदान खोजिनु पर्छ र उपचार गरिनु पर्दछ । महाधिवेशनले अहिलेको असन्तोषका निदान र उपचार हुन सक्तैन ।

# जब पाखण्ड नै प्रतिष्ठित हुन्छ

११ वैशाख २०५३

मुद्रा शास्त्रमा ग्रेसमको नियम प्रसिद्ध छ । ग्रेसम भन्दछन्– असल मुद्रालाई खोटो मुद्राले विस्थापित गर्दछ, अर्थात् शुद्ध धातुको सिक्का र अशुद्ध वा कमसल धातुको सिक्का एकै साथ प्रचलनमा आयो भने शुद्ध धातुको सिक्का बिस्तारै हराउँदै जान्छ र चलन चल्तीमा कमसल धातुको सिक्का मात्र बाँकी रहन्छ । यो नियम मुद्राको दुनियाँमा मात्र होइन सामाजिक जीवन व्यवहारमा पनि लागू भएको टड्कारो देख्न सकिन्छ । साधु सज्जन पाखा पर्ने र पाखुरा देखाउने टपरटुइयाँहरूले समाजमा प्रतिष्ठा पाइरहेका हुन्छन् । यो दुर्भाग्यको स्थिति हो । यस्तो स्थितिमा समाज अगति वा अधोगतिको शिकार हुन्छ र जनताले दुःख पाउँछन् ।

अहिले प्रजातन्त्रको अभ्यास भइरहेछ । राजनीतिक दलहरू सङ्गठित छन् । प्रजातन्त्रको अभ्यासमा निर्वाचन मूल अभ्यास हो । निर्वाचन स्वतन्त्र र निष्पक्ष हुनु पर्दछ । चुनाव गर्ने मानिसको विवेकलाई विविध हथकण्डाको उपयोग गरेर प्रभावित पार्ने चेष्टाहरू हुन्छन् । चुनाव भनेको स्पर्धा हो र स्पर्धामा विज्ञापन बाजी हुनु अर्थात् आफ्नो उद्देश्य र कार्यक्रमको जानकारी गराउने प्रयत्नलाई आवश्यक र स्वस्थ मान्नु पर्दछ । तर यस्तो भइरहेको छैन । यो चिन्ताको विषय हो ।

दलीय व्यवस्थामा राजनीतिक दल व्यवस्थाको आधार स्तम्भ हो । प्रजातन्त्रलाई जीवन पद्धति अर्थात् संस्कारको रूपमा विकसित गर्नु आजको मूल आवश्यकता हो र यसमा राजनीतिक दलहरूले अहम् भूमिका खेल्नु पर्दछ । प्रजातन्त्र शासन व्यवस्थालाई स्वस्थ र सुचारु ढङ्गले चलाउन राजनीतिक दलले तवमात्रै सक्तछ जब ऊ पूर्णतः



संस्थात्मक हुन्छ र ऊभित्र प्रजातन्त्र पूर्ण रूपमा व्यवहृत हुन्छ । नेपालमा प्रजातन्त्र पुनस्थापना भएको ६ वर्ष भयो । यो स्थापना गर्ने नेपाली काङ्ग्रेस दलभित्र विग्रह मौलायो । दल तदर्थवादभित्र रुमलिइरहेछ । विधि विधानभन्दा नेताको आग्रह र अनुग्रहमुखी कार्यकर्ता भए । नेताहरूले संस्थालाई विर्ता वा पैतृक सम्पत्ति ठानेर व्यवहार गरे । जब नेताहरूकै आचरणले जनतालाई प्रजातन्त्रको अनुभूति दिन सक्तैन र सत्ता स्वार्थले विवेकलाई मारिदिन्छ त्यहाँ प्रजातन्त्रको नाममा पाखण्ड नै प्रतिष्ठित हुन्छ । सत्ता सेवाको लागि होइन शोखका लागि हो भन्ने संस्कार जब नेताले दिन्छन्, अनि सत्ताको लागि लुछाचुँडी, हानथाप, काटाकाट, मारामार जे पनि नचल्ने कुरा भएन । यस्तो स्थितिमा पैसा र पाखुराको प्रभुत्व हुनु आश्चर्यको कुरा होइन । त्यसैले जननेता बी.पी. कोइरालाले प्रजातन्त्र प्राप्तिपछि पनि झर्रा कार्यकर्ताले प्रजातन्त्रका निमित्त सङ्घर्ष जारी राख्नु पर्ने कुरा बताउनु भएको हो । निर्भीक भएर अन्तरात्माको पुकारअनुसार काम गर्नुपर्ने बेला आएको छ । मुलुकमा प्रजातन्त्रको संस्कार विकास गर्न दलभित्र शुद्धीकरण अत्यन्त जरुरी भइसकेको छ ।

# मदिरा नियन्त्रण आजको राष्ट्रिय आवश्यकता

१३ वैशाख २०५३

औषधी र दैनिक उपभोगका वस्तुभन्दा पनि सहज र सुलभ रूपमा मदिरा पाइनु नेपालको विशेषता हो । मदिराको अहोरात्र बिक्री वितरण खुल्ला हुने र सार्वजनिक स्थलमा बसेर मदिरा सेवन गर्न पाउने खुल्ला वातावरणले गर्दा परिवार, समाज र राष्ट्रलाई अपार क्षति पुऱ्याएको छ । यसमा कुनै सन्देह छैन । तर सरकारलाई राजस्वको मात्र चिन्ता छ । तथाकथित समाजसेवीहरूलाई मदिराका विकृतिहरूले परिवार, समाज र राष्ट्रमा जन्मेको र हुर्केका विसङ्गतिप्रति कुनै चासो छैन ।

नेपालमा मदिराको खुला बिक्री वितरण गर्न पाउने कानूनी व्यवस्था छ । मदिरा नियमावली २०३३ मा विद्यालय, क्याम्पस र धार्मिक स्थलभन्दा दुईसय गज पर मात्र बिक्री गर्नुपर्ने, १८ वर्ष नपुगेकालाई मदिरा बिक्री र ख्वाउन नहुने र बिहान १० देखि बेलुकी १० बजेसम्म मात्र मदिरा बिक्री गर्नुपर्ने शर्त भए तापनि व्यवहारमा तिनलाई लागू गरिएको छैन । मदिराको खुल्ला बिक्री र खुल्ला सेवन गर्न पाउने व्यवस्थाको पहिलो शिकार महिला र केटाकेटी भएका छन् । घरमा दाल चामल जुटाउने, केटाकेटीको किताब र स्कूल फी तिर्ने पैसा परिवारको अभिभावकले जाँड खाएर सिध्याएको घटना घर घरको कथा र व्यथा बन्न लागिसकेको छ । अभिभावकका जँडचाहा प्रवृत्तिबाट आर्थिक र मानसिक मात्र होइन शारीरिक आघात समेत महिला, केटाकेटीले सहनु पर्ने बाध्यता छ । अत्याचार सहँदा सहँदा वाक्क भएर होला आजभोलि मेचीदेखि महाकालीसम्म कहीं न कहीं महिलाहरूले रक्सीविरोधी अभियान चलाएका छन् । तर दुर्भाग्यको कुरा नारी जातिले चलाएको यस अभियानमा न त पुरुष प्रधान समाज न त सरकारले नै ध्यान दिएको छ ।

औषधी र दैनिक उपभोगका वस्तु मात्र होइन पानी नपाउने ठाउँमा समेत रक्सी पाउनु हाम्रो देशको विशेषता हो । हाम्रो परिवार र समाजमा हुने कलह, अपराध र

सवारी दुर्घटनाको कारण खोतल्दै जाँदा मदिरा सेवन नै कारकतत्व भएको पाउछौं । मदिराको निर्बाध व्यापार र सेवनले गम्भीर राष्ट्रिय समस्याको रूप लिइसकेको छ । यसै परिप्रेक्ष्यमा सरकारले मदिराको खुल्ला बिक्री वितरणमा रोक लगाउने सोचाइ गर्न थालेको सङ्केत प्राप्त भएको छ । वास्तवमा यो अत्यन्त शुभ सङ्केत हो । सरकारले यस कार्यमा ढिलाइ नगरी निश्चित ठाउँमा, निश्चित समयमा, निश्चित व्यक्तिलाई मात्र मदिराको बिक्री वितरण गर्ने व्यवस्था मिलाउन ढिलो गर्ने बेला छैन । मदिरालाई नियन्त्रित रूपमा बिक्री वितरण गर्न, अन्नको रक्सी बनाउन रोक लगाउने हो भने सरकारका राजस्व घट्ने होइन बढ्छ । घट्छ नै भने पनि सामाजिक मान्यता र मूल्यलाई बलिदान दिएर राजस्व मात्र हेर्नु सरकारको दूरदर्शी दृष्टिकोण कदापि होइन । रक्सीको बिक्री वितरणमा छिमेकी मुलुक भारतबाट पनि हामीले धेरै कुरा सिक्न सक्छौं ।

# संस्कार दिने दायित्व नेपाली काङ्ग्रेसको

१४ वैशाख २०५३

नेपाली काङ्ग्रेस अहिले महाधिवेशनको तयारी गर्दैछ । महाधिवेशन यही वैशाखको २६ गतेदेखि २९ गतेसम्म काठमाण्डूमा हुने कुरा पनि सार्वजनिक भइसकेको छ । महाधिवेशनका लागि प्रतिनिधि चयन गर्ने कुरा गाउँ, क्षेत्र र जिल्ला स्तरका सङ्गठनहरूबाट हुनुपर्ने विधानमा व्यवस्था छ । महाधिवेशन सङ्गठनको नियत समयमा हुनुपर्ने वैध प्रक्रिया नै हो जसले भए गरेका कामको अनुमोदन, नयाँ नीति र कार्यक्रमको तर्जुमा, आयव्ययको परीक्षण-अनुमोदन आदि कार्यहरू गर्नु पर्दछ ।

राजनीतिक दलहरूले जनतालाई नागरिक चेतना दिने काम गर्नु पर्दछ । जनतालाई चेतना भर्ने काम दलका कार्यकर्ताको हो । ती कार्यकर्तालाई प्रशिक्षित बनाउने काम यस्ता अधिवेशनहरूको हुन्छ । केन्द्रीय अधिवेशनमा पेश हुने औपचारिक प्रस्तावहरू जिल्ला जिल्लाका अधिवेशनहरूले पारित गरेका प्रस्तावहरूको आधारमा बन्नुपर्ने हो । यो अभ्यास गाउँस्तरबाट उठेर केन्द्रसम्म पुऱ्याउनु पर्ने कुरा प्रजातन्त्रको आदर्शले लक्षित गर्दछ । यो कुरा प्रजातन्त्र स्थापनाका लागि आधाशताब्दी जस्तो सङ्घर्ष गरी २ पटक युगान्तकारी ऐतिहासिक मोड ल्याएको गर्व गर्ने नेपाली काङ्ग्रेसको दायित्व हो । बहुदलीय प्रजातन्त्र व्यवस्था चाहने नेपाली काङ्ग्रेसको सङ्गठनका यिनै क्रियाकलापलाई हेरेर अरू दलहरूले पनि त्यो प्रक्रियाको अभ्यास गर्दथे र यहाँ प्रजातन्त्रको संस्कार बस्दथ्यो । प्रजातन्त्रको पुनस्थापनापछि नेपाली काङ्ग्रेसले त्यो आदर्श देखाइरहेको छैन । प्रजातन्त्रमा जनतालाई न्यायप्रिय बनाउनु पर्दछ । जहाँ न्यायको प्रतिष्ठा हुन्छ त्यहाँ जनता अलोभता र निर्भयता प्राप्त गर्दछ । अनि मात्र प्रजातन्त्रको संस्कार बन्दछ ।

३० वर्षको प्रतिबन्ध फुकेपछि नेपाली काङ्ग्रेसले आठौं अधिवेशन गऱ्यो र अहिले नवौं अधिवेशन गर्ने क्रममा छ । आठौं महाधिवेशन र नवौं अधिवेशनको पूर्व सन्ध्यामा केन्द्रीय तह र जिल्ला एवं गाउँ तहमा जे जस्तो प्रवृत्ति र तदनुकूल अभ्यास देखिइरहेछ त्यसले नेपाली काङ्ग्रेसका नेताहरू र कार्यकर्ताहरू नामको, प्रचारको प्रजातान्त्रिक अभ्यास मात्र गरिरहेका छन्; सत्ता मोहका कारण जाल-भेल र छलकपटको प्रपञ्च नराम्ररी उदाङ्गिएको छ । जनतालाई प्रजातन्त्रको अभ्यास गराउने, जनतालाई शिक्षित बनाएर



उनीहरूलाई आफू सार्वभौम बनेको अनुभूति दिने क्रियाकलाप र त्यसबाट प्रजातन्त्रको संस्कार विकास गर्ने दिशामा काङ्ग्रेस विमुख भइरहेको छ । प्रजातन्त्रका नेताहरूले जनतालाई स्वशासन सिकाउन सक्नु पर्दथ्यो, अनुशासन पनि सिकाउन सकेका छैनन् । नेता र इतिहास एवं आदर्शको दुहाई दिएर नेपाली काङ्ग्रेसको ह्रासोन्मुख छवि सुध्रँदैन । नेपाली काङ्ग्रेसका नेता र कार्यकर्ताहरूले यी कुरालाई राम्ररी सोच्नु पर्दछ भन्ने हामी ठान्दछौं ।

# कर्मचारी र राजनीति

१८ वैशाख २०५३

राज्यव्यवस्था सञ्चालनको नीति राजनीति हो । राज्यको नीतिले राष्ट्रिय जीवनका यावत पक्षहरूलाई प्रभावित गर्दछ । बहुदलीय प्रजातन्त्रको पुनःस्थापनापछि राज्य सत्तामा जनादेशबाट राजनीतिक दल वा दलहरू निश्चित अवधिका लागि प्रतिष्ठापित हुन्छन्, सत्तामा संविधानतः बहुमत भएको दल आरूढ हुन्छ । कहिले कहीं कुनै पनि दलको बहुमत नभएमा ठूला दलले साना दलहरूसँग मिली बहुमत बनाएर सरकार बनाएको हुन्छ । एउटै दलको वा अरू दलहरूसँग मिली बनेको सरकारले राज्य सञ्चालनको नीति नियम गरेको हुन्छ । यही नियमित नीतिअनुसार कार्यक्रम बन्दछन् । राज्यको दैनन्दिन प्रशासन पनि हुन्छ । त्यो कार्यक्रम र प्रशासन सञ्चालनको जिम्मेदारी कर्मचारीको काँधमा हुन्छ । कर्मचारीले राज्यको कोषबाट पारिश्रमिक लिएर आफ्नो सेवा राज्यलाई प्रदान गर्दछ । जङ्गी, निजामति, प्रहरी सेवादेखि शिक्षा, स्वास्थ्य र विविध संस्थानका सेवामा कार्यरत सबै तहका कर्मकारहरू आफ्नो काम अर्थात् राज्यप्रति बफादार हुनु नितान्त जरुरी हुन्छ । नूनको सोझो गर्नु सबैको पुनीत कर्तव्य नै हो ।

तर, बहुदलीय प्रजातन्त्रको पुनस्थापनापछि यस्ता राज्यकोषबाट पारिश्रमिक लिएर आफ्नो सेवा प्रदान गर्नेहरू विभिन्न राजनीतिक आस्थामा प्रतिबद्ध भएका छन् । यसले गर्दा राष्ट्रसेवकहरूको भक्ति-निष्ठा खण्डित भएको छ । उनीहरू राज्यप्रतिभन्दा आफूले बोकेको आस्थाप्रति बढी बफादार बनेका छन् । सरकारका नीति र कार्यक्रम सही किसिमले सम्पादन भइरहेका छैनन् । हाकीम-कारिन्दा-परिचरबीच सामञ्जस्य हराउँदै गएको छ । कार्यालयमा रहनु पर्ने गोपनीयता रहन सकेको छैन । यसको परिणाम अन्योल अराजकता, अस्थिरता मुलुकको एक प्रकारको नियति नै बनेको छ । ६ वर्ष बितिसक्दा पनि परिवर्तनको छनक जनतामा पुग्न नसक्नुको मूल कारणमध्ये यो एउटा अहम् कारण हो ।

कर्मचारीहरू सङ्गठन र सङ्घमा विभाजित छन् । अहिले नेपालका प्रमुख राजनीतिक दल भनेका नेपाली काङ्ग्रेस र नेकपा (एमाले) हुन् । सङ्गठन एमाले समर्थक मानिन्छ र सङ्घ नेपाली काङ्ग्रेस समर्थक मानिएको छ । सङ्गठनसँग सम्बद्ध कर्मचारीहरू छद्म नामले नेकपा (एमाले)का कमिटीहरूको जिम्मेदार ओहदामा कार्यरत भएको भेटिन्छन् । उनीहरूको बफादारी जागीरमा होइन सङ्गठनमा रहेको छ । यस्ता छद्मभेषी चाहे ती सङ्घका हुन् चाहे सङ्गठनका हुन् तिनले बसेको घरमा आगो लगाउने जस्तो खतरनाक काम गरिरहेका छन् । यो सारै अनर्थको कुरा हो । सत्तारूढहरूले कर्मचारीबाट आफ्नो

राजनीति बनाउन खोज्नु निकृष्ट किसिमको भ्रष्टाचार हो । कर्मचारीहरूको भक्ति-निष्ठा जबसम्म पूर्णतः सरकार अर्थात् राज्यप्रति हुँदैन तवसम्म देश उँभो लाग्दैन ।

राज्यप्रतिको बफादारीभन्दा सत्तासीनहरूप्रतिको भक्ति-निष्ठा प्रदर्शित गरेर आफ्नो उन्नति गर्ने र कालो करतूत धुने पञ्चायतकालीन कर्मचारीको प्रवृत्तिलाई परिवर्तनपछिका सरकारहरूले दुरुत्साहित पार्नुको सट्टा त्यसलाई अरू जन्याउने काम गरेका देखियो । त्यसैले प्रजातन्त्रप्रति नै वितृष्णा उमार्नुको साथै भ्रष्टाचारलाई बढाउने काम गरेको अनभव भएको छ । अतएव सरकारले छद्मभेषी कर्मचारीलाई ठेगान लगाउन विशेष युक्ति नसोच्ने हो भने शासनमा अदव कायम हुँदैन, अदव नभए शासन चल्दैन र विकासले गति पनि लिन सक्दैन । समयमै सोचिएन भने परिस्थिति अरू प्रतिकूल हुँदै जानेछ । सत्तासीनहरूले कर्मचारीलाई आफूप्रति होइन राज्यप्रति निष्ठावान बनाउन प्रयत्न गर्नु जरुरी भइसकेको छ ।

# बुद्ध सन्देश विश्व सन्देश बन्नु पर्छ

२२ वैशाख २०५३

गौतम बुद्ध नेपालको धरतीमा जन्मिए हुर्किएर संसारलाई नै शान्ति, अहिंसा र विश्व-बन्धुत्वको भावनाले आलोकित गर्ने एक महामानव हुन् । नेपाल आमाले इतिहासको एक काल खण्डमा जन्माएका यिनै महामानवको शान्ति, अहिंसा, समानता, भ्रातृत्व र सहिष्णुताको सन्देश विश्व समाजको अस्तित्व र विकासका लागि मूल मन्त्र बन्न सक्छ । तर नेपाल सानो र गरीब मात्र होइन बुद्धका अनुभवसिद्ध सन्देशहरू विश्व समुदायमा फैलाउन हामीले समुचित प्रयत्न नगरेको कारण बुद्धका सन्देश विश्व सन्देश बन्न सकेका छैनन् । यसको अर्थ आजको विश्वमा बुद्धका ज्ञान र सन्देशले कुनै प्रभाव छाड्न सकेको छैन भन्ने कदापि होइन । हामीले प्रयत्न गर्न नसके पनि मानव मात्रलाई सहज रूपमा आकर्षण गर्न सक्ने बुद्ध धर्मको विशेषता हो र त्यही विशेषताका कारण यो धर्ममा अन्तर्निहित विशेषताहरू क्रमशः फैलँदै छन् । हामीले सरकार र जनताको स्तरबाट अलिकति मात्रै प्रयत्न गर्‍यौं भने पनि बुद्ध धर्म र दर्शनको मौलिक विशेषताहरूले फैलने मौका पाउने छन् ।

बुद्ध धर्ममा वैशाख पूर्णिमाको आफ्नै महत्व र गरिमा छ । वोधिसत्व सिद्धार्थले यसै दिनमा लुम्बिनी वनमा जन्म लिई यसै दिन बुद्धत्व र महापरिनिर्वाण समेत प्राप्त गर्नुभएको थियो । नेपाललगायत विश्वकै बौद्ध धर्मावलम्बीहरू वैशाख पूर्णिमामा विशेष कार्यक्रमका साथ बुद्ध जयन्ती मनाउँदछन् । नेपालमा प्रधानमन्त्रीदेखि लिएर साना ठूला नेता बुद्ध जयन्ती कार्यक्रममा सरिक भई बुद्धको गुण ज्ञान र महानताको बखान गर्छन्, मानौं २/४ घण्टाको समारोहमा बसेर भाषण पिटेपछि सबैको कर्तव्यको इतिश्री भयो । बुद्ध जयन्तीलाई यसरी हामी केवल औपचारिकतामा मात्र सीमित गर्दैछौं । नेपाल बुद्धभूमि भएको नाताले बुद्ध धर्मभित्रको गूढ रहस्यलाई विश्व समुदाय समक्ष राखिदिने, यो धर्मको आजको सन्दर्भमा महत्व र समसामयिकताबारे आफ्ना वचन, व्यवहार र कर्मबाट बोध गराई दिने नेपालीको कर्तव्य हो । गौतम बुद्धको पवित्र जन्म स्थलको लुम्बिनी र तिलौराकोटको द्रुततर विकास गरी विश्वका श्रद्धालुहरूलाई हार्दिक आमन्त्रण



गर्ने र शाश्वत मानव धर्मको रूपमा विकसित हुन सक्ने बुद्ध धर्मका विषयमा अध्ययन, अनुसन्धान, खोज, चिन्तन र मनन गर्नेहरूलाई यथेष्ट सामग्री जुटाइदिने र तदनुरूप वातावरण सृजना गर्ने दिशामा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ । बुद्धको सन्देश साँचो अर्थमा विश्वका लागि शान्ति, सहिष्णुता भाइचारा र एकताको सन्देश बन्न सकेमात्र हामीले केही गर्न सकेको ठहर्ने छ । ओठे भक्तिले आजको दुनियाँमा केही नहुने कुरा निश्चित छ ।

# बिजुलीको महसुल वृद्धि

२७ वैशाख २०५३

नेपाल विद्युत प्राधिकरणले अर्को महिना अर्थात् ०५३ साल जेठ १ गतेदेखि बिजुलीको महसुल वृद्धि गरिने कुरा सार्वजनिक गरेको छ । घरेलुदेखि औद्योगिक प्रयोजनसम्म सबै किसिमको प्रयोजनमा उपोग हुने विद्युत महसुलमा औसत २० प्रतिशतले महसुल बढ्ने कुरा स्पष्ट भएको छ । ०४६ को जनआन्दोलनपछि २०५० को चैतमा पनि बिजुलीको महसुल बढाइएको थियो । २ वर्षपछि फेरि २० प्रतिशतभन्दा बढी वृद्धि गर्नुको मूल कारणहरूमा नेपाल विद्युत प्राधिकरणको आन्तरिक अवस्थाको सुदृढीकरण र लगानी क्षमताको विस्तार गर्न भनिएको छ ।

सरकारी स्वामित्व भएका संस्थानहरूले जनतालाई उपलब्ध गराउने सेवा र वस्तुहरूको महसुल र मूल्य समय-समयमा २-४ होइन २०-३० प्रतिशतले अनेक बहाना बनाउँदै वृद्धि गर्दै जानुको तुक उपभोक्ताको दृष्टिमा देखिँदैन । मूल्य महसुल सधैं एकनास रहनु पर्दछ भन्ने केही छैन भने बढ्नै वा बढाउनै पर्ने भन्ने पनि केही छैन । शास्त्रीय दृष्टिकोणले आपूर्ति स्थिति यथावत रहेको र माग बढेको अवस्थामा मूल्य वृद्धि स्वाभाविक हुन्छ । जनसङ्ख्या बढ्दो छ, तदनुसार आर्थिक क्रियाकलाप-उद्योग-वाणिज्यको स्थितिमा पनि वृद्धि हुनु वाञ्छनीय मात्र होइन स्वाभाविक पनि हुन्छ । तर यहाँ त्यो स्वाभाविक प्रकृया क्रियाशील छैन । त्यसैले सरकारका अधीनका वस्तु र सेवाको मूल्य एकाधिकार मूल्य (मोनोपोली प्राइस) को रूपमा लादिएको मानिन्छ भने त्यसलाई अन्यथा सोचिनु हुन्न । यहाँ मूल्य वृद्धि बिजुलीको मात्र होइन संयुक्त सरकार बनेदेखि यता हरेक वस्तु र सेवाको मूल्य बढेको छ र त्यो बढाउने कामको शुरुआत सरकारले नै गरेको छ । ३० वर्षे कालरात्री भनिने पञ्चायतकालमा पनि मूल्य वृद्धि नभएको त होइन, तापनि त्यतिखेर अहिलेभन्दा बढी मूल्य स्थिर भएको मानिसहरूको अनुभव छ र सरकारले नियन्त्रण गरेको आभास दिने गर्दथ्यो । तर अहिले त्यो अदव अनुशासन बजारमा पाइन्न । सरकारले नै आफ्ना अधीनका सेवा र वस्तुहरूको मूल्य वृद्धि गरेर बजारलाई मोल बढाउन प्रोत्साहित गरिरहेको अनुभव जनसाधारण गर्दैछन् ।

साँचो अर्थमा जनआन्दोलनले प्रजातन्त्र ल्याएर त यो ६-७ वर्षको अन्तरालमा बजार जस्तो मूल्य वृद्धि हुनु, नियन्त्रण, अनुशासन नहुनुले जनसाधारणमा प्रजातन्त्रप्रति नै वितृष्णा उमारेको छ । जनताको आयस्तर नबढ्नु, रोजगारीका अवसरको विकास नहुनु, तर जनप्रतिनिधिहरूको तलव भत्ता र विविध सुविधाहरूमात्र बढाइनु र जनतामा कठिनाइ मात्रै थपिँदै जानुले जनताको सरकार भन्ने कुरा नै विडम्बना जस्तो हुन

गएको छ । मुलुकमा पूर्ण रोजगारको स्थिति विकसित गराउन सकेको भए, जनताको जीवनस्तर अलिकति मात्र भए पनि उठेको भए जनसाधारणमा यो वितृष्णाको कोलाहल सिर्जिने थिएन । तर सरकार जनताको कठिनाइप्रति संवेदनशील हुन सकेको देखिँदैन । आफ्ना सेवाको र वस्तुको गुणस्तर यथावत राखेर, चोरी र भ्रष्टाचारलाई नियन्त्रण गर्ने दिशामा कुनै पाइला नचालिकन जनतामाथि महँगीको मार थप्दै जानु लोकप्रिय सरकारको काम होइन । जनतालाई शोस्नेतर्फ मात्र होइन केही राहत पुऱ्याउनेतर्फ पनि यो सरकारले कदम चालोस् भन्ने हाम्रो आग्रह हो । यो कोरा आलोचना होइन ।

# गाजा अभियान

३१ वैशाख २०५३

प्रमुख प्रतिपक्ष नेकपा (एमाले)ले गत फागुनमा प्रधानमन्त्री शेरबहादुर देउवालाई दिएको ज्ञापन पत्रमा उल्लेख भएका ३० सूत्रीय मागहरूका सन्दर्भमा अहिले गाजा अभियान आरम्भ गरेको छ । सडक र सदन सँगसँगै घन्काउने संस्कार बोकेको एमालेले ती मागका सम्बन्धमा सरकारसँग वार्ता गर्दागर्दै सरकारलाई अपदस्थ गर्न अविश्वास प्रस्तावको अभ्यास पनि गऱ्यो । त्यो अभ्यासमा असफल भएपछि अहिले गाजा अभियानमा सम्पूर्ण शक्ति खर्चदैछ । चक्काजाम, नेपालबन्द, तोडफोड जस्ता हथकण्डा विरोधको निमित्त उपयोग गर्दै आएको एमालेले गाजा अभियान आरम्भ गरेर आफ्नो विरोधको शैलीमा परिवर्तन गरेको छ । प्रजातन्त्रको सुदृढीकरणको सन्दर्भमा उसको विरोध शैलीमा आएको यो परिवर्तनलाई सकारात्मक रूपमा हेरिने छ ।

निरक्षरता र गरीबीले ग्रसित गाउँ गाउँको देश नेपालमा गाउँ जागरणको महत्व अत्यन्त महान छ । त्यही महत्वलाई हृदयङ्गम गरी समय-समयमा विभिन्न नामले गाउँसम्बन्धी अभियान आएका हुन् । पञ्चायतको समयमा गाउँ फर्क अभियान सञ्चालन गरिएको थियो । नेकपा (एमाले)कै ९ महिने शासनकालमा पनि 'आफ्नो गाउँ आफैं बनाउँ' भन्ने कार्यक्रम चलेको थियो । उल्लेख गरिएका यी अभियानहरू सरकारी स्तरबाट राजनीतिक उद्देश्यद्वारा प्रेरित प्रचारबाजी मात्र थिए । अहिलेको यो गाजा अभियान प्रमुख प्रतिपक्षले सत्तारूढ संयुक्त सरकारका क्रियाकलापको विरोधमा सञ्चालित भएको देखिएको छ ।

मुलुक २१ औं शताब्दीको सँघारमा उभिएको छ । तर अशिक्षा र गरीबीले ग्रस्त गाउँ गाउँको देशको गाउँको हालत अझै दयनीय छ । गाउँले जनतालाई स्वच्छ खानेपानीसम्म पुऱ्याउन सकिएको छैन । आर्थिक विकास गरी जीवनस्तर उकासेर समृद्ध जीवन गाउँमा पुऱ्याउने कुरा अझै सपना जस्तो छ । समृद्धि बाहिरबाट ल्याएर चट्ट राखिदिने कुरा होइन । आर्थिक विकास स्थानीय जनताकै पसिना, बलबुता र बुद्धिमा भर गर्दछ । धेरै किसिमका अभावका साथै अज्ञानले गाउँलाई पिरोलेको छ । त्यो अझै सुषुप्त छ । त्यसलाई वस्तुनिष्ठ तरिकाले जागृत गराउनु छ । खासगरी प्रजातान्त्रिक संस्कारको नागरिक चेतनाको अभाव त गाउँमा मात्र होइन शहर बजारमा पनि छ, र शिक्षित भनिनेहरूमा पनि छ । यहाँसम्म कि मै हुँ भन्ने राजनीतिक नेताहरूमा पनि त्यो चेतनाको अभाव खट्किँदो अवस्थामा छ । यो खाँचो राजनीतिक दलका कार्यकर्ता



र कार्यक्रमहरूले पूरा गर्नुपर्ने हो । तर उनीहरूको निहित स्वार्थ पद पाउनु भएकाले जागरणको उद्देश्य पूरा हुने देखिँदैन । तैपनि गाउँ जागरण राजनीतिक स्वार्थका लागि मात्र नभएर चेतना विकसित गर्ने किसिमको सकारात्मक भइदिएमा केही हदसम्म यो अभियानको उपादेयता सार्थक मान्न सकिन्थ्यो ।

# सक्षमताको अपेक्षा

४ जेठ २०५३

जनता सरकार सुस्थिर, सुदृढ र सक्षम होस् भन्ने चाहन्छन् । सरकारको नीति, निर्णय, नियम र कानून स्वयंले पालन गर्नु र जनतालाई पनि पालन गर्न लगाउनु सरकारको सर्वोपरि कर्तव्य र प्रमुख दायित्व हो । हुकुमी या अधिनायकवादी शासनमा शासकहरूको शनकमा शासन चल्ने हुँदा जनतामाथि थिचोमिचो हुने, शोषण हुने हुँदा विधिको शासन हुने प्रजातन्त्र व्यवस्था सङ्घर्ष गरेर र ठूलो त्याग एवं लामो तपस्या गरेर जनताले ल्याए । त्यो प्रजातन्त्रको व्यवस्थामा जनता शोषित पीडित हुन्छन्, थिचोमिचो सहनु पर्दछ, उनीहरूको पुकार सुनिँदैन भने जनता कसको शरणमा जाने हो ?

सरकार आफ्ना नीति निर्णयहरू लागू गर्ने दायित्व निर्वाहमा उदासीन भयो भने सर्वत्र अराजक स्थितिको अनुभूति हुन थाल्दछ । यसबाट उसको क्षमतामा पनि सन्देह हुन थाल्दछ र सरकारमाथि जनताको विश्वास हराउँदै जान्छ । सरकार आफ्ना नीति निर्णय लागू गर्ने कुरामा उदासीन भएको टड्कारो उदाहरण यातायातको क्षेत्रमा देखिएको छ । भर्खरै केही दिनअघि सरकारले लामा दूरी र स्थानीय सवारी साधनहरूको भाडा दर तोकेको थियो । सवारी साधन चलाउनेहरूले खासगरी छोटो दूरीका बसवालाहरूले बढाएकै दिनदेखि तोकेको दरभन्दा बढी असुल्ने गरिरहेका छन् । जस्तै ०-७ किलोमिटरसम्मको दूरीको २।५० लिनु पर्नेमा हाकाहाकी रु.३ लिने गरेका छन् भने त्यही अनुपातमा त्योभन्दा बढी दूरीको बढाएर लिने गरेका छन् । यो तोकिएको रेटभन्दा बढी लिने काम पोखरामा मात्र होइन राजधानीमा पनि देखिएको छ । यातायात व्यवस्था विभाग, गृह मन्त्रालय, जिल्ला प्रशासनले यसरी हाकाहाकी जनताको गोजीमा लामो हात गरेको के देखेका छैनन् ? देखेर पनि यो हेलचक्र्याइँ किन ? के यो अराजकता होइन ? के यो सरकारको कमजोरी होइन ?

तेल निगमले डिजेल, पेट्रोल, मोबिल आदिको मोल बढाएपछि स्वभावतः ढुवानी गर्नेहरूले ढुवानीको दर पनि बढाए । ढुवानी बढेपछि उपभोग्य चीजबीजको मूल्य पनि बढ्यो । तर कति बढ्नु पर्ने हो कति बढ्यो ? बजार भाउको स्थिति के छ ? यसमाथि निगरानी गरेर जनतालाई उनीहरूको अज्ञानताको शोषण र अनुचित फायदा उठाउन नपाऊन् भनी सतर्कता अपनाउनु पर्ने र तत्सम्बन्धमा जनतालाई सुसूचित गर्ने दायित्व र कर्तव्य सरकारको हो । जनता यसबारे अनभिज्ञ छन् । उनीहरू बजारभाउ बुलिएको र आफ्नो बजेट जहिले पनि फेल खाने कुराले चिन्तित छन् । त्यसैले यो व्यवस्था, यो सरकारप्रति जनताको विकर्षण र वितराग उब्जनु अस्वाभाविक होइन । त्यसैले सरकारले यावत क्षेत्रमा आफ्नो क्षमता प्रदर्शन गरोस्, नीति नियम कडाइका साथ पालन गर्ने गराउने काम होओस् भन्ने जनता चाहन्छ ।

# यो दोष दलीय पद्धतिको होइन

६ जेठ २०५३

प्रधानमन्त्री शेरबहादुर देउवाले शुक्रबार आफ्नो मन्त्रीमण्डलमा अरू ४ जना सदस्य थपी विस्तार गर्नुभएको छ । ४४ जनाको मन्त्रीमण्डललाई इतिहासमै सबैभन्दा ठूलो र जनता र देशलाई बोझ भनेर आलोचना भइरहेको बेला प्रधानमन्त्रीले अरू ४ जना थपेर ४८ जनाको मन्त्रीमण्डल बनाउँदा सरकार हास्यास्पद हुन जानु स्वाभाविक नै मान्नु पर्दछ ।

गएको चैत महिनामा प्रमुख प्रतिपक्षी नेकपा (एमाले)को अविश्वासबाट सरकारलाई बचाउन गरिएका वाचा पूरा गर्न यो विस्तार गर्नुपरेको देखिएको छ । राप्रपाका २, सद्भावनाको १ र स्वतन्त्र १ गरी थपिएका ४ मध्ये स्वतन्त्र मोतीप्रसाद पहाडी राज्य मन्त्री, सद्भावनाका अनिश अन्सारी र राप्रपाका विष्णुविक्रम थापा र खोभारी राय सहायक मन्त्री बनाइएका छन् । यो विस्तारमा नेपाली काङ्ग्रेसका कोही परेका छैनन् ।

त्रिशङ्कु संसदबाट बनेको संयुक्त सरकारको नेतृत्व गर्ने नेपाली काङ्ग्रेसका ८२ सांसदमध्ये २७ जना मन्त्रीमण्डलमा छन् भने १९ सांसद भएको राप्रपाका १६ जना ३ जना सांसद भएको सद्भावनाका २ जना र स्वतन्त्र ३ सांसद मन्त्री बनाइएका छन् । मन्त्रीमण्डलको यो आकार अत्यन्त अस्वाभाविक एकातिर देखिएको छ भने यसले दलीय पद्धतिको पनि उपहास गरेको छ । दलले आफ्ना सदस्यहरूलाई नियन्त्रणमा राख्न नसकेको व्यक्तिवादी प्रवृत्ति नै दलमाथि पनि प्रभावी बनेको कुरा स्पष्ट हुन्छ ।

निर्वाचनका परिणामले बहुमत कसैलाई नदिएपछि मिलीजुली बहुमत बनाएर सरकार बनाउन दलहरूबीच समझदारी हुनु स्वाभाविक कुरा हो । दुनियाँमा जहाँतहीँ चुनावबाट त्रिशङ्कु संसद बनेका छन् र दलहरू मिलेर सरकार बनेको छ र देश चलेको छ । यहाँ पनि समझदारी भयो, सरकार बन्यो । खुसी एवं स्वागतयोग्य कुरा हो । तर ८ महिनाको बीचमा ३ पटक सरकारमा विस्तार गरिनु कुनै सैद्धान्तिक विवाद र असहमति विना नै सरकारको आयु आज हो कि भोलि भन्ने हुनु, घटकहरू स्वयं नै आफ्नो आयुबारे विश्वस्त नहुनु र पदका लागि लायक नभएका मानिसलाई पद दिएर सरकारको सङ्कटलाई तत्काललाई टार्न पाए भन्ने मनस्थितिले सरकार चलाउँदा सरकार भृत्यतन्त्रमाथि कति प्रभावशाली होला र त्यस्तो नोकरशाहीबाट जनताको के सेवा होला, अत्यन्त सोचनीय कुरा भएको छ । दललाई जसरी पनि सत्ता चाहिन्छ, दलका कार्यकर्तालाई जसरी पनि कुर्सी चाहिन्छ भन्ने हो भने शासन चल्दैन, मुलुक चल्दैन । अहिले मुलुकमा सरकारको शासन चलेको छैन । यसले दलीय पद्धतिमाथि प्रश्न चिह्न खडा गरेको छ, दलका नेताहरूको क्षमता र योग्यता खोटो सिद्ध भएको छ । यतिका मानिसलाई मन्त्री बनाउनु भनेको दल होइन व्यक्ति महत्वपूर्ण हो भन्ने मान्नु हो । सत्तामा टिक्न अनावश्यक पद सिर्जेर फाल्तु मान्छे भर्नु सरासर भ्रष्टाचार हो । यस्तो भ्रष्ट आचरणले देश र प्रजातन्त्रको विकास हुँदैन । यो दोष दलीय पद्धतिको होइन यो दोष यो देशको पछौटेपनको हो, यहाँका स्वार्थलम्पट नेताहरूको हो ।



# पूजा र स्तुति गरेर इष्ट साध्ने संस्कार जहाँ छ

७ जेठ २०५३

देवी-देवताको भाकल गर्ने, बलि चढाउने, स्तुतिगान गर्ने र इष्ट साध्ने हाम्रो संस्कृति छ । शिव, विष्णु, गणेश, दुर्गा आदिको उपासना हामी गर्छौं हाम्रो भुक्ति र मुक्तिका लागि । यो संस्कारको कारण हाम्रो अवचेतनले हामीलाई आफ्नो दैनन्दिन व्यवहारमा समेत चाकरी, कोसेली, नजराना, उपहार इत्यादि विविध माध्यमबाट सत्तासीनलाई रिझाएर स्वार्थ साध्ने बानी हाम्रो आजको होइन, पिता-पुर्खाका पालादेखि चल्दै आएको छ । यसलाई हामीले भ्रष्टाचार भन्दैनौं । यस्तोलाई हामीले भ्रष्टाचार मान्ने गरेकै छैनौं । वस्तुत: यही आचार व्यवहारले हाम्रो राष्ट्रिय चरित्र नै रिझाउने, रिझिने र अभीष्ट साध्ने संस्कारबाट अनुप्राणित छ भने भ्रष्टाचारको परिभाषा अड्डाखानाका तल्लो तहका कारिन्दाले खाने १०/२०, १००/५० रु. को घूसलाई मात्र भ्रष्टाचार भन्नु कति न्यायसङ्गत हुन्छ ? विचारणीय प्रश्न छ ।

यो मुलुकका सांसदहरू सत्तामा पुग्न र राज्यको स्रोत-साधनबाट अधिकतम लाभ लिन पछि पर्दैनन् । ४०-४५ लाखको गाडी किन्ने हैसियत १० प्रतिशतभन्दा बढी सांसदको छैन । तर ९० प्रतिशत भन्सार सहुलियत र विदेशी मुद्राको सुविधा प्राप्त गर्न तँछाड मछाड गर्दछन् । उनीहरू त्यो सुविधा बजारमा बेचेर पैसा कमाउँछन् । यस्तो सुविधा प्रदान गर्ने सरकार, त्यो सुविधा ग्रहण गर्ने सांसदहरूलाई नैतिकताले के भन्छ ? जिल्ला विकास समिति छ र जिल्लाको विकास निर्माण योजना सम्पादनको जिम्मेवारी उसको हो । उसलाई पर्याप्त स्रोत-साधन जुटाउने र विकासका साधन स्रोतको वितरण नीति-नियम निर्धारण गर्ने सांसदको समग्र जिम्मेदारीको अलावा आफ्नो निर्वाचन क्षेत्रमा बाँड्न उनीहरूका हातमा अलग्गै ३ लाख रकम उहाँहरूलाई चाहिएको छ । यसबाहेक उहाँहरूका सिफारिशले प्राथमिकता पाउँछन् । यी सबैमा नैतिक दृष्टिले विशुद्ध सामाजिकता र जन प्रतिनिधित्वको दायित्व निर्वाहको भन्दा व्यक्तिगत स्वार्थको चुरो अन्तर्निहित छैन भन्न मुस्किल पर्दछ । जब जनप्रतिनिधिहरू नै निजी स्वार्थमा लिप्त रहन्छन् त्यहाँ सरकार र सरकारको भृत्यतन्त्र कसरी चोखो रहन्छ ? जहाँ सरकारलाई सत्तामा टिक्न, जनप्रतिनिधिलाई रिझाउन, चित्त बुझाउनु पर्ने हुन्छ त्यहाँ भ्रष्टाचारको कुरा कसले उठाउने ? ठूलाले गरेको भ्रष्टाचार नहुने, सानोले गरेमा त्यही भ्रष्टाचार हुने हो भने कुरा अर्कै हो, नत्र हाम्रो संस्कार नै भ्रष्टाचारी छ भन्नुमा अत्युक्ति नहोला ।

हालै प्रधानमन्त्री शेरबहादुर देउवाले भ्रष्टाचार नियन्त्रणबारे निर्देशनहरू जारी गर्नु-भएको छ । यसअघि पनि यस्ता निर्देशनहरू जारी नभएका होइनन् । नेपाली काङ्ग्रेसको नवौं महाधिवेशनमा भ्रष्टाचारको विशेष चर्चा भयो । त्यसैका उत्तरमा त्यो निर्देशन आएको छ । काग कराउँदै गर्छ पिना सुक्तै गर्छ । त्यो निर्देशन निर्दिष्ट ठाउँमा पुग्छ र फाइलमा थन्किन्छ । साँच्चै भ्रष्टाचार नियन्त्रण गर्ने हो भने हाम्रो संस्कार बदल्नु पर्दछ । हामीमा इच्छा शक्ति र दृढताको खाँचो छ । असल साध्यका लागि कम्सल साधन उपयोग गर्ने बानीलाई हामीले त्याग्न सकेमात्र हामी हाम्रा प्रयासमा सफल हुन सक्तछौं ।

# राजनयिकहरूको यो घातक प्रवृत्ति

९ जेठ २०५३

प्रधामन्त्री शेरबहादुर देउवाले संयुक्त सरकारको नेतृत्व गरिरहनु भएको छ। उहाँले ८ महिनामा ३ पटक आफ्नो मन्त्रीमण्डलको विस्तार गर्नुभयो। मन्त्रीहरूको सङ्ख्या ४८ पुगेको छ। २०५ सङ्ख्याको प्रतिनिधि सभामा ४८ जनाको मन्त्रीमण्डल हुनु कसैले पनि राम्रो मानेको छैन। अरूले राम्रो नराम्रो जेसुकै भनून् उहाँ स्वयं र संयुक्त सरकारका घटक सम्भवतः सबैभन्दा बढी फायदा लिएको राप्रपा र सद्भावनाले कसैले पनि यसको औचित्य स्थापित गर्न गाह्रो छ।

घटकमध्ये सबैभन्दा ठूलो र सरकारको नेतृत्व गरिरहेको नेपाली काङ्ग्रेस यो विस्तारबाट सन्तुष्ट छैन। नेपाली काङ्ग्रेसका नवनिर्वाचित सभापति गिरिजाप्रसाद कोइराला यो सरकार आफ्नो अवधिभर टिक्नुपर्छ भन्नुहुन्छ, तर उहाँ प्रधानमन्त्री देउवाको विवशता बाध्यताबारे दलभित्र भइरहेका आलोचनाप्रति उदासीन मात्र हुनुहुन्न देउवाको कमजोरीको प्रतिरक्षा पनि गरिरहनु भएको देखिन्न।

अहिलेको विस्तारमा राप्रपाका अध्यक्ष सूर्यबहादुर थापा चुप नै हुनुहुन्छ, तर नेता लोकेन्द्रबहादुर चन्द र सह-अध्यक्ष राजेश्वर देवकोटा यो विस्तारबारे आफूलाई नसोधिएको कुरा बताउनु भएको छ। सरकारमा सामेल हुन अब थापा र चन्दमात्र बाँकी हुनुहुन्छ, एकजना उप-सभामुख पहिले देखिनै हुनुहुन्छ। राप्रपाको असन्तुष्टि अहिले उनीहरूका मन्त्रीहरूको पदोन्नति हुनुपर्ने, नभएको भन्ने छ।

सभामुख रामचन्द्र पौडेलले राप्रपा अझै पार्टी नभएको, व्यक्तिवादी नै रहेको टिप्पणी गर्नुभएको छ। परन्तु ५० वर्षको इतिहास भएको नेपाली काङ्ग्रेसको स्थिति पनि साङ्गठनिक दृष्टिले सबल र निष्ठावान नभएको कुरा प्रमाणित भइसकेको छ।

वस्तुतः संयुक्त सरकारका घटकहरूबीच संयुक्त सरकार बनाउँदा एउटा निश्चित समझदारी बन्नु पर्ने र तदनुसार दलले आफ्ना सांसदलाई नियन्त्रणमा राख्नु पर्ने नैतिक एवं वैधानिक दायित्व दलहरूको हो। नेपाल जस्तो गरीब देशको सरकारमा १५ देखि २५ सम्मको मन्त्रीमण्डल हुनु उपयुक्त हुन्थ्यो। अनि मन्त्रीहरू पनि हर दृष्टिले काबिल व्यक्ति दलहरूले दिनु पर्दथ्यो। मन्त्र र मन्त्रणाको र आफ्नो कार्यकारी शक्तिको क्षेत्रको कखग पनि थाहा नभएका व्यक्तिलाई मन्त्री बनाएर सरकारको विश्वसनीयता र मन्त्री पदको गरिमालाई धूलि-धूसरित पारिनुले प्रजातन्त्र र दलीय पद्धतिकै उपहास हुन गएको छ। यसबाट राजनीतिक दल नेता र कार्यकर्ताहरूको प्रवृत्ति रचनात्मक र हितकारी भनिदैन। जे जसरी भए पनि सत्तामा टिक्ने प्रवृत्ति घातक देखिएको छ।

अहिलेको मुलुकको राजनीतिक परिदृश्यलाई नियालेर हेर्दा के कुरा स्पष्ट हुन्छ भने सत्तापक्ष र प्रतिपक्ष देश र जनताप्रति किञ्चित मात्र पनि संवेदनशील छैनन्। उनीहरूबाट जनादेशको पर्याप्त अवज्ञा भएको छ। दलीय एवं वैयक्तिक स्वार्थका निम्ति राजनीतिलाई अस्थिरता र अन्योलतिर जिम्मेदार राजनीतिक दलहरूले धकेलिरहेका छन्, जनतामा प्रजातन्त्रप्रति वितृष्णा उमार्दै छन्। यो देशको अत्यन्त ठूलो दुर्भाग्य हो।



# प्रगतिशीलता र जनवाद

१० जेठ २०५३

प्रगतशील र जनवाद आफूलाई वामपन्थी भन्नेहरूले अत्यधिक प्रयोग गर्ने राजनीतिक शब्दहरू हुन्। उनीहरूका नारा आमूल (जरैदेखि) परिवर्तनको हो र उनीहरूको लक्ष्य सर्वहारावर्गको अधिनायकवाद स्थापित गर्नु हो, उनीहरूको दस्तावेजअनुसार। तर एउटै आदर्श र एउटै हँसिया-हथौडाको रातो झण्डा बोक्नेहरू एकै ठाउँमा गोलबन्द छैनन्। नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (संयुक्त), नेपाल कम्युनिष्ट पार्टी (माओवादी), नेपाल मजदूर किसान पार्टी, संयुक्त जनमोर्चा, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) इत्यादि नामका दलहरू यहाँ छन्। यी सबैले आफूलाई प्रगतिशील भन्दछन् र आफ्नो लक्ष्य जनवाद नै बताउँछन्। यी प्रत्येकले आफूबाहेक अरूलाई प्रगतिशील मान्दैनन्। उनीहरूको प्रगतिशीलता र जनवादबाहेक राष्ट्रवादी, प्रजातन्त्रवादी, देशभक्त, राष्ट्रिय पूँजीपति, दलाल पूँजीपति आदि विशेषणहरू पनि उनीहरूको सर्वहारा साहित्यमा पारिभाषिक शब्दावली हुन पुगेका छन्।

समाजको संरचनामा आमूल परिवर्तनको आकांक्षा मात्रै प्रगतिशीलता होइन, हरेक सचेत व्यक्ति आफ्नो विद्यमान स्थितिप्रति सन्तुष्ट रहन्न। ऊ आफ्नो स्थितिमा परिवर्तन ल्याउन प्रयत्नशील हुन्छ र अपेक्षित तहमा नपुगे पनि मौजुदा स्थितिमा केही सुधार या परिवर्तन हुन्छ। त्यो सुधार या परिवर्तन उसको प्रगति हो। जो प्रगति पथमा हुन्छ, स्वभावतः ऊ प्रगतिशील हुन्छ। तर प्रगति निरपेक्ष होइन सापेक्षिक हुन्छ। यस्तो सापेक्षिकता मानवीय प्रकृत पक्ष हो। प्रगतिशीलता जीवन्तताको द्योतक हुन्छ, शोषक सामन्तहरू पनि आफ्नो अर्थमा र पक्षमा प्रगतिशील हुँदैनन् भन्न सकिँदैन। हो समाजको समग्रतालाई दृष्टिगत गर्दा उनीहरूलाई यथास्थितिका पोषक भन्न मिल्ला, तर अगतिशील ती पनि होइनन्।

प्रगतिशील शब्द वामपन्थीहरूले विशेषगरी साहित्यको सम्बन्धमा प्रयोग गरेको पाइन्छ। प्रगतिवादी साहित्य, प्रगतिवादी समालोचना भनेर साहित्यमा भेद धारणा बनाउनु साहित्यको विकासमा सहयोगी होला भन्न सकिँदैन। त्यस्तै शिक्षक प्रगतिशील, प्राध्यापक प्रगतिशील, बुद्धिजीवी प्रगतिशील भनेर प्रगतिशीलताको जामा पहिरनेहरू जनवादका उपासक मानिन्छन्। तर जनवादको लक्ष्य अधिनायकवाद हो जहाँ स्वतन्त्रता भन्ने चीज हुँदैन। स्वतन्त्रताको उपभोग गरेर स्वतन्त्रताविरुद्धको आदर्शको उपासना गर्नु कति युक्तिसङ्गत छ विचारणीय छ।

# सार्वजनिक लेखा समिति

१३ जेठ २०५३

देशको सरकार कति सक्षम र इमानदार छ भन्ने कुरा उसको स्याहा-श्रेस्ताले स्पष्ट गर्दछ। तोकिएको रकम खर्च गर्न नसक्ने, तोकेभन्दा बढी खर्च गर्ने वा गरेका खर्च आर्थिक नीति नियमअनुसार नगर्ने भएमा त्यस्तो सरकारलाई सक्षम भन्न मिल्दैन।

आय-व्ययको स्वीकृत अनुमानको परिधिभित्र आय-व्यय गर्ने र त्यसको स्याहा-श्रेस्ता दुरुस्त राख्ने अधिकारीलाई मात्र सक्षम भन्न सकिन्छ । अक्षम अधिकारी देशको लागि भार हो । देशको भार हुने अधिकारी दण्डनीय हुन्छ ।

प्रजातान्त्रिक व्यवस्थामा सार्वजनिक लेखा ठीक दुरुस्त राखिएको छ छैन भन्ने जाँच्ने कामका लागि संवैधानिक व्यवस्था नै हुन्छ । नेपालको संविधान २०४७ ले महालेखा परीक्षकको व्यवस्था गरेको छ । यो व्यवस्था, यो संविधान शुरु हुनुभन्दा अघि पनि थियो । अझ भन्ने हो भने राणा शासनकालमा पनि कुमारीचोक थियो र सरकारी बाँकी लागेमा जिम्मेवार अधिकारीमाथि कारवाही हुन्थ्यो । तर अहिले महालेखाले वर्षेपिच्छे लेखा परीक्षण गरी प्रतिवेदन दिने गरेको छ । त्यो प्रतिवेदनमा वर्षेनी बेरुजू विशेषत: अनियमित खर्चको फाँटवारी दिइएको हुन्छ । त्यो बेरुजू फछ्र्याउनै पर्दछ । तर त्यो फछ्र्याउने काम भइरहेको छैन । त्यस्तो खप्टिँदै गएको बेरुजू २३ अर्ब नाघिसक्यो । नेपाल जस्तो मुलुकको यति मोटो बेरुजूप्रति सरकार त्यति गम्भीर देखिँदैन ।

थुप्रिँदै गएको सरकारको यति मोटो बेरुजूप्रति संसदीय सार्वजनिक लेखा समितिले अहिले देखाएको चिन्ता, चासो सह्रानीय मान्नु पर्दछ । परन्तु आपूर्ति मन्त्री गजेन्द्र नारायण सिंहले सार्वजनिक लेखा समितिको उपस्थित हुन आउने पूर्जीको अवज्ञा गर्ने धृष्टता गर्नुभएको कुरा छापामा आएको छ । हुन त यो समितिका सभापति हृदयेश त्रिपाठीलाई गजेन्द्रनारायण सिंहले निष्काशन गरेकोले त्रिपाठीसामु उपस्थित हुन उहाँलाई अप्ठेरो परेको होला । तर त्यहाँ उहाँलाई आपूर्ति मन्त्रीको हैसियतले बोलाएको, सद्भावनाको अध्यक्षलाई होइन । त्यसैले उहाँले त्यस्तो अवज्ञा गर्नु संसदकै अवज्ञा देखिन्छ । एउटा मन्त्रीले संसदको अवज्ञा गर्दछ भने त्यसको मर्यादा पालन कसले गर्ने हो त ? यो एउटा अहम् प्रश्न हो भने सरकारको त्यो बेरुजूप्रति धारणा के छ र त्यसलाई फछ्र्याउन के कस्तो कदम चाल्ने हो स्पष्ट हुनुपर्ने हो । सरकार आफू र आफ्नो भृत्यतन्त्रलाई आर्थिक व्यवहारमा अदव अनुशासनमा रहने र राख्ने काममा तत्परता देखाउँदैन भने यो सरकारलाई जनताले अयोग्य र अविश्वसनीय नमाने के मान्ने ? आफूलाई कञ्चन देखाउन बेरुजू केलाएर अनियमित गर्नेलाई दण्डित गर्ने, बेरुजू रकम असूल तहसिल गर्ने काम शुरु गरिहाल्नु पर्दछ । कहीं कतैबाट आलटाल हुनु हुँदैन । त्यो बेरुजू जनताको रगत पसिना हो ।

# महाकालीका छालहरू

१४ जेठ २०५३

पूर्वमा मेची, पश्चिममा महाकालीलाई हामीले हाम्रा सीमा मान्दै आएका छौं । प्रजातन्त्रको पुनस्थापनापछि पश्चिम सीमाको यो महाकाली नदी सर्वाधिक विवादित विषय भएको छ । अन्तरिम कालका प्रधानमन्त्रीदेखि वर्तमान प्रधानमन्त्रीसम्म कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी र शेरबहादुर देउवा सबैले आफू प्रधानमन्त्री हुनासाथ भारतको औपचारिक यात्रा गरेर यो महाकाली नदी दुई देशका शीर्षस्थ अधिकारीबीच वार्ताको मुख्य मुद्दा बनाए । प्रत्येक यात्रासँगै महाकालीबारे नयाँ नयाँ कुरा निस्के । पहिले भट्टराईजीले साझा नदी भन्नुभयो, कोइरालाले टनकपुर समझदारी



भन्नुभयो, मनमोहनले महाकाली प्याकेज र सुरक्षा छाताको कुरा निकाल्नु भयो भने देउवाले महाकाली विकास सन्धि भन्नुभयो । कोइरालाको टनकपुर समझदारीलाई सर्वोच्च अदालतले सन्धि भन्यो । टनकपुर सन्धि संसदबाट अनुमोदन हुनु बाँकी नै थियो, देउवाले गरेको महाकाली सन्धिले टनकपुर-मुद्दा रद्द भयो । महाकाली सन्धि तत्कालीन भारतीय विदेशमन्त्री प्रणव मुखर्जीको नेपाल यात्राका वखत दुवै देशका विदेश मन्त्रीहरूले हस्ताक्षर गरिएको थियो र त्यतिबेला मात्रै हस्ताक्षर भएको थियो जब सो सन्धिमा प्रमुख प्रतिपक्षले पनि सहमति जनाएको थियो । त्यसलाई प्रधानमन्त्री देउवाको भ्रमणको बेला दुई देशका शीर्षस्थ शासनाध्यक्षहरूले अनुमोदन गरेका थिए ।

संसदको वर्षाकालीन अधिवेशन जति नजिकिँदै छ त्यति नै महाकाली सन्धि देशको हितमा छैन, संसदले अनुमोदन गर्न हुँदैन भन्ने आन्दोलनका स्वरहरू निस्कन थालेका छन् । वेगवती प्रवाहशील नदीमा छालहरू उठ्दै गर्छन् र किनारमा ठोकिएर बिलाउँदछन् पनि । तर शारदा बाँध, टनकपुर परियोजना पञ्चेश्वर समेत सबै महाकाली सन्धिसँगै महाकालीको मुहान हिमालयदेखि तराईको मैदानी हिस्सासम्मका चन्द्रशम्शेरदेखि शेर-बहादुरसम्मको इतिहास जोडिएकाले धेरै तर्क वितर्क उठ्नु स्वभाविक हो । यसको असर दीर्घकालीन हुन्छ र अधिकारको कुरा पनि हो । यसमा जागरूक हुनु, चिन्ता र चासो राख्नु, सचेत नागरिकको कर्तव्य नै हो ।

यो मुलुकमा संविधान छ । त्यही संविधान बमोजिम बनेको सरकार छ र त्यो सरकारले संविधानकै आधारमा आफ्ना कर्तव्यहरूको निर्वाह गर्ने गर्दछ । संविधानत: प्रमुख प्रतिपक्ष पनि क्रियाशील छ र महाकाली सन्धिमा उसले पनि सहमति जनाएको छ । राष्ट्रियता र राष्ट्रहित निरपेक्ष कुरा होइनन्, भावनात्मक एवं सापेक्षिक कुरा हुन् । यस्ता कुरालाई समग्रतामा हेरिनु पर्दछ । टुक्रा टुक्रालाई लिएर तर्कका निम्ति तर्क, विवादका निम्ति विवाद गरेर वितण्डा निकाल्नु जति सहज हुन्छ त्यति सहज दुई देशका बीचको सम्बन्ध लाभकारी र सौहार्दपूर्ण बनाइराख्न हुँदैन । मजबूत तर्क, प्रमाण र विवेकको आधारमा विरोध हुनुपर्छ, अवरोध बन्न हुँदैन । आफूले देखेको कुरा अर्काले देखेको छैन भन्ने ठान्नु, आफूले देखेको मात्र ठीक, अर्काको दृष्टि दोषपूर्ण मान्नु पनि युक्तिसङ्गत होइन । देशको विकास सरकारको विश्वसनीयता, स्थायित्व र सफलतामा भर गर्दछ । राजनीति सबै थोक होइन ।

निहित राजनीतिक स्वार्थका कारण कहिले त्यही चीज कालो र कहिले त्यही चीज सेतो भन्ने गर्दा आफ्नै तौलमा असर गर्दछ । महाकालीका छालहरू राष्ट्रियता र राष्ट्र-हितको नाममा उठ्ने गर्दछन् ती स्वरहरू रचनात्मक एवं समष्टिभावले अनुप्राणित होऊन् भन्ने शुभकामना हामी राख्दछौं ।

# प्रजातन्त्रले अझै क्रान्तिको अपेक्षा राख्दछ

१५ जेठ २०५३

प्रजातन्त्र पुनस्थापना हुनासाथ विभिन्न जातजाति वर्ग र व्यवसायका मानिसहरू जुर्मुराएर उठे । उनीहरूले सङ्घ-संस्था खोलेर आ-आफ्ना वर्गीय र व्यावसायिक मागहरू लिँदै अगाडि आए । राष्ट्रसेवक कर्मचारी, शिक्षक, प्राध्यापक, मजदूर इत्यादिहरूले आ-आफ्नो

सङ्घ-सङ्गठनमार्फत पारिश्रमिक, सेवा, शर्त सुविधाहरूको माग राखी बन्द, धर्ना, घेराउ, हडताल आदि गर्दै आइरहेका छन् । अस्ति भर्खर शिक्षक सङ्गठनले लाल्टिन जुलुस निकाल्यो । प्रजातन्त्रले हामीलाई के दियो खै ? भनेर उनीहरू भन्दैछन् । यो प्रजातन्त्र ल्याउन हामीले पनि महत्वपूर्ण भूमिका खेलेका थियौं, त्यसको प्रतिफल खै हामीले के पायौं ? भनेर आन्दोलनमा संलग्न, असंलग्न र आन्दोलन प्रतिरोधीहरू समेतले प्रश्न गर्ने गरेको सुन्नमा आउँछ ।

वस्तुत: जनआन्दोलन प्रजातन्त्र पुनस्थापना गर्नलाई भएको हो । प्रजातन्त्र पुनस्थापना भयो । जनआन्दोलनको उपलब्धि यही हो । प्रजातन्त्र एउटा पद्धति हो, व्यवस्था हो जसमा जनता सार्वभौम बनेका छन्, जनताका मौलिक अधिकार प्रत्याभूत भएका छन्, राजसंस्था संवैधानिक भएको छ । जनताका निर्वाचित प्रतिनिधिहरूको संसद छ र त्यही संसदबाट सरकार बन्दछ र त्यो संसदप्रति उत्तरदायी हुन्छ । यसरी प्रजातन्त्र जनताको व्यवस्था हो । जनताले आफ्नो व्यवस्था स्थापित गर्न आन्दोलन गरेका हुन् र त्यो प्राप्त भएको छ ।

प्रजातन्त्रले हामीलाई के दियो ? भन्ने कुरा सार्वभौम जनताले भन्न हुने कुरा होइन । प्रजातन्त्रले स्वर्गीय सुख सुविधा चट्ट ल्याएर राखिदिने कुरा होइन । बोल्न पाइन्छ, भन्न पाइन्छ भनेर जे पनि बोल्ने र भन्ने कुरा पनि ठीक होइन । प्रजातन्त्रले अवसर दिन्छ, त्यसलाई आफ्नो बल, बुद्धि र विवेकले सदुपयोग गरेर आफू र आफ्नो समाजलाई अगाडि बढाउने प्रत्येक नागरिकको कर्तव्य हो । तर हामी आफ्नो नागरिक कर्तव्यप्रति उदासीन छौं र एकोहोरो अधिकारको मात्र कुरा गर्दछौं । यतिखेर प्रजातन्त्रकाप्रति नकारात्मक धारणा प्रकट भैरहेछ । राजनीतिक दलहरू, तिनका नेताहरू जनताका प्रतिनिधि सांसदहरू र सरकारका मन्त्रीहरू अनि स्थानीय निकायका निर्वाचित प्रतिनिधिहरू साराका सारा स्वार्थलम्पट देखिएका छन् । त्यसैले प्रजातान्त्रिक चरित्रको विकास हुन सकेको छैन । भ्रष्टाचार, अनियमितता, महँगी, कालोबजार, हत्या, हिंसा, लुटखसोट, प्रजातन्त्रको चरित्र होइन । प्रजातन्त्रलाई सुदृढ र सुस्थिर बनाउन अझै नागरिक चेतना विकसित गर्नुपरेको छ । प्रजातन्त्रका नाममा भएका र हुने प्रजातान्त्रिक संस्कार विपरीतका काम कुराहरूको विरुद्ध आवाज बुलन्द गर्नुपरेको छ र प्रजातान्त्रिक संस्कार विकासका लागि जबर्दस्त क्रान्ति गर्नुपरेको छ ।

# नवौँ योजनाबारे गोष्ठी

२० जेठ २०५३

नेपालले आर्थिक विकासका लागि योजनाबद्ध पद्धतिलाई अवलम्बन गरेको ४ दशक भइसकेको छ । यो ४ दशकको अन्तरालमा आठोटा योजना बने र लागू गरिए । योजनाबद्ध विकास पद्धति लक्ष्य हासिल गर्न सधैं पछि पर्ने गरेको छ । त्यसैले हरेक नयाँ योजना निर्माण गर्दा र लागू गर्दा अवधि पूरा गरेको योजनाका कमी कमजोरीका कारण लक्ष्य हासिल नभएको उल्लेख गरी नयाँ योजनामा ती गल्ती, कमी र कमजोरी हटाइएको जानकारीसँगै नयाँ लक्ष्य हासिल गर्ने प्रतिबद्धता व्यक्त गरिन्थ्यो । यसैगरी आठोटा योजना बने र लागू गरिए ।



सम्भवत: आउँदो आर्थिक वर्षदेखि नवौं योजना शुरु हुनेछ । सर्वप्रथम नवौं योजना मसौदाको सन्दर्भमा नवौं योजना राय सुझाव क्षेत्रीय गोष्ठी पहिलो पटक योजना आयोगले पोखरामा यही जेठ १७ र १८ गते गऱ्यो । गोष्ठी कति सान्दर्भिक थियो र कस्तो सारगर्भित निचोड गोष्ठीले निकाल्यो त्यो त सहभागी र आयोजकहरूकै अनुभवमा अहिलेसम्म सीमित छ । तैपनि योजनाको उद्देश्य गरीबी निवारण, रोजगारी प्रवर्धन र क्षेत्रीय सन्तुलनतर्फ लक्षित हुनु पर्ने कुरामा छलफल गरिएको हुँदा समस्याको चुरोतर्फ योजना आयोगको ध्यान आकृष्ट भएको आभास पाइन्छ । हुन त वस्तुत: अहिलेसम्मका आठोटै योजनाको उद्देश्य जनताको जीवनस्तर उकास्नु, जनतालाई सुखी र समृद्ध तुल्याउनु नै थियो । उपर्युक्त गरीबी निवारण, रोजगारी प्रवर्धन र क्षेत्रीय सन्तुलन शाब्दिक रूपान्तर मात्र हो । उद्देश्यमा खास अन्तर देखिँदैन । बरु उदारवाद र बजार अर्थतन्त्र र निजीकरणको हावाले राज्यको जिम्मेदारीलाई हलुङ्गो पार्ने दिशामा सरकारको प्रयत्न केन्द्रित हुँदै जानुबाट हुने र नहुनेबीचको खाई बढ्ने, शोषण बढ्ने र प्रतिस्पर्धामा मत्स्य-न्यायको प्रभाव बढ्ने भयो भने गरीब जनताको भलो कसरी हुन्छ भनी सन्देह गर्ने ठाउँ रहन्छ । वर्तमान लोक कल्याणकारी राज्यको सिद्धान्तलाई चरितार्थ गर्ने उपाय कमजोर व्यवहारले बन्ने हुँदा अशान्तिका सम्भावनाहरू बढ्न सक्तछन्, खासगरी नेपाल जस्तो पछौटे स्थिति रहेको मुलुकमा ।

शास्त्रीय र सैद्धान्तिक बहस आफ्नो ठाउँमा हुन्छन्, व्यावहारिक वस्तुजगत् त्योभन्दा भिन्न हुन्छ, भइरहेको छ । त्यसैले भौगोलिक वस्तुस्थितिको आधारमा आर्थिक विकासको क्षेत्रको पहिचान र तुलनात्मक लाभको दृष्टिले साधन-स्रोतको परिचालन गरी उपलब्ध सीमित साधन स्रोतबाट अधिकतम लाभ लिने चेतनाको विकास जनतामा गराउनु आवश्यक देखिएको छ । यसका लागि स्थानीय स्तरमा नै कृषि, उद्योग वाणिज्य, पर्यटन प्रवर्धनमा चिन्तन हुनु पर्दछ । अहिले राजनीतिक उद्देश्यले धेरै साधन-स्रोत चरालाई चारा छरे जस्तै छरिएको छ । दल या व्यक्ति विशेषको निहित राजनीतिक स्वार्थका लागि स्रोत-साधनको वितरणलाई अपव्यय कसैले भन्छ भने त्यसलाई इन्कार गर्न सकिँदैन । त्यसैले नवौं योजनाका मसौदा कर्ताहरूले समाजका तल्लो तलेत्रीको उत्थानका लागि सोच्ने, मानिसको मूल्य बढाउने, हुने नहुनेबीचको खाईलाई पाट्ने दिशामा योजनालाई लक्षित गर्ने प्रयत्न गर्नु जरुरी छ । विकासलाई समग्रतामा हेरेर समग्रकै विकासलाई बढावा दिने; टुक्रे विकासलाई निरुत्साहित गराउँदै लैजानु पर्ने देखिन्छ ।

# मितव्ययिता र सरकार

२२ जेठ २०५३

मन्त्री परिषद्ले गतसाता सरकारी खर्च कम गर्ने निर्णय गरेको समाचार आएको छ । बडखर्चिलोपन हानिकारक हो, हरेकले जीवनका हर क्षेत्रमा मितव्ययिता अपनाउन सक्यो भने सबै कुरा राम्रो हुन्छ । यो कुरा आज मात्रै यहाँ मात्रै अनुभूत यथार्थ होइन, यो सार्वदेशिक, सार्वकालिक चारित्रिक आवश्यकताको कुरा हो ।

सरकारी औपचारिक सभा-समारोहमा हुने तडक-भडक र फजुल-खर्ची, मन्त्री-सांसदहरूको विदेश यात्रा र सार्वजनिक संस्थानहरूमा अनावश्यक मानिसहरूको भर्ती

इत्यादि धेरै खर्चका बाटाहरू रोवरवाफ प्रदर्शित गर्ने र आफन्तहरूलाई पोस्ने विघटित व्यवस्थाका सत्तासीनहरूको भ्रष्ट आचरणको बिँडो प्रजातान्त्रिक आदर्शका उपासक भन्ने आजका सत्तासीनहरूले पनि सिको गरेकाले युगान्तकारी परिवर्तनको छनक जनताले पाउन सकेका छैनन् । समयले र आधुनिक विकासले मानिसका इच्छा आकांक्षा र आवश्यकता अपरिमित किसिमले बढाइदिएको सन्दर्भमा तदनुकूल मानिसको स्रोत-साधनको पनि उत्थान हुनुपर्दथ्यो, नभएका कारणले परिवर्तन ल्याउनु परेको हो र सो परिवर्तनअनुसार आचरण र व्यवहारलाई यस दिशातिर मोडनु पर्दथ्यो । त्यो नभएका कारण आज अविश्वास, वितृष्णा र कुण्ठाले भयावह अराजक स्थितिको विकास भैरहेको छ । दिनप्रतिदिन कठोर बन्दै गएको दैनन्दिन जीवनबाट हतास मानिसहरू आजको भन्दा त हिजोका स्थिति नै वेश थियो भन्न थालेको आजको परिस्थितिमा जिम्मेवार ठाउँमा बसेकाहरूले यो निराशा र कुण्ठाको निदान खोज्नु र तदनुसार रोगको उपचार गर्नु आवश्यक भैसकेको छ । त्यस दिशामा सरकारको यो मितव्ययिताको सङ्कल्प स्वागत योग्य कुरा हो ।

तर यस्ता सङ्कल्पहरू सरकारले धेरै पटक गरिसकेको छ । सङ्कल्प जति गरे पनि सरकारका सङ्कल्पहरू व्यक्तिको वाचा जस्तै क्षणिक भएका छन्, ती व्यवहारमा उत्रन सकेका छैनन् । त्यसैले मानिसहरू सरकारको नारा खासगरी मितव्ययिताको सन्दर्भमा खोक्रो मान्दछन् । सभा समारोह, मन्त्री एवं सांसदहरूका विदेश यात्रा प्रजातन्त्र पुन-स्थापनापछि आलोच्य ढङ्गले बढेको कुरालाई सरकारले स्वीकार गर्‍यो । यसमा हुने खर्च घटाउनु पर्ने आवश्यकता महसुस गरेको छ । त्यसमा नियन्त्रण गर्ने कदम कत्तिको कारगर ढङ्गले अगाडि बढ्छ अगाडिका दिनहरूले देखाउने नै छन् ।

सरकारी स्वामित्वका अधिकांश संस्थानहरू सेता हात्ती बनेका छन् । उनीहरूको व्यापार चाहे नाफामा जाओस्, चाहे नोक्सानमा, सरकारले अनुदान दिइहाल्छ भनेर सम्बन्धित मन्त्री र सचिवहरूका आफन्तहरूलाई जागीर ख्वाउने थलो ती संस्थानहरू बन्ने गरेका छन् । तिनमा त्यस्ता अनावश्यक कामदारहरूलाई हटाउने काम पक्कै पनि सजिलो छैन । कतिपय सरकारी कार्यालयहरूमा पनि नचाहिएका मानिसहरू हाजिर मात्र गरेर तलव भत्ता खाने कम छैनन् । या त तिनलाई काम दिन सक्नु पर्छ या त तिनीहरूलाई हटाउन सक्नु पर्दछ । यस्तोमा पनि सरकारको ठूलो धनराशी बगेको कुरा यथार्थ हो । यस्ता चुहावटमा नियन्त्रणमात्र हुनसकेमा ठूलो बचत हुनसक्ने निश्चित छ ।

चुहावटका प्वालहरू यी मात्र होइनन् सहस्र छन् । सबैमा एकैचोटी ध्यान दिन सकिँदैन, ध्यान बाँड्दा राम्रो परिणाम पनि पाउन सकिँदैन । त्यसैले नियन्त्रणको कुरो बिस्तारै बढ्नु पर्दछ, रोकिन हुँदैन । सरकारले अनावश्यक खर्चमा नियन्त्रण गर्न सक्यो भने देशलाई ठूलो लाभ हुन सक्छ । अतएव सरकारले नारा मात्र होइन मितव्ययिता गरेर देखाओस्, हाम्रो हार्दिक शुभेच्छा छ ।

# विकासको पूर्वशर्त शान्ति र स्थायित्व

२३ जेठ २०५३

दक्षिण एशियाका मुलुकहरू सबैजसो विकासशील भनिन्छन् । किनभने त्यहाँ पहिले औपनिवेशिक शासन थियो । विदेशी शासकहरू त्यहाँ आफ्नो हितलाई सर्वोपरि राख्दथे,



त्यहाँको साधन स्रोतको अधिकतम शोषण गर्दथे, आफू मोज लुट्थे, मोटाउँथे, त्यहाँका जनतालाई दास र कङ्गाल पार्दथे । त्यसैले ती अशिक्षा र गरीबीले ग्रस्त थिए । स्वाधीनताको चेतनाले राष्ट्रिय जागरण आयो, आन्दोलन भयो र विदेशीको हातबाट जनताले शासन सत्ता खोसे र मुलुकलाई स्वाधीन बनाए । त्यही सिलसिलामा नेपाल यद्यपि पराधीन कहिल्यै नभएपनि हुकुमी शासनको जन्जीरमा जकडिएको थियो र त्यसबाट मुक्ति पाउन यहाँ पनि जनताले सङ्घर्ष गर्नुपरेको थियो । दासत्वको स्थिति बाट गुज्रनु परेकोले दुनियाँका अरू मुलुकहरूले सर्वाङ्गीण विकास गरी समृद्धिको शिखर चढ्दा दक्षिण एशियाका देशहरू गरीबी र अशिक्षाको अँध्यारोमा रुमलिइरहेका थिए र स्वाधीनताको लडाइँ लडिरहेका थिए । नेपाल पनि त्यही दौरबाट गुज्रिरहेको थियो । जब यी पराधीनताको जन्जीर तोडेर स्वाधीन भए, यिनलाई सर्वाङ्गीण विकासको आवश्यकताको अनुभव भयो र विकासका लागि प्रयत्नहरू शुरु गरिए । त्यसैले यिनलाई विकासशील भनियो ।

विकासको पूर्वशर्त शान्ति र स्थायित्व हो । स्थायित्व भएन भने अशान्ति हुन्छ, स्थायित्वकै बेला पनि अशान्ति हुन सक्छ र अशान्तिले स्थायित्वलाई खलबल्याउँन सक्छ । स्थायित्व र शान्ति नङ र मासु जस्ता हुन् । मुलुकमा शान्ति र स्थायित्व कायम गर्ने काम राजनीतिले गर्ने हो अर्थात् सरकारले गर्ने हो । प्रतिगामी षडयन्त्रकारी र विदेशी स्वार्थदेखि राजनीतिलाई बचाउन सकिएन भने शान्ति खलबलिन्छ र स्थायित्वमा आँच आउँछ । धर्म, जाति, लिङ्ग, क्षेत्र आदिको अतिवादी धारणाले समाजमा भेदभाव अङ्कुरित हुन्छ त्यही भेदभावले राजनीतिलाई दूषित पार्दछ । यो भेदभाव स्वार्थजनित हुन्छ र यसको मूल अशिक्षा र गरीबी नै हो । अशिक्षा र गरीबीलाई मेटाउने विकास हो र विकासलाई शान्ति र स्थायित्वको दरकार पर्दछ । अशान्ति, अन्योल र अस्थिर अवस्थामा कुनै पनि विकासले कदम बढाउन सक्तैन । परन्तु यो शाश्वत यथार्थलाई उपेक्षा गर्दै निहित राजनीतिक स्वार्थहरू टक्कराउँदा शान्ति खलबलिएको छ, स्थिरतामा आँच आएको छ, अन्योल र अराजकता बढेको छ, जसले गर्दा राजनीतिक दलहरूमाथि जनताले पूरा विश्वास गर्नसकेका छैनन् । चुनाव हुन्छन्, बहुमत कसैले पाउँदैन । मिलेर सत्ता समाल्ने राष्ट्रिय दृष्टिकोण देखिँदैन । वैयक्तिक वा दलीय स्वार्थ हावी भएको छ र सत्ता अस्थिर हुन गएको छ । यति खेर यो स्थिति नेपालको मात्र होइन दक्षिण एशियाभरि नै यो प्रवृत्ति देखिएको छ । यसलाई स्वस्थ प्रवृत्ति भन्न सकिँदैन । राजनीतिको यो अस्वस्थताले मुलुकलाई पछाडि मात्र धकेल्दैन अपितु प्रजातन्त्रमाथि नै निरङ्कुशताको बाघ-पञ्जाले घातक प्रहार गर्न सक्तछ । त्यसैले निहित स्वार्थलाई त्यागेर राजनीतिलाई राष्ट्रिय हितको अनुकूल बनाउन राजनीतिक दलहरू र तिनका नेताहरूले छातीमा हात राखी गम्भीरतापूर्वक सोच्नु पर्ने समय आएको छ । बेला छँदै सोच्नु बुद्धिमानी हुन्छ ।

# विश्व वातावरण दिवस

२५ जेठ २०५३

केही वर्षदेखि ५ जूनको दिनलाई विश्व वातावरण दिवसको रूपमा मनाउने चलन चलेको छ । विगतका वर्षहरूमा भैँ यो वर्ष पनि अस्ति ५ जूनको दिन नेपालमा पनि कार्यक्रमहरू आयोजना गरिए । ती कार्यक्रमहरूमा वातावरणकाबारे भाषणहरू भए,

लेखहरू लेखिए, वृक्षरोपणका कामहरू भए । र दिन प्रतिदिन मानवीय क्रियाकलापबाट वातावरण दूषित बन्दै गएको र त्यसले जीव जगत्मा र भौतिक जगत्मा पर्ने प्रतिकूल असरबारे चिन्ता व्यक्त गरियो । विद्युतीय सञ्चारमाध्यम र छापाहरूमा ती गतिविधिहरूको प्रचार-प्रसार भयो । यी क्रियाकलापको उद्देश्य वातावरणबारे जनतामा चेतना जगाउनु हो । वातावरणको सम्बन्धमा जनतालाई जागृत गराउनु राम्रो कुरा हो । तर बहुसङ्ख्यक निरक्षर एवं विपन्न वर्गसम्म यो सञ्चारमाध्यम र ती सूचना पुग्न सक्छन् कि सक्तैनन् भन्ने मूल सवाल छ भने ती सूचनालाई कतिले बुझ्दछन् भन्ने अर्को अहम् प्रश्न पनि टड्कारो रूपमा उपस्थित छ । तैपनि कानू मामा निको भन्ने उक्तिलाई सार्थकता दिने काम यी कार्यक्रमले दिन्छन्, त्यसमा सन्देह छैन ।

वातावरणको विनास र वातावरण प्रदूषणको समस्या प्राकृतिक समस्या होइन । जनसङ्ख्याको विस्फोट र विकासको मानवीय चाहनाले वातावरणको समस्या सिर्जिएका हुन् । जति टाउका बढे, त्यति आवश्यकता बढ्यो । बढेको आवश्यकता पूर्ति गर्न प्रकृतिको बढी दोहन त हुनै पर्‍यो । फेरि मानिस आफ्नो यथास्थितिमा सन्तुष्ट हुने जन्तु होइन; उसलाई विविध प्रकारका सुख सुविधाहरू पनि चाहिन्छन् । मानिसका यिनै चाहनाले शहरीकरण, कल-कारखानाको विकास, वनको विनास, यान्त्रिक उपकरणहरूको उपयोग इत्यादि कुराहरूले वातावरण मात्र होइन पर्यावरणलाई नै प्रदूषित पार्ने काम गरेका छन् । पर्यावरणको प्रदूषणले प्राणी जगत्को जीवनी निर्भर गर्ने हावापानी पनि प्रभावित भएको छ । आजका मानिसको आचरणले भविष्यका सन्ततिले जीउने यो धरती विषाक्त हुँदैछ भन्ने कल्पनाले आजको सचेत मानिस सन्त्रस्त हुनु अस्वाभाविक होइन । परन्तु मानिस आज भविष्यको भन्दा वर्तमानकै चिन्ताले बढी प्रभावित हुनु पनि त्यतिकै स्वाभाविक छ । मानिस सुखको चिन्ता र विकासको चाहनालाई त्याग्न सक्तैन । त्यसैले हाम्रा वातावरणसम्बन्धी चेतना र कामहरू व्यावहारिक र उपयोगी हुनु सट्टा बढी प्रचारमुखी देखिएका छन् । हुन त सरकारले वातावरण मन्त्रालय नै खडा गरिसकेको र वातावरणसम्बन्धी विषयलाई हेर्ने मन्त्रीको नियुक्तिसमेत भइसकेको आजको सन्दर्भमा वातावरण बचाउने, बिग्रेको प्रदूषित वातावरणलाई सुधार्ने काममा सरकारबाट हुने काम अवश्य पनि हुने नै छन् । परन्तु वातावरण बचाउने काम व्यक्ति-व्यक्तिको हो र हर व्यक्ति वातावरणप्रति सचेत र संवेदनशील हुनु अत्यन्त जरुरी छ । त्यो सचेतता र संवेदनशीलतालाई मानिसले आफ्नो आचरण बनाउन सक्यो, वृक्ष वनस्पतिको हरियाली विकसित, फोहरमैलालाई तह लाउने कामलाई आफ्नो दायित्व सम्झने हो भने वातावरणका समस्या धेरै समाधान हुन सक्तछन् । विकासको चाहनाले भौतिक परिवेशमा परिवर्तन जरुरी हुन्छ । यन्त्र उपकरणको उपयोगबाट निस्कने फोहरमैलाको हानिकारकता हटाउने वा घटाउने काममा ध्यान दिलाउने सबै सचेत नागरिकको दायित्व बन्नु पर्दछ । सबैभन्दा ठूलो कुरा मानिसको चिन्तन र आचरण भनौं संस्कारमा नै परिवर्तन हुनु जरुरी छ । हामी वातावरणका कुरा छोडौं, हामी आफ्नै बानी बेहोर हेरौं, मानिसको स्वभाव अजिब देख्दछौं । कतिपय स्वास्थ्यलाई जीवनलाई हानिकारक चीज खराब हो भन्ने जान्दा जान्दै पनि उपयोग गरिरहेका हुन्छौं । त्यसैले हाम्रो संस्कारलाई सुधार्न सक्यौं र सानैदेखि सन्ततिलाई वातावरणप्रति सचेत गराउँदै लान सक्यौं भने वातावरणका समस्या समाधान हुँदै जानेछन् । दिवस मनाउने उपक्रमको उद्देश्य नै संस्कार बनाउने हुनु पर्दछ र त्यस्को सन्देश दिवसहरूले दिन सक्नु पर्दछ ।



# विश्वास गरिएकाले विवेकलाई बन्धक बनाउँदा

२९ जेठ २०५३

अहिले एमालेका मानिसहरू काङ्ग्रेसीकरणको दोष लगाइरहेका छन् । हिजो जब एमालेको अल्पमत सरकार सत्तामा थियो, काङ्ग्रेस र राप्रपाका मानिसहरूले एमालेलाई एमाले-करणको आरोप लगाएका थिए । वस्तुतः जो सत्तामा गयो त्यसले आफ्ना मान्छे बिकाउने, आफ्नालाई जागिर दिने गरेकै छन् । यो राज्यको स्रोत-साधनबाट आफ्ना कार्यकर्ता पाल्ने, पोस्ने काम जो भइरहेको छ, राजनीतिक दलहरूबाट त्यो सरासर भ्रष्टाचार हो । राणाका सन्तति गर्भैदेखि जर्नेल भए, निर्णायक ठाउँहरू उनीहरूकै नातागोताका मानिसले भरियो, राज्यको स्रोत-साधनमा उनीहरूकै ढलीमली भो, जनता निर्धा निमुखा र गरीब भए भनेर ०७ सालमा जनक्रान्ति गरिएको थियो । ३० वर्ष निर्दलीय पञ्चायत कालमा पनि पञ्चायतइतर भावनाका मानिस आफ्ना वैध अधिकारबाट वञ्चित मात्र भएनन्, उनीहरूलाई खेद्ने, दुःख र यातना शारीरिक एवं मानसिक रूपमा दिने काम भयो भनेर जनआन्दोलन ०४६ मा गरियो र युगान्तकारी परिवर्तन भएको हो । परिवर्तन- पछि जुन व्यवस्था प्रतिष्ठापित गरियो त्यसमा ती शासकीय विसङ्गति र विकृतिहरू हुँदैनन्, किनभने यो विधिको व्यवस्था हो र राजमुकुट पनि विधानको विधिले बाँधिएको हुन्छ भन्ने विश्वास गरिएको हो । विधिको व्यवस्था बेठीक त हुँदै हुँदैन । तर त्यो विधि क्रियान्वित गर्ने जिम्मेदारीमा पुर्‍याइएका मानिसहरूले स्वार्थमा लिप्त भएर विवेकलाई बन्धक बनाएपछि विधिको व्यवस्था पनि लङ्डो हुँदोरहेछ । यो दुर्भाग्यको स्थिति अहिले नेपालीहरूले भोगिरहेका छन् ।

नेपाली काङ्ग्रेस प्रजातन्त्रको संवाहक पक्कै पनि हो । किनभने २-२ वटा युगान्तकारी ऐतिहासिक परिवर्तन ल्याउने जनआन्दोलनको आह्वान र नेतृत्व उसैले गरेको थियो । यो इतिहासको यथार्थतालाई कसैले मेट्न हुँदैन र सक्तैन पनि । नेकपा एमाले यद्यपि परिवर्तनपछि बनेको दल भए तापनि आन्दोलनको बेला वाममोर्चाको नाममा सहयात्री बनेको घटकहरू मिलेर बनेका दल भएकोले उसलाई जनताले प्रजातान्त्रिक आन्दोलनको सहयात्रीको रूपमा स्वीकार गरेको हो । यी दुवै जनताका शक्तिहरूलाई सत्तामा पुग्ने अवसर समयले प्रदान गरेको हो । परन्तु दलीय स्वार्थ र सत्तामा पुग्नेहरूको निजी स्वार्थका कारण विधि र विधानलाई आ-आफ्नो अनुकूल परिभाषित गर्ने र सत्ता र शक्तिको दुरुपयोग गर्ने लोभलाई ती दुवै दलले त्याग्न सकेनन् । फलतः प्रजातन्त्र भएपछि त के के न होला भन्ने आशा गरेका निर्धा निमुखा जनताले निरास हुनु पर्ने अवस्था भयो । सार्वजनिक सभा-समारोहहरूमा नेताहरू जे बोल्दछन् ठीक त्यसको उल्टो काम उनीहरू गरिरहेका हुन्छन् । उनीहरूको अन्तरात्माले बेठीक हो भनेको कुरा पनि विनाकुनै हिच्किचाहट उनीहरू गरिरहेका छन् । निहित स्वार्थसँग यसरी विवेकको किनबेच जो भइरहेको छ, त्यसैले कोलाहल सिर्जिएको छ, अशान्ति र अराजकताले सर्वत्र ढाकेको छ । समाजका अगुवाहरूको पतित चरित्रले समाजको नैतिक धरातल भासिएको छ । विश्वासलायक राष्ट्रिय चरित्रको अभाव अनुभव भइरहेको यो निराशापूर्ण

परिस्थितिबाट देश र प्रजातन्त्रलाई बचाउन अब जनता नै जाग्नु पर्ने भएको छ । कुनै अलौकिक शक्तिको अवतारको आशा गर्नु पनि व्यर्थ छ, किनकि ऊ पनि भक्तको पक्षपाती हुने गरेको छ । त्यसैले जनता नै जाग्नु पर्दछ, ब्रह्मले देखेको न्यायको कुरा बोल्न र न्यायको स्थापनानिम्ति लड्न पछि पर्नु हुँदैन ।

# यस्तो किन हुन्छ ?

३० जेठ २०५३

श्री ५ को सरकारले गत माघमा राष्ट्र बैंकका पूर्व डेपुटी गभर्नर लवराज शर्माको अध्यक्षतामा गठन गरेको ४ सदस्यीय प्रतीत पत्र काण्डको छानबिन गर्ने आयोगले अस्ति आइतबार अर्थमन्त्री रामशरण महतलाई आफ्नो प्रतिवेदन बुझायो । ०५१ साउनदेखि ०५२ कार्तिकसम्म नेपालका विभिन्न ट्रेडिङ हाउसहरूका प्रतीत पत्रको माध्यमले कारोबार गर्ने ६० व्यक्तिहरूलाई कारवाही हुन सक्ने स्पष्ट कानूनी आधारहरू प्राप्त भएको कुरा प्रस्तुत प्रतिवेदनमा उल्लेख भएको बताइएको छ । आयोगले उक्त अवधिमा ३ करोड ६१ लाख ५६ हजार अमेरिकी डलरको अपचलन भएको र सो अपचलनबाट सो रकमले हुने पैठारी भन्सारबाट नभएकोले ५१ करोड बराबरको राजस्व चुहावट हुन गएको कुरा प्रतिवेदनले स्पष्ट पारेको छ ।

राजस्वका जति मूल (स्रोत) छन् ती प्रत्येक स्रोतहरूमा राजस्व चुहुने प्वालहरू पनि प्रशस्त छन् । कमसेकम पीडा दिएर सरकारको राजस्व बढाउनु, कोषको वृद्धि गर्नु भन्ने प्राचीनदेखि अर्वाचीन अर्थशास्त्र (राजनीति)का पण्डितहरूले भन्ने गरेका छन् । पहिले जस्तो राजस्वका स्रोतहरू थोरै आज छैनन्, धेरै बढेका छन्, तर जति बढेका छन् त्यसको अनुपातमा के, त्यो अनुपातभन्दा बढी खर्चका बाटाहरू पनि बढेका छन् र राज्यको दायित्व पनि व्यापक बनेको छ । आयका स्रोतहरूमा र व्ययका बाटाहरूमा अनियमित किसिमबाट आय व्ययलाई बीचमा चुस्ने तत्वहरू मौका ढुकेर प्रपञ्च मिलाइरहेका हुन्छन् । फलतः न हुनुपर्ने जति राजस्व सङ्कलन हुन्छ, न खर्च नै तोकेको ठाउँमा तोके जति हुन्छ । यसबाट के सरकार के जनता दुवै उत्तिकै शोषिएका र चुसिएका छन् । इतिहासमै नभएको भ्रष्टाचार अहिले खुला रूपमा भइरहेको छ भनेर ती चुस्सिनेहरू बताउँदै छन् । करिब पौने ४ करोड विदेशी मुद्रा (डलर)को अपचलनबाट मात्रै रु. ५१ करोड राजस्वको चुहावट हुनगएको कुरा माथि भनिएको प्रतीत पत्र काण्डले देखायो ।

शीर्षस्थ व्यक्तिहरूको चारित्रिक शुद्धतामा सन्देहको गुञ्जाइस रहनु, राजनीतिक दबाबले नीति नियमलाई कमजोर पार्नु, जिम्मेवारीमा भएकाहरूको अदव-अनुशासनलाई मातहतका कार्यकर्ताले नटेर्नु र नटेर्नेहरू तत्काल दण्डित नहुनु जस्ता कुराले दण्ड व्यवस्थाको शिथिलताले सम्पूर्ण प्रशासनिक संयन्त्र भ्रष्ट बन्न पुगेको छ । यो भ्रष्टताको ओखती जिम्मेदारीमा हुनेहरूको इमानदारी नै हो । ऊ इमानदार भयो भने उसले न्याय गर्न सक्तछ र अनियमित गर्नेलाई बाबु नै भए पनि दण्ड गर्न पछि पर्दैन । आज देशमा न्याय र दण्डको प्रक्रिया क्रियाशील नहुनाले अनेक किसिमका भ्रष्टाचार भइरहेका छन् । घोटाला र काण्डहरू घटिरहेका छन् । त्यसैले विश्वासको सङ्कट उपस्थित भएको छ । यसको समुचित निदान र उपचार न्याय र दण्ड प्रक्रियालाई सुनिश्चित गर्नु हो ।



# बजार भाउ र जनता

७ असार २०५३

काग कराउँदै गर्छ पिना सुक्दै गर्छभैँ बजार भाउ प्रतिदिन चढ्दो छ, जनता 'महँगी चुलियो' भनेर कराउँदै छन्, कोही सुन्नेवाला छैन । जनताको मर्का सुन्ने, जनतालाई चाहिँदो राहत पुऱ्याउने, जनतालाई खुशी र सुखी बनाउने जिम्मेदारी सरकारको हो । जनताले चुनेका प्रतिनिधिहरूले आफ्नो तलव बढाए, भत्ता र अन्य सुविधा बढाए । त्यति मात्र होइन उनीहरूले सरकारको स्वामित्वमा सञ्चालित व्यापारिक वस्तु र सेवाको भाउ पनि बढाए । दूध, बिजुली, मट्टीतेल, डिजेल, पेट्रोल, कृषिमल जति पनि जनताका दैनन्दिन आवश्यकताका वस्तु र सेवा छन्, ती सबैको मूल्य वृद्धि गर्ने काम पनि गऱ्यो । सरकार स्वयंले मूल्य वृद्धि गर्दछ, निजी व्यापारीले स्वभावतः उनीहरूले आफ्नो वस्तु र सेवाको मूल्य वृद्धि गर्ने नै भए, त्यसमा पनि केमा कति मूल्य वृद्धि गर्नुपर्ने, किन गर्नुपऱ्यो भन्ने स्पष्टीकरण दिइरहनु पर्ने जरुरी छैन । यहाँ के सरकारलाई, के निजी व्यापारीहरूलाई स्पष्टीकरण दिने परे पनि सजिलो छ । डलरको भाउ बढेकोले, भारतको बजारमा मूल्य वृद्धि भएकोले, वा यो मूल्य वृद्धि अन्तर्राष्ट्रिय प्रवृत्ति हो, यसलाई रोक्न सकिन्न भनिदिए पुग्छ ।

निश्चय पनि मूल्य वृद्धिका कारण राष्ट्रिय, अन्तर्राष्ट्रिय, प्राकृतिक, एवं कृत्रिम हुन्छन् । स्वतन्त्र बजार अर्थ प्रणालीको जो शास्त्रीय मूल्य निर्धारणसम्बन्धी सिद्धान्त हो, त्यो क्रियाशील भए जस्तो लाग्दैन । हरेक वस्तुको मूल्य घट्नेको त कुरै छैन स्थिर पनि रहेको हैन, हलक्क हलक्क २-४ महिनाको अन्तरालमा बढ्ने गरेको छ । ४ दशकको अन्तरालमा अहिलेसम्म फलानु वस्तुको भाउ घट्यो भन्ने सुनिएको छैन । केही घरेलु कृषिजन्य उत्पादनहरू जस्तै दाल, चामल, तरकारी– आलु, प्याज, सागपात इत्यादिको भाउ मौसमको बेला किञ्चित तलमाथि हुन्थ्यो अहिले त त्यो पनि भएन । अहिले मङ्सिर पुसमा पनि चामलको भाउ साउन भदौको कायम रह्यो र फागुन लागेपछि फेरि बढ्यो र सरकारले इन्धनको भाउ बढाएपछि त झन् बढ्यो । अब भर्खर वर्षा शुरु भएको छ र कति बढ्दै जाने हो थाहा छैन । यो मूल्य वृद्धिले गृहिणीको बजेट प्रतिदिन फेल खाइरहेको छ ।

मूल्य वृद्धिको जो प्रवृत्ति छ त्यसले स्वतन्त्र बजार अर्थ प्रणाली क्रियाशील हुन नसकेको र व्यापार मुलुकका सीमित व्यक्तिहरूको हातमा केन्द्रित छ । तिनले मनचाहे मूल्य वृद्धि गर्दछन् । अर्को कुरा, यातायात र सञ्चारका विकास एवं उद्योगमा यान्त्रिकीकरणले गर्दा प्रतिस्पर्धाका सम्भावनालाई क्षीण बनाएकोले मूल्य स्पर्धात्मक नभएर धेरै हदसम्म एकाधिकारिक देखिएको छ । यो स्थितिमा सरकारले नै उपभोक्ताको हित संरक्षण गर्नुपर्ने हो । तर त्यो दिशामा सरकार जान सकेको छैन । जनता भगवानकै भरोसामा छन् ।

# पतनोन्मुखी राजनीति

९ असार २०५३

आधा शताब्दी लामो सङ्घर्ष, त्याग र तपस्या गरी प्रजातन्त्र ल्याइयो । देशका जनता सार्वभौम शक्तिका धनी भए । देशको चाँजोपाँजो मिलाउने सत्ता र शक्तिको जिम्मा

दललाई दिने व्यवस्था भयो । जुन दलले निर्वाचनमा बहुमत प्राप्त गर्छ त्यसले सत्ता सन्चालनको एकलौटी अधिकार उपभोग गर्दछ । बहुमत पाउन कसैले नसकेको खण्डमा मिल्न सक्ने दलहरू परस्पर मिली संविधानले निर्दिष्ट गरेका आदर्श र मूल्यका आधारमा केही निश्चित न्यूनतम सामयिक समझदारी या सिद्धान्त प्रतिपादन गरी सरकार बनाउने र चलाउने परिपाटी संविधानले व्यवस्था गरेको छ । त्यहीअनुरूप मध्यावधि निर्वाचनपछि बनेको प्रतिनिधि सभामा सबैभन्दा ठूलो दलको अल्पमत सरकारलाई अविश्वासबाट अपदस्थ गरी संयुक्त सरकार बनेको हो । अहिले सत्तामा त्यही संयुक्त सरकार छ ।

संयुक्त सरकार नेपालमा मात्र होइन, अहिले दक्षिण एशियाको ठूलो मुलुक भारतमा ११ दल मिलेर सरकार भरखर बनेको छ, बङ्गलादेशमा पनि शेख हसिनाको नेतृत्वमा संयुक्त सरकार बन्दैछ । दुनियाँका अरू प्रजातान्त्रिक मुलुकहरूमा पनि संयुक्त सरकारको अभ्यास भैरहेको छ । संयुक्त सरकार नौलो अनौठो होइन । तर यहाँ सरकारमा सम्मिलित दलहरू र जे जस्तो राजनीतिको खेल खेलिरहेका छन् त्यो घिनलाग्दो किसिमको अनौठो छ । तिनले संविधान र प्रजातन्त्रका मूल्य र मान्यतामाथि प्रहार गरिरहेका छन् । यो लाजमर्दो र दुर्भाग्यको स्थिति हो ।

पहिले सरकारकै कुरा गरौं । सरकार गिर्छ भन्ने डरले ४ दर्जन मानिसको मन्त्री-मण्डल बनाइएको छ । फेरि पनि यसको स्थायित्वबारे ढुक्क हुने स्थिति छैन । प्रधानमन्त्री शेरबहादुर देउवा जसले यो बनाउनु भयो, यसको आवश्यकता महसुस गर्नु हुन्न र बाध्यता हो भनिरहनु भएको छ । नेपाली काङ्ग्रेस र राप्रपाका नेताहरू कोही पनि यति ठूलो मन्त्रीमण्डल बनेकोमा सन्तुष्ट हुनुहुन्न । तर पनि यो बन्यो र रहिरहेको छ । किनभने यो भएन भने मुलुकले मध्यावधिको भार बोक्नु पर्दछ र मध्यावधिले पनि समस्याको समाधान होला भन्ने केही निधो छैन । देशको सामर्थ्यप्रति संयुक्त सरकारमा सम्मिलित दलहरू साँच्चै नै चिन्तित छन् भने उनीहरूमा मन्त्रीमण्डल चाहिनेभन्दा ठूलो नबनाउन पनि उत्तिकै चिन्ता हुनु पर्ने हो । त्यो चिन्तासँगै आफ्ना सांसदहरूलाई सीमाभित्र सुरक्षित पनि राख्न सक्नु पर्ने हो । लोभ र लालच दिएर सत्ता कति दिन टिकाइराख्ने ? दलीयताको संस्कार दिन दलका नेताहरूले सकेको खै ? नेताहरूमा यो सामर्थ्य आउनु पऱ्यो र दललाई सुदृढ पार्नु पऱ्यो ।

अब प्रमुख प्रतिपक्षीलाई हेरौं । सत्तामा आफूलाई स्थापित गर्ने प्रयत्न गर्नु नाजायज होइन । तर जसरी पनि जे गरेर भए पनि सरकार ढाल्छौं भन्ने कुरा प्रजातान्त्रिक मूल्य र मान्यताको विपरीत कुरा हो । संयुक्त सरकार बनेको ९-१० महिनाको बीचमा संयुक्त सरकारमा सामेल राप्रपाका नेता लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीको लालच दिएर सरकार गिराउन खोजियो । त्यसमा असफल भएपछि पनि राप्रपालाई फुटाउने प्रयत्न जारी रह्यो । राप्रपाका अध्यक्ष सूर्यबहादुर थापाले एमालेले राप्रपाको केन्द्रीय समितिका सदस्यहरूलाई किन्न खोजेको कुरा सार्वजनिक गरिसक्नु भएको छ । एक जना सदस्यलाई रु. ५० लाखसम्म मोलिएको कुरा सबैले थाहा पाए । जसले अरूलाई किन्न खोज्दछ त्यो बेचिँदैन भन्ने कसैले प्रत्याभूति दिन सक्छ ? यसले राजनीति र राजनीति गर्नेहरूको नियत र हैसियत के रहेछ भन्ने प्रकट भएन ? यसरी राजनीतिको मूल्य गिरेपछि राजनीतिकर्मीहरूको भाउ कसरी उचा हुन्छ ? दोस्रो कुरा नेकपा एमालेले भारतसँग महाकाली एकीकृत विकास सन्धि गर्ने बेला सहमति जनायो । सन्धि भयो । सन्धि भएपछि स्वागत गऱ्यो र त्यसको श्रेय आफूले पाउनु पर्छ भनेर दाबी पनि गऱ्यो । तर



अब संसदमा अनुमोदन गर्ने बेला आयो उसको स्वर, उसको रवैया बदलिएको छापाहरूले देखाएका छन् । नेकपा (एमाले)का अध्यक्ष मनमोहन अधिकारीले हामी महाकाली सन्धि पास हुनदिने छैनौं भन्न थाल्नु भएको छ । आफूले सहमति जनाएर सही गरेको मसी सुक्न नपाउँदै तर्कुले र बर्धन्नेको खरोखोटो निकाल्दै आफ्नै वचनलाई कुल्चने ढिठचाई गर्नु जिम्मेदार प्रतिपक्षलाई सुहाउने कुरा होइन । यसले गर्दा उसले आफ्नो विश्वसनीयता त गुमाउँछ, साथसाथै देशको र सरकारको विश्वसनीयतामा आँच पुऱ्याउने मात्र होइन संवैधानिक प्रावधानलाई समेत चोट पुऱ्याउने काम गर्दछ ।

यिनै यस्तै दलीय क्रियाकलापले दलप्रतिको जनताको विश्वास हराउँदैछ । उत्थानको मार्गमा चढाउँदै लैजानु पर्ने राजनीतिलाई पतनोन्मुख पार्दै लगेका छन् आजका राजनीतिक दलहरूले । यो देशकै दुर्भाग्य हो ।

# प्रतीत–पत्र काण्ड

१२ असार २०५३

प्रतीत-पत्र काण्ड छानबिनको लागि गठित लवराज शर्मा आयोगको प्रतिवेदन अब सार्वजनिक गरिएको छ । साथै सो प्रतिवेदनमा आयोगद्वारा विदेशी विनिमय अपचलन गरेको दोष लगाएका अभियुक्तहरूलाई सरकारले कानूनी कारवाही चलाउन तयारी गरिरहेको कुरा पनि प्रकाशमा आएको छ । तर अभियुक्तहरू धेरै जसो भूमिगत भएका वा भागेका भन्ने समाचारहरू छापाहरूले दिइरहेका छन् । निषेधित काम गरी फायदा उठाउनेमाथि सरकारको जिम्मेदार ओहदामा प्रतिष्ठित व्यक्तिहरूको उदासीनता वा कृपाले उम्कदै आउने गरेको सन्दर्भमा सरकारको अहिलेको तत्परता निश्चय नै स्वागत-योग्य कदम मान्नु पर्दछ ।

विदेशी विनिमय अपचलन गर्नेहरू छानबिन आयोगले प्रतिवेदन बुझाएपछि अध्ययन गर्ने नाममा खर्चिएको समयले अभियुक्तहरू गायब भएको कारण खरोखोटो सुनाउनेहरू नहुने होइनन् । अनियमित गरी गराई मनग्य कमाएर केही समय छिपी नाम ग्राम बदलेर छल्नेहरू पनि यहाँ नहुने होइनन् । स्वार्थ लिप्तहरू जे गर्न पनि पछि पर्दैनन् । त्यस्ताहरू उम्कने कुरा बेग्लै हो । तर सरकारले ध्यान दिने हो भने अनियमित गर्नेहरू उम्कन गाह्रो हुन्छ । अनियमित गर्नेहरूको परिवार, जायजेथा हुन्छ । चोरहरू पर्याप्त सतर्कता अपनाउँदा अपनाउँदै कतिपय कुरामा चिप्लिएका हुन्छन् । त्यसैले कारवाही हुनु पर्दछ, कानूनले अदालतबाट बरी हुनेदेखि बाहेक अरू अवस्थामा अनियमितहरू दण्डित हुनुपर्छ । सो काम भएन भने समाजमा अदब अनुशासन रहँदैन, अराजकता फैलिन्छ । अहिले मुलुक त्यस्तै अराजकताले ग्रसित छ ।

प्रतीत-पत्र काण्ड मामुली काण्ड होइन । यसबाट ५१ करोड राजस्वको चुहावट हुन गएको छ एकातिर भने अनावश्यक कुरामा महत्वपूर्ण विदेशी मुद्राको अपव्यय भएको छ । देश र जनताविरुद्ध भएको यस्तो अपराध अक्षम्य त हुँदै हो । त्यसमाथि यति ठूलो अपराध कर्ममा बैंकका कर्मचारी अपचलनकर्ताको मिलोमतो मात्र नभएर अदृश्य हात पनि हुनु पर्दछ । अहिले त्यो हात भनेको राजनीतिक संलग्नता हो । त्यो संलग्नतालाई

केलाउने अधिकार सरकारले नदिनु पहेली हुन गएको छ । प्रजातान्त्रिक पारदर्शितामा यसले असर गर्दछ । हुन सक्छ, केही हदसम्म दलहरूबीच अस्वस्थ स्पर्धाको भयले अदृश्य हात खोतल्ने काम नगरेको हुन सक्छ । यस्तो गोपनीयता तत्कालको मुलुकको राजनीतिको हितमा भए पनि दीर्घकालीन हित कतै उपेक्षित त हुन गएन भन्ने आशङ्का हुनु स्वाभाविक मान्नु पर्दछ ।

जेहोस् यस प्रकारको अनियमितता र भ्रष्ट आचरणको खिलाफमा सरकारको अठोट र दृढता हर क्षेत्रमा आवश्यक छ । श्री ५ को सरकारकै विभिन्न अङ्ग प्रत्यङ्गमा व्याप्त भ्रष्ट आचारको निरूपण आवश्यक भएको छ । सत्ता, शक्ति र साधनको दुरुपयोग नियन्त्रण गर्न सरकारमा इच्छा शक्ति र दृढता आवश्यक छ । तर पदले प्रतिष्ठा खोज्नेहरूको भीड भरिएको सरकारबाट त्यस्तो अपेक्षा गर्न सकिने स्थिति नै अहिले भएन ।

# व्यसन : दुर्व्यसन

१४ असार २०५३

हिजोआज लागू पदार्थको दुर्व्यसनविरुद्ध जनचेतना जगाउन दिवस मनाउने, जुलुस प्रदर्शन गर्ने, गोष्ठी प्रवचन आदि गर्ने गराउने चलन चल्दै आएको छ । लागू पदार्थ भन्नाले जुन चीज सेवन गर्दा नशा लाग्दछ अर्थात् मानिस लठ्ठिन्छ सुस्त हुन्छ, अथवा कुनै कुराको चासो चिन्ताले सताइँदैन वा पीडाको अनुभूति हुँदैन त्यो चीज भन्ने बुझिन्छ । जाँड, रक्सी, गाँजा, चरेस, भाङ, धतुरो, अफिम आदि हामी कहाँ पहिलेदेखि चलेका लागू पदार्थ हुन् । हिजोआज बाह्य दुनियाँसँग सम्पर्क बढ्यो । यातायातका साधनहरूको विकासले बाहिरका मानिसहरूको आवत-जावत, बस-उठ हुन गयो । सञ्चारका, श्रव्य-दृश्यका उपकरणहरूको उपयोग भयो । यी सबलाई विकासको रूपमा ग्रहण गऱ्यौं । यिनका साथमा केही विकृतिहरू पनि आयातित भए । तिनै विकृतिसँग केही नयाँ लागू पदार्थहरू आए, साथै असामाजिक बानी-बेहोर पनि भित्रियो र त्यसलाई केही पुल्पुल्याइएका र केही अनावश्यक रूपमा प्रताडित भएर निरासिएकाहरूले अनुकरण गरे । त्यस्ता आयातित लागू पदार्थमा हिरोइन, ब्राउन सुगर, फेन्सिडिल इत्यादि पर्दछन् । यी चीजहरूको प्रयोगमा आकर्षित हुने र आदत पार्नेहरू बढेकाले अहिले यी चीजको प्रयोगलाई दुर्व्यसनको रूपमा हेरियो र अहिले सामाजिक समस्या बन्न गयो ।

सामान्यतः अहिले लागू पदार्थको दुर्व्यसन भनेर जो चर्चा गरिन्छ त्यो यिनै आयातित हिरोइन, ब्राउनसुगर इत्यादिको व्यसन हो । यी चीजहरूको व्यसन विकसित र धनी मुलुकहरूमा पहिले शुरु भयो र त्यहाँको सामाजिक जीवनमा त्यसले असर गऱ्यो । त्यहाँका सरकारहरूले ती चीजहरूको उपयोग, किनबेच आदि निषेध गरे । निषेधित भएपछि ती चीजको व्यापार भूमिगत भयो । समानान्तर अर्थतन्त्रको रूपमा विकसित हुन थाल्यो । अहिले यसले संसारलाई नै पिरोलेको छ ।

हुन त कुनै पनि चीज स्वयंमा न खराब हुन्छ, न त असल नै भन्न सकिन्छ । सदुपयोग भएमा त्यही चीज असल हुन्छ, दुरुपयोग भएमा त्यसले हानि गर्छ, बेठीक हुन्छ । जाँड-रक्सी पनि लागू पदार्थ हुन् । तिनका आदतीहरूले सामाजिक जीवनलाई असर गरिरहेका छन् । तिनले हाम्रो सामाजिक जीवनमा गरेको असरलाई उपेक्षा



गरिरहेका छौं । चारित्रिक ह्रास, नैतिक पतन र भ्रष्टाचार एवं आपराधिक दुष्कृतिहरू जो भएका छन् ती धेरैजसो जाँड र रक्सीकै कारण हुने गरेका छन् भन्दा पनि हुन्छ, तर जाँड-रक्सीको प्रयोग शिष्टाचार र सभ्यता बन्न गएको छ ।

वस्तुतः व्यसन भन्नु नै खराब हो । जाँड, रक्सी, गाँजा, चरेस, हिरोइन मात्र लागू पदार्थ होइनन् । ती पनि राम्रो प्रयोजनको निमित्त सिर्जिएका होलान् । मानिसले तिनको दुरुपयोग गऱ्यो । विषसँगै निर्विष पनि प्रकृतिले सिर्जेको छ । उचित मात्रामा विषको प्रयोग पनि कहिले अमृत हुन सक्छ भने कहिले मात्रा बिराउँदा अमृत पनि विष हुन जान्छ । सत्ता, शक्ति, धन, मान आदिको मात्रा र त्यसको दुरुपयोगजन्य विकृतिले पनि समाज पीडित छ । लागू पदार्थको प्रयोगले मानिसमा प्रमाद ल्याउँछ, सत्ता, शक्ति, धन, मान आदिले पनि मानिसमा एक प्रकारको प्रमाद विकसित भइरहेको छ । त्यसैले व्यसन भनौं या दुर्व्यसन लागू पदार्थको नशा जस्तै खराब हो । यसले गर्दा मानिस आफैंप्रति पनि इमानदार हुनसकेको छैन । अतएव हामी भन्छौं हर प्रकारको व्यसन दुर्व्यसन हो र त्यसलाई हटाउन व्यापक प्रयास आवश्यक छ ।

# गरीबी निवारणको नमुना परियोजना

१७ असार २०५३

गरीबी दक्षिण एशियाकै पुरानो रोग हो । गरीबीमा मानवीय मूल्य र मर्यादाको स्थिति पनि बन्दैन । गरीबी एउटा रोग हो जसले पिंढी दरपिंढी पिरेको हुन्छ । हामी नेपालीहरू गरीबीको पुस्तैनी रोगले ग्रसित छौं ।

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) राष्ट्रहरूको सन् २००२ सम्ममा गरीबी निवारणका उद्देश्यले नेपाल, बङ्गलादेश, भारत, माल्दिभ्स, पाकिस्तान र श्रीलङ्काका १-१ जिल्लामा नमुना परियोजना लागू गरिएको जानकारी सार्क सचिवालयमा आयोजित पत्रकार सम्मेलनमा अस्ति दिइयो ।

सहभागितामूलक योजना पद्धतिको माध्यमबाट गरीबहरूको प्राथमिक आवश्यकता अनुरूप सबै क्षेत्रको समन्वयबाट गरीबी निवारण कार्यक्रम अगाडि बढाइने कुरा बताइएको छ । समाजले तल्लो निकायको सङ्घ-संस्थाहरू र लक्षित समूहलाई संलग्न गराई सञ्चालन गरिने तथा राष्ट्राध्यक्ष एवं सरकार प्रमुखहरूले गरीबी निवारण निम्ति वचनबद्धता व्यक्त गरिएको हुँदा परियोजना सफल हुने आशा गरिएको छ ।

नेपालमा यो परियोजना मकवानपुरमा लागू गरिन लागेको छ । यु.एन.डी.पी., इस्क्याप जस्ता सङ्गठनले नमुनाको रूपमा शताब्दीयौँदेखि जरो गाडेर बसेको गरीबीको निवारण निम्ति लागू गरिने भएको गरीबी निवारण परियोजना सबैको चाखको विषय हो । प्रयासको हामी स्वागत गर्दछौं ।

तर, वस्तुतः गरीबी निवारण सजिलो कुरा होइन । पैसा बाँडेर मानिसको गरीबी हट्ने होइन । विभिन्न जात-जाति र वर्गमा विभक्त समाजमा मानिसको स्रोत, साधन, सीपअनुसारको रोजगारी विकसित गर्ने र तिनको उत्पादनको बजारमा पहुँच र खपतको निश्चितता गरीबी निवारणको दिशामा सोचिनु पर्ने प्राथमिकताको कुरा हो । कृषिप्रधान देशका किसानहरू नै गरीब छन् र उनीहरूमा अझै खेतीपातीलाई व्यावसायिक ढङ्गले